सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ कात्तिक २०८०, मंगलबार (31 Oct 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १९४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सगरमाथा क्षेत्रबाट विश्व समुदायलाई राष्ट्रसंघका महासचिव गुटेरेसको आह्वान

'हिउँ बचाऔं, नभए संसारले पखिँदैन'



सोमबार बिहान सोलुखुम्बुको पासाङल्हामु गाउँपालिका-४ का स्थानीयसँग छलफलपछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस । तस्बिर : रासस

विश्वलाई सन्देश दिन नेपालमा छु। जलवायु परिवर्तनका सन्दर्भमा दुई चरणको खतरनाक अध्यायबाट दुःखद घटना हुन लागेको छ। पहिलो चरण हिमनदी र बरफ पग्लने कथा हो। उल्लेख्य तापमान भनेको उल्लेख्य ग्लेसियर पग्लनु हो। नेपालले ३० वर्षको अवधिमा झन्डै एकतिहाइ बरफ (हिउँ) गुमाएको छ। अन्टार्कटिका र ग्रिनल्यान्डले हरेक वर्ष अर्बौं टन बरफ गुमाइरहेका छन्। बरफहरू पग्लिनुको अर्थ सुगन्धित तालहरू र नदीहरूमा बाढी आउनु, सम्पूर्ण समुदायलाई बगाउनु हो। विश्वभर तटीय समुदायलाई खतरामा पार्ने गरी तीव्र रूपमा समुद्र बढेर गएका छन्। संकटले गति लिइरहेको छ। यसको मतलब यो त्रासदीको दोस्रो चरण अझ ठूलो हुन्छ- हिमनदीहरू पूर्ण रूपमा हराउनेछन्। हिमतालहरू बरफका जलाशय हुन्। यहाँ हिमालयमा रहेका जलाशयले एक अर्बभन्दा बढी मानिसलाई ताजा पानी आपूर्ति गर्छन्। जब तिनीहरू संकुचित हुन्छन्, त्यसरी नै नदीहरू बग्दछन्। भविष्यमा सिन्धु, गंगा र ब्रह्मपुत्रजस्ता प्रमुख हिमाली नदीको बहावमा ठूलो मात्रामा कमी आउन सक्छ। तल्लो तटीय देश र समुदायहरू सदाका लागि मेटाइँदै छ। पानी र जमिनका लागि लाखौं मानिस भयंकर प्रतिस्पर्धाको चालमा छन्। र, विश्वव्यापी रूपमा बाढी, खडेरी र पहिरोको गति बढ्दै गएको छ। म आज संसारको छानाबाट कराउन यहाँ आएको छु। पागलपन रोक्नुहोस्। हामीले जीवाश्म इन्धन युगको अन्त्य गर्नुपर्छ। हामीले अग्रपंक्तिमा रहेका मानिसलाई जोगाउन अब प्रयास गर्नुपर्छ। सबैभन्दा खराब जलवायु परिवर्तनको अराजकताबाट बच्न विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्रीमा सीमित गर्न प्रयास गरिहाल्नुपर्छ। संसारले पर्खन सक्दैन।

- महासचिव गुटेरेस पोखरामा, आज अन्नपूर्ण आधार शिविर जाँदै
- आजै लुम्बिनीबाट विश्वशान्तिको सन्देश दिने, प्रधानमन्त्रीले स्वागत गर्ने
- काठमाडौं फर्किएर आजै संघीय संसद्को संयुक्त सभालाई सम्बोधन गर्ने

काठमाडौंमा **पर्शुराम काफ्ले**, भैरहवामा **दीपेश पछाई**, पोखरामा **रोहितराज पराजुली**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले विश्वको शिखर सगरमाथा क्षेत्रबाट जलवायु परिवर्तनको भयावह असरबारे विश्व समुदायको ध्यानाकर्षण गराएका छन्। नेपालको चारदिने औपचारिक भ्रमणमा आइतबार काठमाडौं आएका महासचिव गुटेरेसले हिमनदी पूर्ण रूपमा हराउने खतराबाट विश्वलाई जोगाउन नसकिए संसारले नपर्खिने र भयावह स्थितिको सामना गर्नुपर्नेतर्फ विश्व समुदायलाई सचेत गराएका हुन्। सगरमाथा क्षेत्रबाट सन्देश जारी गर्ने उनी पहिलो संयुक्त राष्ट्रसंघीय महासचिव हुन्।

आइतबार विश्वशान्तिका लागि आह्वान गरेका महासचिव गुटेरेसले सोमबार हिमाल, हिउँ र हिमनदी बचाउन जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने प्रतिबद्धता कार्यान्वयन गर्न विश्व समुदायमा आह्वान गरेका हुन्। 'विश्वलाई

» पृष्ठ ११ मा क्रमशः

महासचिवको सन्देशले नेपाललाई थप बल मिलेको छ



● मञ्जित ढकाल, **जलवायु परिवर्तन न्यूनीकरण विज्ञ**

आसन्न कोप-२८ का वेला उहाँले बढी कार्बन उत्सर्जन गर्ने शक्तिराष्ट्रलाई 'कार्बन घटाऊ, हिउँ बचाऔं' भन्नुभएको छ। जलवायु परिवर्तन न्यूनीकरणका सवालमा अतिकम विकसित राष्ट्रको समन्वय समितिको नेतृत्व गरिरहेको देश नेपालमा आएर संयुक्त राष्ट्रसंघका महासचिवले जुन सन्देश दिनुभएको छ, यसले हामीलाई अझ बल मिलेको छ। जलवायु परिवर्तनको सबैभन्दा बढी असर हिमाली क्षेत्रमा परेको छ। उच्च तापक्रम वृद्धि भएर हिउँ पग्लिँदा नेपालमा बाढीपहिरोका घटना बढेका छन्। यसले कृषिमा ठूलो असर पारेको छ। विश्वका १० अग्लामध्ये आठ हिमाल नेपालमा छन्। जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा बढी परेको अध्ययनहरूले पनि देखाइसकेको छ। अन्तर्राष्ट्रियस्तरमा जलवायु परिवर्तन न्यूनीकरणका नीति बनाउनेमा हामी अगाडि छौं। कार्बन उत्सर्जन नगन्य भए पनि विद्युतीय गाडीलाई प्रवर्द्धन गरिरहेका छौं। सन् २०४५ मा नेट जिरोमा जाने प्रतिबद्धता जनाइसकेका छौं।

राष्ट्रिय सभाको विधायन समितिबाट मर्यादाक्रमसम्बन्धी विधेयक पारित

विपक्षी दलका नेताको बढुवा, सेनापति, आइजिपी र काठमाडौंका मेयरको घटुवा

- **मर्यादाक्रममा पहिलोपटक समेटिए शिक्षक**
- **विद्यमान मर्यादाक्रममा आठौं वरीयतामा रहेका प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेतालाई सातौं नम्बरमा ल्याइयो**
- **एउटै वरीयता नम्बर नवौंमा राखिए पनि मुख्यमन्त्री संघीय सरकारका मन्त्रीभन्दा पछाडि**
- **प्रदेश सभाका सभामुख पनि नवौंबाट १०औं नम्बरको वरीयतामा झारिए**
- **नवौं स्थानमै रहेका सर्वोच्च अदालतका न्यायाधीश ११औं नम्बरमा ल्याइए**
- **१०औं वरीयताका मुख्यसचिव र १२औंका संसद्का महासचिव तथा सर्वोच्चका मुख्य रजिस्ट्रार १३औं स्थानमा झारिए**
- **प्रधानसेनापति तीन स्थान खस्किँदै १३औं वरीयतामा, दुवै प्रहरीका आइजिपी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख १६औं वरीयतामा**
- **विद्यमान मर्यादाक्रममा १०औं वरीयतामा रहेका काठमाडौं महानगरका मेयर १७औं नम्बरमा धकेलिए, अब सबै महानगरका मेयरको समान वरीयता**

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले विशिष्ट (भिआइपी) र अतिविशिष्ट व्यक्ति (भिभिआइपी)को मर्यादाक्रममा हेरफेर गरेको छ। गत ३ चैतमा राष्ट्रिय सभामा दर्ता भएको 'राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथि दफावार छलफल गरी समितिले सोमबार पारित गरेको हो।

समितिले अब विधेयकलाई राष्ट्रिय सभामा प्रस्तुत गर्नेछ। राष्ट्रिय सभाले पारित गरेपछि प्रतिनिधिसभामा पठाइनेछ। प्रतिनिधिसभाले पारित गरेपछि ऐनका रूपमा नयाँ मर्यादाक्रम लागू

» पृष्ठ ११ मा क्रमशः



■ यस्तो छ विधायन समितिले पारित गरेको मर्यादाक्रम

१. राष्ट्रपति
२. उपराष्ट्रपति
३. प्रधानमन्त्री
४. प्रधानन्यायाधीश
५. सभामुख, राष्ट्रिय सभा अध्यक्ष
६. पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष, पूर्वप्रधानन्यायाधीश
७. संविधानसभा अध्यक्ष, पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्ष, प्रतिनिधिसभामा विपक्षी दलका नेता
८. उपप्रधानमन्त्री, प्रदेश प्रमुख
९. संघीय मन्त्री, मुख्यमन्त्री, उपसभामुख, राष्ट्रिय सभा उपाध्यक्ष, राष्ट्रिय सभा सत्तापक्ष दलको नेता, राष्ट्रिय सभा विपक्षी दलका नेता, सत्तापक्ष संसदीय दलका उपनेता, विपक्षी संसदीय दलका उपनेता, प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने अन्य दलका नेता, राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने अन्य दलका नेता, पूर्वउपप्रधानमन्त्री, पूर्वप्रदेश प्रमुख, संविधानसभा उपाध्यक्ष, पूर्वउपसभामुख, राष्ट्रिय सभाका पूर्वउपाध्यक्ष
१०. संघीय संसद्का विषयगत समितिका सभापति, प्रतिनिधिसभाका मुख्य सचेतक, राष्ट्रिय सभाका मुख्य सचेतक, प्रतिनिधिसभाका विपक्षी दलका प्रमुख सचेतक, राष्ट्रिय सभामा विपक्षी दलका प्रमुख सचेतक, प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने अन्य दलका प्रमुख सचेतक, प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलका सचेतक, प्रदेश सभाका सभामुख
११. संघीय राज्यमन्त्री, सर्वोच्चका न्यायाधीश, संघीय सहायक मन्त्री, संघीय सांसद, न्यायपरिषद् सदस्य, संवैधानिक निकायका प्रमुख, नेपाल रत्न पाउने महानुभाव, महान्यायाधिवक्ता, संवैधानिक निकायका सदस्य, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, संघीय पूर्वमन्त्री, पूर्वमुख्यमन्त्री, संघीय संसद्का पूर्वपदाधिकारी (नेता, सभापति, सचेतक)
१२. उच्च अदालतका मुख्य न्यायाधीश,

» पृष्ठ ११ मा क्रमशः

धेरै छलफल गरेर मर्यादाक्रम संशोधन गरेका हौं



जयन्ती राई, सभापति
विधायन व्यवस्थापन समिति

समितिले दफावार छलफल गरेर विधेयक टुंग्याएको छ। राष्ट्रिय राजनीतिमा गरिने निर्णयमा विपक्षी दलको नेताको भूमिका ठूलो हुने र प्रायः पूर्वप्रधानमन्त्रीहरू नै हुने भएकाले मर्यादाक्रममा माथि ल्याएका छौं। त्यस्तै, काठमाडौंका मेयरलाई मात्र किन विशेष व्यवहार भन्ने प्रश्न उठेकाले सबैको स्टाटस एउटै हो भन्ने निष्कर्षमा पुगेका हौं। संघ र प्रदेशको स्टाटस नै अलग छ। त्यसैले हरेक हिसाबले संघको मन्त्री माथि नै हुन्छ, मुख्यमन्त्री तल नै हुन्छ। मर्यादाक्रममा हामीले पहिलोपटक शिक्षकहरूलाई समेटेका छौं। अहिले पालिकाका उपाध्यक्षभन्दा माथि राखेका छौं। तल राख्यो भनेर तुलना गर्न मिल्दैन। धेरै छलफल गरेर विधेयक टुंगो लगाएका हौं। नमिलेका कुरा वर्षौंदेखि थियो, मिलाएर संविधानको स्पिरिटमा ल्याएका छौं। पहिला पनि विरोध भएकै हो। आवश्यक ठानेमा दुवै सदनले संशोधन गर्ने बाटो पनि खुलै छ।

■ सशस्त्रले आजदेखि सीमास्तम्भ मर्मत थाल्ने



करिब तीन हजार सीमास्तम्भ मर्मत तथा रङरोगन गरिने
(विस्तृत पृष्ठ ३ मा)

कर्नर किक

● रवि मिश्र



क्षेत्राधिकार बढाइएपछि उच्च अदालतमा बढ्यो रिट संख्या

बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत उपयुक्त आदेश जारी गर्ने क्षेत्राधिकार छ उच्च अदालतलाई

शिल्पा कर्ण/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाको अनामनगरस्थित भद्रकुमारी घले सेवा सदन भत्काउन लागेपछि सञ्चालक अदालत पुगे। सार्वजनिक जग्गा मिचेर भवन बनाइएको भन्दै महानगरले नगर प्रहरीसहित डोजर लिएर केही भाग भत्काएको थियो। यसविरुद्ध उच्च अदालत पाटनमा ३ साउनमा भद्रकुमारी घलेले रिट दर्ता गराएकी थिइन्।

यसैगरी फोहोरमैलाको विषयमा उच्च अदालत पोखरामा यसै वर्ष साउन तेस्रो साता रिट पऱ्यो। पोखरा महानगरपालिकाले फोहोर विसर्जन गर्ने स्थल लामेआहालका स्थानीयले २१ साउनमा रिट दर्ता गराएका थिए।

» पृष्ठ ११ मा क्रमशः





■ वरिष्ठ अधिवक्ता **खगेन्द्र अधिकारी** भन्छन्- उच्चमा न्यायाधीश धेरै छन्, त्यसैले मुद्दा छिटो टुंगिन्छ

उच्च र सर्वोच्चको अधिकार क्षेत्र अहिले उस्तै छ। तर, उच्चमा रिट बढ्दै गएका छन्। नयाँ न्याय प्रशासन ऐन आएदेखि उच्चको क्षेत्राधिकार पर्ने विषयमा उपत्यकाबाहिरका उच्चमा नै रिट हाल्छन्। उच्च अदालतमा छिटो मुद्दा फर्स्योट हुन्छ, किनभने न्यायाधीश संख्या नै बढी छ, इजलास बढी हुन्छ। सर्वोच्चबाट बन्दीबाहेकका रिटहरू टुंगिन तीन-चार वर्ष लाग्छ, उच्चमा वर्षदिनभित्रै किनारा भइसक्छ।

■ सर्वोच्चको वार्षिक प्रतिवेदनअनुसार रिटको विवरण

■ उच्च अदालत

वर्ष	जम्मा रिट	नयाँ दर्ता रिट
०७४/७५	५,८९७	४,२१५
०७५/७६	६,७००	४,७५६
०७६/७७	५,२५९	३,५१८
०७७/७८	६,०२२	४,२५८
०७८/७९	८,३१५	५,३४१

■ सर्वोच्च अदालत

वर्ष	जम्मा रिट	नयाँ दर्ता रिट
०७४/७५	४,६२४	१,१७८
०७५/७६	४,५१२	१,७०३
०७६/७७	४,६७९	१,५५९
०७७/७८	५,१९०	१,७२६
०७८/७९	६,२९६	२०३३

■ जिल्ला अदालत
(बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञा)

वर्ष	जम्मा रिट	नयाँ दर्ता रिट
०७४/७५	२,०१०	१,४५२
०७५/७६	२,२२२	१,४७८
०७६/७७	१,४९०	७९६
०७७/७८	१,६३५	९९५
०७८/७९	२,०३८	१,१३८



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विभागीय प्रमुखहरूमाथि महानगरको कडाइ, सबैको कार्यकक्षमा सिसिटिभी जडान

निरन्तर निगरानीले गोप्यता भंग हुने भन्दै केही विभागीय प्रमुख रुष्ट



● **नवीन मानन्धर,** प्रवक्ता, काठमाडौं महानगर

सिसिटिभी जडानपछि विभागीय प्रमुखहरू समयमै कार्यालय पुग्न थालेका छन् भने कार्यालय समय अवधिभर कार्यकक्षमै हुने गरेका छन् । सिसिटिभी जडानपछि कार्यसम्पादन र निगरानीमा सहज भएको छ, कहीं जानुपरे विभागीय प्रमुख नियमअनुसार जानुहुन्छ । यसअघि धेरै ठाउँमा कार्यालय छरिएकाले मनिटरिङ गर्न सम्भव थिएन ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

कमलादीस्थित काठमाडौं प्लाजामा कार्यालय सरेको काठमाडौं महानगरपालिकाले पारदर्शी र चुस्त सेवा प्रवाहका लागि सबै कर्मचारी र विभागीय प्रमुखको कार्यकक्षमा सिसिटिभी जडान गरेको छ । एउटै भवनमा अटाएको महानगरका सबै विभाग, शाखा, महाशाखाका सेवा सिसिटिभी जडानसँगै सेवा चुस्त देखिन थालेको छ ।

महानगरले नेपाल ट्रस्टको भवन १० वर्षका लागि भाडामा लिएर कार्यालय सारेको हो । नयाँ कार्यालय स्थापनासँगै मेयर बालेन्द्र साहले प्रत्यक्ष निगरानी गर्न सक्ने गरी सिसिटिभी जडान गरिएको हो । कार्यालयका १४ वटै विभागीय प्रमुख र सबैजसो कर्मचारीको कार्यकक्षमा सिसिटिभी जडान गरिएको छ । यसअघि सुन्धाराको बागदरबार र जेडी कम्प्लेकसलगायत ११ ठाउँमा महानगरका विभाग छरिएका थिए । कार्यालय छरिँदा निगरानी र कार्यसम्पादनमा एकरुपता थिएन । महानगरको कार्यालय तीन महिनाअघि (साउन) मा काठमाडौं प्लाजामा सरेको थियो ।

सिसिटिभी जडानपछि विभागीय प्रमुख समयमै कार्यालय पुग्न थालेका छन् भने कार्यालय समय अवधिभर कार्यकक्षमै हुने गरेका छन् । 'सिसिटिभी जडानपछि कार्यसम्पादन र निगरानीमा सहजता भएको छ, कहीं जानुपरे विभागीय प्रमुख नियमअनुसार जानुहुन्छ,' महानगरका प्रवक्ता नवीन मानन्धरले भने, 'यसअघि धेरै ठाउँमा कार्यालय छरिएकाले मनिटरिङ गर्न सम्भव थिएन ।' महानगरका सबै विभागमा एक महिनाअघि सिसिटिभी जडान गरेको हो । यसपछि सेवा प्रवाह छिटो र छरितो भएको प्रवक्ता मानन्धरको दाबी छ । मेयर, उपमेयर र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा भने सिसिटिभी जडान गरिएको छैन । साथै, मिटिङ तथा बैठक हलहरूमा पनि सिसिटिभी छैन ।



मेयर र उपमेयर पनि काठमाडौं प्लाजामा

यसअघि सुन्धारास्थित कार्यालय छाडेपछि राष्ट्रिय सभागृहमा बस्दै आएका मेयर साह र उपमेयर सुनिता डंगोल काठमाडौं प्लाजामा सरेका छन् । कार्यकक्ष तयार भएपछि दुई साताअघि मेयर र उपमेयर काठमाडौं प्लाजामा सरेका हुन् । यस्तै, प्रमुख प्रशासकीय अधिकृत पनि प्लाजामा सरिसकेका छन् । हाल टेकु र सुन्धारास्थित बागदरबारमा नगर प्रहरी बस्दै आइरहेका छन् भने काठमाडौं प्लाजाभित्र नगर प्रहरीको विभाग पनि राखिएको छ । काठमाडौं प्लाजासँग महानगरले मासिक ६० लाख ५० हजार रुपैयाँ भाडा तिर्ने गरी १० वर्षको सम्झौता गरेको थियो । ०७२ सालको भूकम्पपछि महानगरको प्रशासनिक सेवा सुन्धारास्थित जेडिए कम्प्लेक्सबाट सञ्चालन भइरहेको थियो । कम्प्लेक्सलाई महानगरले मासिक १८ लाख रुपैयाँ भाडा तिर्दै आएको थियो । तर, गत असारदेखि सम्झौता म्याद सकिएपछि महानगरले उक्त ठाउँ छाडेको हो ।

■ केही विभागीय प्रमुखद्वारा विरोध

कार्यकक्षमा सिसिटिभी जडान भएपछि कतिपय विभागीय प्रमुख सचेत एवं त्रसित बनेको एक कर्मचारीले बताए । समयमै कार्यालय पुग्नुपर्ने, कार्यकक्षमा फाल्तु बस्न नपाइने, कार्यालयसँग सम्बन्धितभन्दा अन्य कार्य गर्न नपाइने, कार्यकक्षका हरेक कुरा सिसिटिभीमा रेकर्ड हुने हुन उनीहरू त्रसित बनेका उनको भनाइ छ । कार्यकक्षमा कतिपय अवस्थामा व्यक्तिगत कुराकानी पनि हुने भएकाले सिसिटिभी राख्नु उचित नहुने भन्दै उनीहरूले विरोध गरेका छन् । यद्यपि, उनीहरूले यो विषय औपचारिक रूपमा व्यक्त भने गर्न सकेका छैनन् । 'कार्यसम्पादनमा समस्या भए निर्देशन र कारबाहीको अधिकार छँदैछ, तर सिसिटिभी जडान गर्दा अप्ठ्यारो लागेको छ । यतिका वर्ष काम गर्दा हामीले सिसिटिभी नभए पनि राम्रै गरेको हो,' एक विभागीय प्रमुखले भने, 'कहिलेकाहीं कार्यालयको कामले गर्दा खाना पनि कार्यकक्षमै बसेर खाइन्छ, अब खाना खाएको रेकर्ड पनि सिसिटिभीमा रहने भयो, कहिलेकाहीं आफन्त वा साथीभाइ कार्यकक्षमा आउलान् कुराकानी गर्नुपर्ला, सबै कुरा सिसिक्यामेरामा रेकर्ड हुन आवश्यक हुन्न ।' विभागीय प्रमुखहरूले खाजा खान वा आराम गर्न छुट्टै कोठाको माग गरेका छन् । सबै काम सिसिटिभीमै रेकर्ड हुने भएकाले विभागीय प्रमुखहरू मेयर साहको यो कमदप्रति रुष्ट बनेका हुन् ।

तर, कार्यसम्पादन र मनिटरिङको हिसाबले भने यो काम प्रभावकारी हुने एक विभागीय प्रमुखको भनाइ छ । 'मेयरसा पले हामीलाई नराम्रो व्यवहार त गर्नुभएको छैन, हरेक काममा सकारात्मक सहयोग गर्नुभएको छ,' ती विभागीय प्रमुखले भने, 'सबै विभागीय प्रमुख काममा जिम्मेवारी नहुन सक्छन् त्यसैले पनि सिसिटिभी जडान गरिएको हुन सक्छ ।' नयाँ भवनमा कार्यालय सरेपछि मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, विभागीय प्रमुखलगायत सबै एकै स्थानमा भेटिने भएकाले सेवा सहज भएको छ । 'यसअघि एउटा विभाग एकातिर अर्को विभाग अर्कातिर थियो, तोक लगाउन महिनादिनसम्म पनि लाग्ने गर्थ्यो, तर अहिले निकै सहज भएको छ,' महानगरका प्रवक्ता मानन्धरले भने, 'कुनै पनि फाइल कतै अड्किएको छैन, नत कुनै राजनीतिक दबाब नै आएको छ ।'

संक्षेपमा उपत्यका

मध्यपुरठिमी : मध्यपुरठिमी- ३ कौशलटारस्थित इन्द्रबहादुर श्रेष्ठको ठहरामा जुवातास खेलिरहेका सिन्धुली गोलन्जोर गाउँपालिकाका ५६ वर्षीय कुमार बरालसहित १५ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई एक लाख चार हजार ६ सय ५० रुपैयाँ र १४ बुक तासहित आइतबार साँझ पक्राउ गरेको हो ।

गोदावरी : गोदावरी- ४ बडीखेल धनेश्वर मन्दिरनजिक बस्ने रामप्रकाश घिमिरेको ठहरोमा कोही पनि नभएको अवस्थामा ढोकाको ताल्चा फोडेर विभिन्न सुनका गरगहना र नगदसमेत गरी करिब तीन लाख आठ हजार रुपैयाँबराबरको धनमाल आइतबार दिउँसो चोरी भएको छ । चोरीमा संलग्न व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

सिंहदरबार : दसैँअघिदेखि नै रोकिएको रत्नपार्क-सूर्यविनायक द्रुत बस सेवा तिहारपछि पुनः सञ्चालनमा आउने भएको छ । सेवा सञ्चालनका क्रममा प्राविधिक र व्यवस्थापकीय पक्षमा देखिएका समस्याको हल गर्दै तिहार बिदा सकिएलगत्तै पुनः सञ्चालनमा ल्याउन लागिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । यसै वर्षको संविधान दिवसदेखि सञ्चालनमा आएको रत्नपार्क-सूर्यविनायक द्रुत बस सेवा हाल रोकिएको छ । दसैँदेखि तिहारसम्म राजधानीका सडकमा जाम नहुने र यही वेला प्राविधिक र व्यवस्थापकीय समस्या सुल्झाउन द्रुत बस सेवा रोकिएको भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले बताए । उनले भने, 'तिहारको बिदा सकिएकै दिनदेखि पूर्ण क्षमतामा द्रुत बस सञ्चालन हुनेछ ।' द्रुत बस सेवा रोकिएको नभएर अहिले २५ वटा मात्र सञ्चालन रहेकामा त्यो संख्या बढाएर लैजाने गरी तयारी थालिएको मन्त्री ज्वालाको भनाइ छ । ३ असोजदेखि द्रुत बस नमुना परियोजनाका रूपमा सेवा सुरु गरिएकोमा अब भने पूर्ण रूपमा सञ्चालन गर्ने मन्त्रालयको तयारी छ ।

Ratnanagar Municipality
Office of Municipal Executive
Ratnanagar, Chitwan, Nepal

Notice for Invitation of Bid

First Date of publication: 2080-07-14 (31st Oct, 2023)

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Supply and installation of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

S N	Name of Project	IFB No:	Estimated Amount in NRs (Without VAT & PS)	Bid security amount in NRs.	Bid Document fee amount in NRs.	Remarks
1	Providing and laying Bituminous concrete/ Asphalt concrete at various location of ward no. 11 and 12 of Ratnanagar Municipality.	RAT/ CHITWAN/ works/NCB/ 09/2080-81	6518985.72	214000	3,000.00	

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website of Ratnanagar official website (http://www.Ratnanagarmun.gov.np). The Last date of submission of bid is 30th Nov 2023 (2080-08-14) till 12:00 noon time.

Chief Administrative Officer

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, नेपालगन्जको

ई-बिडिङ्ग बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

आ.व. २०८०/८१

सूचना प्रकाशित मिति : २०८०/७/१४

यस शाखा कार्यालयको मिति २०८०/६/१ गतेको राष्ट्रिय पत्रिका "हिमालय टाइम्स" मा प्रकाशित सूचनाबमोजिम तपसिलका कार्यको लागि दर्ता हुन आएका इ-बिडिङ्ग बोलपत्रहरूमध्ये मिति २०८०/७/१३ गते बोलपत्रको मूल्याङ्कन सर्मितिबाट परीक्षण एवम् मूल्याङ्कन गरी सिफारिस भएबमोजिम मिति सार्वजनिक खरिद ऐन २०६३ दफा २५ को उपदफा ७ अनुसार न्युनतम रूपमा मूल्याङ्कित सारभूत प्रभावग्राही तर्पासलका इ-बिडिङ्ग बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (१) अनुसार स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र. सं.	बोलपत्रदाताको नाम	ठेक्का नं.	कामको विवरण	बोलपत्र कबोल रकम भ्याट तथा प्रोभिजनलसम सहित	कैफियत
1	M/S Siddhi Binayak Steels Pvt. Ltd. Ramgram-15 Nawalparasi	NWSC/NPJ/ 01/G.I. Pipe/080/081	Supply and delivery of Galvanised (G.I.) pipe medium class & socket/fittings Nepalgunj Branch Office	38,21,747.35	

कार्यालय प्रमुख

Government of Nepal
Ministry of Health and Population
National Academy of Medical Sciences

Bir Hospital
Mahabouddha, Kathmandu

Invitation of Bid

Date of Publication : 31 October, 2023 (2080/07/14 B.S.)

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   - **a. Name of Bank** : Rastriya Banijya Bank, Teku, Kathmandu
   - **b. Name of Office** : National Academy of Medical Sciences, Bir Hospital
   - **c. Office Code No.** : 370613501
   - **d. Office Account No** : 1000100200010000
   - **e. Rajaswa Shirshak no** : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceurement Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

Bid ID No.	Requirement	Opening Date	Bid Document Fee	Bid Security
NAMS/NCB/80/81/02	Supply & Delivery of Medical Surgical Goods – PKG 1	2080-08-14; 14:00	3,000.00	Rs.5,45,000/-
NAMS/NCB/80/81/03	Supply & Delivery of Medical Surgical Goods – PKG 2	2080-08-14; 14:00	3,000.00	Rs.2,50,000/-
NAMS/NCB/80/81/04	Supply & Delivery of Medical Surgical Goods – PKG 3	2080-08-14; 14:00	3,000.00	Rs.2,00,000/-
NAMS/NCB/80/81/05	Supply & Delivery of Hospital General Chemicals	2080-08-14; 14:00	3,000.00	Rs.2,55,000/-

Director

NIBL MUTUAL FUND
एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल सहभागिता फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० आश्विन मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० आश्विन मसान्त रकम (रु.)	२०८० भाद्र मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	१,२५७,०७६,७८०	१,१९३,०७९,३६६
२	बैंक मुद्दती निक्षेप	३५५,०००,०००	२९७,५००,०००
३	ऋणपत्र /बन्ड	१४५,५५५,४१८	१४५,५५५,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	१७३,९०२,८०१	१८५,३९६,५९५
	जम्मा	**१,४३१,४३४,४५५**	**१,८२१,५३१,३७५**
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	४६९,१४०,१९९	४७३,७०९,१०७
२	अन्य सम्पत्ति	१२,९६२,१५१	१५,४७५,१६९
	जम्मा	**४८२,१०२,३५०**	**४८५,१८४,२७६**
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	१९,४८७,३५१	३८,८३९,५८६
	जम्मा	**१५,४८७,३५१**	**३८,८३५,५८६**
	खुद सम्पत्ति (ग्रस)	**२,३५४,१४५,५५८**	**२,२७१,८७६,०६५**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	७,९३९,७३९	५,३७६,३८८
	कोष सुपरिवेक्षक शुल्क	६५७,०८२	४४४,९४२
	खुद सम्पत्ति	**२,३८५,५५३,१७७**	**२,२६६,०५४,७३५**
	जम्मा इकाई	२४५,४२३,०९९	२२६,२८७,१०३
	प्रति इकाई खुद मूल्य	**५.७२**	**१०.०१**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० आश्विन मसान्त रकम (रु.)	२०८० भाद्र मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	३२,२०३,२२२	१५,४९१,१८६
२	प्राप्त भइ नसकेको आम्दानी	(१४६,१६५,५०९)	(६०,०५३,४४७)
	जम्मा आम्दानी	**(१९३,९६२,२८७)**	**(४४,५६२,२६२)**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	१,३७५,९१६	१,३३७,०५५
२	योजना लेखापरीक्षण शुल्क	२८,७९२	१९,५०४
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	७,९३९,७३९	५,३७६,३८८
४	कोष सुपरिवेक्षक शुल्क	६५७,०८२	४४४,९४३
	जम्मा खर्च	**१०,००१,५२५**	**७,१७७,८५१**
	कुल आय/(व्यय)	**(१२३,९६३,८१६)**	**(५१,७४०,१५१)**

नोटः
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएकोछ ।
- योजनाको २०८० आश्विन मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.२,१५४,७०९,८७८ रहेको छ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

वाणिज्य बैंक समूह

सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
१	प्रभु बैंक लिमिटेड	१२०,०५०	१८,८३५,८४५
२	कुमारी बैंक लिमिटेड	६२,८८४	९,७९१,०३९
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१५,२३४,३४८
४	ग्लोबल आईएमई बैंक लिमिटेड	७५,८१८	१५,३१५,२३६
५	नबिल बैंक लिमिटेड	८७,२३५	४९,९०७,१४४
६	प्राईम कमर्सियल बैंक लिमिटेड	११०,८२३	१९,९४८,१४०
७	माछापुच्छे बैंक लिमिटेड	१०१,०१६	२०,९१०,३१२
८	एनआईसी एसिया बैंक लिमिटेड	१०६,४६९	५५,०६५,७६७
९	नेपाल बैंक लिमिटेड	८३,४६४	२०,६९९,०७२
१०	एन एम बि बैंक लिमिटेड	८६,८७९	१८,११४,२७२
११	हिमालयन बैंक लिमिटेड	२३,३९२	४,६९९,४५३
१२	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	७४,९४५	३८,६८६,६०९
१३	लक्ष्मी सनराईज बैंक लिमिटेड	६९,८९३	१२,६५०,६३३
१४	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	५०,०००	५,५००,०००

विकास बैंक समूह

१	मुक्तिनाथ विकास बैंक लिमिटेड	११०,८२८	४१,२६१,२६४
२	गरिमा विकास बैंक लिमिटेड	११३,२८७	४१,३४९,७५५
३	महालक्ष्मी विकास बैंक लिमिटेड	९०,२३८	२६,८९९,९४८
४	ज्योति विकास बैंक लिमिटेड	७८,९३४	२२,४०९,३६३
५	शाइन रेसुका डेभलप्मेन्ट बैंक लिमिटेड	१२६,०२७	४५,११७,६६६
६	कामना सेवा विकास बैंक लिमिटेड	१०४,१८७	३१,१३१,०७६
७	लुम्बिनी विकास बैंक लिमिटेड	१०६,२६६	३९,६३७,२१८

फाइनान्स समूह

१	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	५२,१९०	२३,८५०,८३०
२	गुडविल फाइनान्स लिमिटेड	४०,८४६	१६,८२८,५५२
३	मन्जुश्री फाइनान्स लिमिटेड	७१,०२५	३५,७२५,५७५
४	रिलायन्स फाइनान्स लिमिटेड	१३,०००	३,९६५,०००
५	सेन्टुल फाइनान्स कम्पनी लिमिटेड	२६,४३६	८,२४८,०३२

जलविद्युत समूह

१	चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड	३,५३२	१,६६७,१०४
२	सानिमा माई हाईड्रोपावर लिमिटेड	४,०१०	१,१४२,८५०
३	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१४,५८४	३,५४३,९१२
४	रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड	३१,६१८	८,०३०,९७२
५	अपी पावर कम्पनी लिमिटेड	४०,१३०	६,९१०,३८६
६	अरुण काबेली पावर लिमिटेड	७०,०५३	१२,४५५,४२३
७	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१४,५१५	११,१०३,९७५
८	साहस उर्जा लिमिटेड	५८,२८५	२४,४२१,४१५
९	रिडी पावर कम्पनी लिमिटेड	२५,०३५	४,७९४,२०३
१०	डाडी ग्रुप पावर लिमिटेड	१०,६७३	२,१३५,६६७
११	ब्रीस्टार हाईड्रोपावर लिमिटेड	६,९५९	२,२९६,४७०
१२	मिड सोलु हाईड्रोपावर लिमिटेड	८३५	२५४,७५९

जीवन बीमा समूह

१	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	२४,९१९	३२,८३८,२५८
२	नेशनल लाईफ इन्स्योरेन्स कं लिमिटेड	५४,४२६	२८,९००,२०६
३	एसियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	४९,५५९	३१,०७३,४९३
४	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	४२,८०१	२१,३१४,८९८
५	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	३२,२०८	१२,५२५,६९१
६	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	३७,२५२	१५,७५७,५९६

निर्जिवन बीमा समूह

१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	५८,०५२	४६,७८९,९१२
२	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	५१,४९४	२४,७२२,२६९
३	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	४३,९२०	३१,१८३,२००
४	आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	४०,८६४	१९,१६५,२१६
५	प्रभु इन्स्योरेन्स लिमिटेड	१५,७६२	१०,२७५,२४८
६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	२८,३७४	१९,९१८,५४८

लघुवित्त समूह

१	फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१	१,२०६
२	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	३९,९२०	३६,६०६,६४०
३	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१५,६०१	११,०७६,७१०
४	साधना लघुवित्त वित्तीय संस्था लिमिटेड	१	५७८
५	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड	१३७	११,८०९
६	फर्स्ट माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	३३,९१३	२१,३४४,८४२
७	मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	२,४३५	१,२४५,५०३
८	ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	५,५२५	२,६०८,३५३
९	नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड (संस्थापक)	४,२९८	२,४०६,८८०
१०	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (संस्थापक)	२५,११६	१५,०६९,६००

होटेल तथा पर्यटन समूह

१	सोल्टी होटेल लिमिटेड	५३,०३१	२०,८४१,१८३
२	तारागाउँ रिजेन्सी होटेल लिमिटेड	१५,०००	१०,८८०,०००

उत्पादन तथा प्रशोधन समूह

१	शिवम् सिमेन्ट्स लिमिटेड	५०,८४२	२५,५७३,५२६

सामुहिक लगानी कोष समूह

१	सिटिजन म्युचुअल फण्ड १	३६,७७७	३०३,४१०
२	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	५००,०००	३,८६५,०००
३	ग्लोबल आईएमई ब्यालन्स फण्ड - १	२५०,०००	२,०३७,५००
४	एनएनबि सुलभ इन्भेष्टमेन्ट फण्ड - २	५००,०००	४,३२०,०००
५	सानिमा ग्रोथ फण्ड	७५०,०००	५,८८७,५००
६	सनराइज फोकस्ड ईक्वीटी फण्ड	१,५००,०००	११,९१०,०००
७	प्रभु स्मार्ट फण्ड	१,०००,०००	७,५७०,०००
८	आरबिबि म्युचुअल फण्ड २	६५०,०००	४,९९८,५००
९	प्रभु सेलेक्ट फण्ड	३७,८५०	२९२,२०२
१०	नबिल इक्विटी फण्ड	१००	९७४
११	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३	३५०,०००	३,५००,०००
१२	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	९५०,०००	७,५७१,५००
१३	लक्ष्मी भ्याल्यु फण्ड २	७००,०००	५,३२७,०००
१४	सिद्धार्थ इनभेष्टमेन्ट ग्रोथ स्किम २	८६,६००	६८४,१४०
१५	सनराइज फर्स्ट म्युचुअल फण्ड	४५,४७०	४१३,७७७

लगानी समूह

१	एन.आर.एन इनफ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	२०,५४३	८,०५२,८५६
२	हाथवे इनभेष्टमेन्ट नेपाल लिमिटेड	५००	१४२,०००

अन्य

१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	४५,७६७	२८,३२९,७७३
	कुल		**१,२४७,०७६,७८०**

कोष प्रवर्द्धक: NIMB — नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड
केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाण्डौं ।
फोन नं : ४२२८२२१, फयाक्स नं : ४२२६४९९, ४२२९२७७
Email: info@nimb.com.np, Website: www.nimb.com.np

योजना व्यवस्थापक: NIMB ACE CAPITAL LIMITED — एनआइएमबि एस क्यापिटल लिमिटेड
पोष्ट.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४२८५२८०, फयाक्स: ४०५०८४
Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

■ सशस्त्र प्रहरीले आजदेखि सीमास्तम्भ मर्मत थाल्ने

करिब तीन हजार सीमास्तम्भ मर्मत तथा रङरोगन गरिने



● **एसएसपी राजेन्द्र खड्का**
प्रवक्ता, सशस्त्र प्रहरी बल

मंगलबारदेखि मधेश प्रदेशका जिल्लाबाट सीमास्तम्भको मर्मत सुरु हुन्छ। तिहारपछि अन्य जिल्लामा पनि मर्मत तथा पुनर्स्थापनाको काम गर्छौं।

नयाँ पत्रिका

नेपाल-भारतबीचका सीमास्तम्भको सशस्त्र प्रहरी बल नेपालले मंगलबारदेखि पुनर्स्थापन तथा मर्मत थाल्ने भएको छ। विगतमा नापी विभागमार्फत मर्मत हुँदै आएकामा सरकारले सशस्त्र प्रहरीलाई जिम्मेवारी दिएको हो।

बिजोर नम्बरका सीमास्तम्भ नेपाल र जोर नम्बरका सीमास्तम्भ भारतले मर्मत गर्ने समझदारी छ। भारतले आफ्नो भागमा परेका सीमास्तम्भ नियमित मर्मत गर्दै आए पनि नेपालले गर्नुपर्ने काम चार वर्षदेखि हुन सकेको छैन। सशस्त्र प्रहरीले करिब तीन हजार सीमास्तम्भ मर्मत तथा रङरोगन गर्नेछ।

मंगलबार मधेश प्रदेशका आठै जिल्लाबाट मर्मत सुरु हुने सशस्त्र प्रहरी बलका प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए। 'मंगलबारदेखि मधेश प्रदेशका जिल्लाबाट सीमास्तम्भको मर्मत सुरु हुन्छ,' उनले भने, 'तिहारपछि अन्य जिल्लामा पनि मर्मत तथा पुनर्स्थापनाको काम गर्छौं।' सीमास्तम्भको मर्मतसम्भार तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि नै बनाएर सरकारले सशस्त्र प्रहरीलाई यो जिम्मेवारी दिएको हो। सीमा सुरक्षाको डेडिकेटेड फोर्स रहेको सशस्त्र प्रहरीलाई ०७७ साउनमा सरकारले सीमास्तम्भको मर्मतसम्भार तथा पुनर्स्थापनाको जिम्मेवारी दिएको थियो। तर, यससम्बन्धी कार्यविधि नहुँदा काम सुरु हुन सकेको थिएन।

सन् २०१४ मा दुई देशबीच २०२२ सम्म सुस्ता र कालापानीबाहेक क्षेत्रको सीमा समस्या समाधानको काम सकिने समझदारी भएको थियो। तर, कोरानालगायत कारणले लक्ष्यअनुसार काम हुन सकेको छैन। साथै, सीमाका समस्या समाधानका लागि दुई देशबीच नापी विभागका महानिर्देशकको नेतृत्वमा रहेको सीमा कार्य समूहको बैठक पनि पाँच वर्षदेखि बस्न नसक्दा खोलाले बगाएका सीम स्तम्भ तथा विवादित ठाउँमा समस्या कायमै छन्। सीमा विवाद टुंग्याएर नक्सांकन गर्ने जिम्मेवारी सो संयन्त्रलाई दिइएको थियो। भारतकै अनिच्छाका कारण कार्य समूहको बैठक बस्न नसकेको गृह मन्त्रालयका अधिकारी बताउँछन्।

नापी विभागको तथ्यांकअनुसार नेपाल-भारत खुला सीमामा आठ हजार आठ सय ५३ सीमास्तम्भ छन्। त्यसमध्ये केही हराएका छन् त कतिपय भत्किएका छन्। भत्किएका तथा हराएकामध्ये आधा भारतले तथा आधा नेपालले मर्मत गर्ने समझदारी छ। सशस्त्र प्रहरीले नेपालसँगको सीमा सुरक्षामा खटिएको भारतको एसएसबीसँग सहकार्य गरी मर्मत तथा पुनर्स्थापना गर्न लागेको हो।



फाइल तस्बिर

■ 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम सञ्चालन

सीमा सुरक्षामा स्थानीयको अपनत्व बढाउन सशस्त्र प्रहरीले 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यालयको सुरुवात गरेको छ। दसैंका अवसरमा सबै बाहिनीले सीमा क्षेत्रका वडाध्यक्षसँग अन्तर्क्रिया कार्यक्रम गरेका छन्।

सीमा सुरक्षा सहजीकरण कार्यविधि, २०७९ अनुसार यस्तो कार्यक्रम गरिएको सशस्त्र प्रहरी प्रवक्ता खड्काले बताए। अन्तर्क्रियामा वडाध्यक्षहरूले आ-आफ्नो क्षेत्रका समस्या बताएका थिए। सीमा क्षेत्रमा जनप्रतिनिधिको अध्यक्षतामा सीमा सुरक्षा सहजीकरण समितिसमेत बनाउन थालिएको छ। यसमा सीमावासी र सशस्त्र प्रहरीबीच सम्बन्ध सुमधुर हुनका साथै सीमा अपराध नियन्त्रण र सीमा सुरक्षा पनि बलियो हुने सशस्त्र प्रहरी अधिकारी बताउँछन्।

सशस्त्र प्रहरीले सो कार्यविधिअनुसार सीमा क्षेत्रमा विकासका काम लैजाने तयारी पनि गरेको छ। साथै, सीमा क्षेत्रका बासिन्दालाई शिक्षा तथा स्वास्थ्य क्षेत्रमा कल्याणकारी कार्यक्रम विस्तारको योजना बनाएको छ। भारतको एसएसबीले पनि यस्तो कार्यक्रम सञ्चालन गर्दै आएको छ।

■ सशस्त्र-एसएसबी नेतृत्व बैठक हुँदै

सशस्त्र प्रहरी बल नेपाल र सशस्त्र सीमा बलबीचको नियमित वार्षिक समन्वय बैठक कात्तिक २०-२२ मा नयाँदिल्लीमा हुने भएको छ। बैठकमा भाग लिन सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल नेतृत्वको टोली भारत जाँदै छ। भारतमा एसएसबी महानिर्देशक रश्मि शुक्लाले बैठकको नेतृत्व गर्नेछिन्। गत वर्ष यस्तो बैठक नेपालमा भएको थियो। सीमापार अपराध नियन्त्रण बैठकको मुख्य एजेन्डा हुने गरेको छ। बैठकमा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिसमेत सहभागी हुनेछन्।

गोली प्रहार गरी प्रधानाध्यापकको हत्या

भारतीय नम्बर प्लेटको मोटरसाइकलमा आएका चारजनाले हानेका थिए प्रधानाध्यापक स्वर्णकारलाई गोली

वीरगन्जमा **तिवारी यादव**

बाराको कलैयास्थित बाल एकता बोर्डिङ स्कुलका प्रधानाध्यापक गुड्डु भनिने रुपेश स्वर्णकारको अज्ञात समूहले गोली हानेर हत्या गरेको छ। सोमबार अपराह्न साढे १२ बजे स्कुलनजिकै मदर्सा टोलमा मोटरसाइकलमा घर गइरहेका स्वर्णकारको दुइटा भारतीय नम्बर प्लेटको मोटरसाइकलमा आएका चारजनाले गोली प्रहार गरी हत्या गरेका हुन्। घाँटी र छातीमा गोली लागेपछि उनलाई वीरगन्जस्थित बयोधा अस्पताल लगिएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। स्वर्णकारलाई गोली प्रहार गरेपछि हतियारधारी समूह फरार भएको थियो।

कलैया उपमहानगरपालिका-६ निवासी स्वर्णकार छाती र घाँटीमा गोली प्रहार भएर ढलेपछि स्थानीयले उद्धार गरी कलैयास्थित प्रादेशिक अस्पताल पुऱ्याएका थिए। त्यहाँ उनलाई प्राथमिक उपचार गरी वीरगन्जस्थित नारायणी बयोधा मेडसिटी हस्पिटल लगिएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएको बारा प्रहरी प्रमुख सुरेश काफ्लेले जानकारी दिए।

प्रधानाध्यापक स्वर्णकारको हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले एक महिलालाई नियन्त्रणमा लिएको छ। प्रहरीले सोमबार साँझ कलैया उपमहानगरपालिका-१ बाट एक महिलालाई नियन्त्रणमा लिएको हो। महिलाको परिचय भने प्रहरीले खुलाएको छैन। ती महिला स्वर्णकार हत्याको योजना बनाउने मुख्य योजनाकार रहेको हुन सक्ने प्रहरी स्रोतले जनाएको छ। स्वर्णकार र ती महिलाबीच निकट सम्बन्ध रहेको बुझिएको छ। प्रधानाध्यापक स्वर्णकारको हत्यारालाई पक्राउ गर्न माग गर्दै कलैयामा प्रदर्शन भएको छ। हत्यामा संलग्न भएकालाई कारबाहीको माग राख्दै स्थानीयवासी र शिक्षकहरूले भरतचोकमा टायर बालेर प्रदर्शन गरेका हुन्। उनीहरूले जिल्ला सदरमुकाममै दिनदहाडै शिक्षकमाथि गोली प्रहार गरेर हत्या हुँदा पनि सुरक्षा दिन नसकेको भन्दै प्रहरी प्रशासनविरुद्ध नाराबाजी गरेका थिए। एन प्याब्सनका मधेश प्रदेश अध्यक्ष नन्दन यादवले स्वर्णकारको हत्यारालाई तत्काल पक्राउ गरी कारबाही नगरे प्रदेशभरिकै निजी शिक्षण संस्था बन्द गरेर सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए।


रुपेश स्वर्णकार

प्रधानाध्यापकमाथि गोली प्रहार गरी हत्या भएपछि जिल्लाको शान्ति सुरक्षामा चुनौती खडा भएको जनप्रतिनिधिले आरोप लगाएका छन्। बारा १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य अच्युत मैनालीले सदरमुकाममा दिनदहाडै गोली प्रहार भएको घटनाले शान्ति सुरक्षाको प्रश्नमा चुनौती खडा भएको बताए। प्रधानाध्यापक स्वर्णकारको हत्यापछि जिल्लावासी त्रसित रहेको उनको भनाइ छ।

■ मुगु सामूहिक हत्या घटना

शंकास्पद एकजना पक्राउ

मुगु/ छायानाथ रारा नगरपालिका-६ मन्दु गाउँमा सामूहिक हत्या भएको चार दिनपछि आइतबार प्रहरीले शंकास्पद एकजना व्यक्तिलाई नियन्त्रणमा लिएको छ। आइतबार सदरमुकाम गमगढीबाट प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो। प्रहरीले नियन्त्रणमा लिएका व्यक्तिबारे विस्तृत सूचना गोप्य राखेको छ।

जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले शंकास्पद एकजनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको बताए। 'अनुसन्धानका क्रममा एकजना शंकास्पद व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिइएको छ। ठोस प्रमाण पुगेपछि अन्य दोषीलाई नियन्त्रणमा लिई सबै सार्वजनिक गरिनेछ,' उनले भने। कर्णाली प्रदेश प्रहरी प्रमुख डिआइजी भीम ढकाल घटनास्थल पुगेका छन्। उनलाई डिएसपी थापाले घटनास्थलको स्थलगत सम्पूर्ण विवरण पेस गरेका छन्। कर्णाली प्रदेश प्रहरी कार्यालयबाट तालिम प्राप्त कुकुरसहितको दुइटा विशेष सुरक्षा टोली र जुम्लाबाट एउटा विशेष टोली पाँच दिनदेखि घटनास्थलमै अनुसन्धानमा खटिए पनि हत्यारा पक्राउ पर्न सकेका छैनन्।



शुक्रबार मुन्दु गाउँकी २८ वर्षीया श्रीदेवी बोहोरा, उनका ११ वर्षीय छोरा मनोज बोहोरा, आठ महिनाका छोरा रहर बोहोरा र आठ वर्षीया छोरी अप्सरा बोहोराको शव घरभित्रै फेला परेको थियो। चारैजनाको शव पोस्टमार्टम भइसके पनि हत्यारा पत्ता नलागेसम्म शव नबुझ्ने पीडित परिवारले अडान लिएको छ। श्रीदेवीका पति दीपक बोहोराले हत्यामा संलग्न पक्राउ परी कारबाहीको दायरामा आएपछि मात्र शव बुझ्ने बताए।

■ लालुपाते सहकारी हिनामिना प्रकरण

श्री एयरलाइन्सका क्याप्टेन जोशी एक महिनादेखि हिरासतमा

खोटाङमा **केदार लाफा**

सहकारीको रकम हिनामिना प्रकरणमा मुछिएका श्री एयरलाइन्सका क्याप्टेन सुनिल जोशी एक महिनादेखि प्रहरी हिरासतमा छन्। दिक्तेलमा सञ्चालित लालुपाते सहकारी संस्थामा बचतकर्ताको निक्षेप घोटाला प्रकरणमा प्रहरीले गत १३ असोजमा जोशीलाई श्रीमती रविना श्रेष्ठसहित काठमाडौंबाट पक्राउ गरेको थियो। जोशी खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल बजार निवासी हुन्।

काठमाडौंस्थित घरबाट पक्राउ परेका जोशी दम्पतीलाई तत्कालै खोटाङ ल्याएर प्रहरी हिरासतमा राखिएको छ। उनीहरूलाई संगठित अपराधअन्तर्गत मुद्दा दर्ता गरेर कारबाहीको प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता प्रहरी निरीक्षक बेनु कार्कीले जानकारी दिए। क्याप्टेन जोशी सहकारी संस्थाका तत्कालीन अध्यक्ष अनिल जोशीका सहोदर भाइ हुन्। तत्कालीन अध्यक्ष जोशीले बचतकर्ताको रकम भाइ-बुहारीको व्यक्तिगत बैंक खातामा जम्मा गरेर उनीहरूकै नाममा विभिन्न ठाउँमा जग्गा खरिद गरेको सहकारीको आर्थिक वर्ष ०७७/ ७८ को लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ।

आफूहरूले जम्मा गरेको बचत डुबाएको भन्दै बचतकर्ताले २ फागुन ०७९ मा सञ्चालक समितिका तत्कालीन अध्यक्ष जोशीको परिवारका पाँच सदस्यसहित आठजनाविरुद्ध जिल्ला प्रहरी कार्यालय खोटाङमा जाहेरी दिएका थिए।





बचतकर्ताले दिएको जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएर गएको प्रहरी टोलीले तत्कालीन अध्यक्ष जोशीका भाइ र बुहारीलाई पक्राउ गरेको चार दिनपछि १७ असोजमा प्रबन्धक रुकु जोशीलाई समेत पक्राउ गरेको थियो।

बचतकर्ताको रकम घोटाला प्रकरणमा मुख्य दोषी ठानिएका क्याप्टेन जोशीलगायतको नाम प्रहरीले अनुसन्धानमा असर गर्ने भन्दै यसअघिसम्म सार्वजनिक गर्न मानेको थिएन। उनीहरूको परिवारले एक करोड ५० लाखभन्दा बढी ऋण चलाएको पाइएको सहकारीको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ। ऋणीहरूलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको प्रहरीले महिना दिनपछि आइतबार सञ्चालक समितिका उपाध्यक्ष अर्जुन चौलागाईंसहित थप पाँचजनालाई पक्राउ गरेको छ। जिल्लाका चार हजार पाँच सय बचतकर्ताको रकम घोटाला प्रकरणमा अनुसन्धान गर्न उपाध्यक्ष चौलागाईं, सचिव मनोज राई, कोषाध्यक्ष रमा शाक्य, लेखा समिति संयोजक प्रितम श्रेष्ठ र लेखापाल सुमना राईलाई पक्राउ गरेको हो।

नागरिक एपमा लाइसेन्स देखाउँदा हुने

काठमाडौं/ ट्राफिक प्रहरीको कागजपत्र चेकजाँचको क्रममा भौतिक रूपमा सवारीचालक अनुमतिपत्र देखाउन नपर्ने भएको छ। नागरिक एपमार्फत आफ्नो लाइसेन्स देखाउन सकिने ट्राफिक प्रहरीले जनाएको छ। तर, सवारी नियम उल्लंघनबापत कारबाहीमा पर्दा भने अनिवार्य रूपमा लाइसेन्स बोक्नुपर्ने काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

'कुनै चालकसँग लाइसेन्स छ कि छैन भनेर नागरिक एपबाटै देखाउन सकिन्छ, भौतिक रूपमा लाइसेन्स नबोक्दा कारबाही हुँदैन,' काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसएसपी राजेन्द्रप्रसाद भट्टले भने, 'तर, नियम उल्लंघन गरेर कारबाहीमा पर्दा भने अनिवार्य रूपमा लाइसेन्स बोकेकै हुनुपर्छ।' लाइसेन्स तथा ब्लुबुकको डाटा ट्राफिक प्रहरीको सिस्टममा आएपछि नागरिक एपमार्फत नै जरिवाना तथा कारबाही गरिने उनले बताए। त्यसका लागि पनि तयारी भइरहेको उनको भनाइ छ।

नागरिकका सबै विवरण राख्न मिल्ने गरी सरकारले नागरिक एप बनाएको हो। तर, यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन। एपमा नागरिकता, पासपोर्ट, लाइसेन्स, शैक्षिक प्रमाणपत्रलगायत विवरण प्राप्त गर्ने, कर तिरेको विवरण हेर्न मिल्नेलगायत सुविधा छन्। तर, प्रत्यक्ष सेवा प्रवाहसँग भने एप जोडिन सकेको छैन।



पररा‍ष्ट्रमन्त्री साउद अमेरिकामा

काठमाडौं/ अमेरिकाको औपचारिक भ्रमणमा रहेका पररा‍ष्ट्रमन्त्री एनपी साउद सोमबार साँझ वासिंटन डिसी पुगेका छन् । उनले नेपाली समयअनुसार मंगलबार बिहान अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनसँग द्विपक्षीय औपचारिक वार्ता गर्ने कार्यक्रम छ । अमेरिकी विदेशमन्त्री ब्लिंकेनको निमन्त्रणामा उनी औपचारिक भ्रमणमा गएका हुन् ।

पररा‍ष्ट्रमन्त्री साउदलाई वासिंटन डिसीस्थित विमानस्थलमा नेपाली राजदूत श्रीधर खत्री तथा अमेरिकी विदेश मन्त्रालयका अधिकारीले स्वागत गरेका थिए । पररा‍ष्ट्रमन्त्रीले युएसएडका प्रशासक सामन्था पावर र एमसिसीका प्रमुख कार्यकारी अधिकृत एलिस पी अल्ब्राइटसँग पनि बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम छ । उनले अमेरिकी कंग्रेसमा नेपाल ककसका सहअध्यक्ष सांसद माइक कारेसँग पनि भेटवार्ता गर्ने भएका छन् । नेपाली प्रतिनिधिमण्डलमा नेपाली राजदूत श्रीधर खत्री, पररा‍ष्ट्र मन्त्रालयका अधिकारी र नेपाली दूतावासका अधिकारी हुनेछन् ।

पररा‍ष्ट्र मन्त्रालयका अनुसार युनाइटेड स्टेट्स इन्स्टिच्युट अफ पिसमा नेपाली अमेरिकी व्यापारिक समुदायसँग अन्तर्क्रिया गर्ने कार्यक्रम छ । उनले नेपाली मूलका अमेरिकी विशिष्ट व्यक्ति तथा गैरआवासीय नेपाली संघका पदाधिकारीसँग पनि भेटवार्ता गर्नेछन् । पाँच वर्षअघि तत्कालीन पररा‍ष्ट्रमन्त्री प्रदीप ज्ञवालीले अमेरिकाको औपचारिक भ्रमण गरेका थिए ।

वृद्धा हत्यामा संलग्न गुरुङ कारागार चलान

धादिङ/ नेत्रावती डबजोङ गाउँपालिका-४ हजारेकी ७० वर्षीया सुकमाया गुरुङको हत्या आरोपमा पक्राउ परेका मंगल गुरुङलाई पूर्पक्षका लागि कारागार चलान गरिएको छ । धादिङ जिल्ला अदालतको थुनछेक आदेशले उनलाई पूर्पक्षका लागि कारागार पठाएको हो ।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार १३ असोजमा गुरुङको टाउको, बायाँ गाला, अनुहार र गर्धनको बायाँ भाग तथा शरीरका विभिन्न भागमा धारिलो हरियार प्रहार गरी हत्या भएको थियो । हत्या स्वीकार गरेका गुरुङ सुकमायाका भतिज नाता पर्ने व्यक्ति हुन् । नेत्रावती डबजोङ गाँउपालिका-४ हजारेस्थित घरनजिकैबाट गोठमा लुकीछिपी बसेको अवस्थामा गुरुङलाई प्रहरीले पक्राउ गरेको थियो । गुरुङले धारिलो हतियार खुर्पा प्रहरा गरी सुकमायालाई कर्तव्य गरी मारेको स्वीकार गरेको एसपी मिश्रले बताए ।

अझै २० वर्ष राजनीति गर्छु : ओली

कास्की/ एमाले अध्यक्ष केपी ओलीले आफूले अझै २० वर्ष राजनीति गर्ने बताएका छन् । एमाले गण्डकी प्रदेश कमिटीका नवनिर्वाचित समितिको शपथग्रहण कार्यक्रममा सोमबार उनले आफूले अझै २० वर्ष राजनीति गर्ने बताएका हुन् ।



'म पदमा बसुँला नबसुँला, त्यो बेग्लै कुरा हो, तर अझै २० वर्ष राजनीति गर्छु । यस्तो भन्दा अचम्म मान्छन् मान्छेहरू । मेरो बुबा अझै तगडा हुनुहुन्छ, यति भनेपछि पुग्छ । मलाई सात र दुईजस्तो लाग्दैन । २७ वर्षेजस्तो लाग्छ ।' आफूले दैनिक १८ घन्टा काम गर्ने उनले बताए ।

ओलीले कम्बोडियाको एक दूरसञ्चार कम्पनीमा आफ्नो तीन हजार करोड लगानी छ भनी अफवाह फैलाएको भन्दै आक्रोश व्यक्त गरे । तीन वर्षअघि नेपालले आफ्नो जमिन समेटेर बनाएको नक्साका कारण भारतको जी न्युजले प्रतिशोध साँधेर सो समाचार प्रसारण गरेको र पछि त्यसको आलोचनापछि माफी मागिसकेको कुरालाई पुनः अहिले आएर उचालिएको उनको भनाइ थियो । ओलीले कम्बोडियामा आफ्नो लगानी पत्ता लगाइदिए आफूले त्यो सबै सम्पत्ति पत्ता लगाउनेलाई दिने र त्यसमा एक हजार रुपैयाँ थपेर बक्सिससमेत दिने घोषणा गरे ।

पूर्वप्रधानमन्त्री ओलीले हाल भन्सारमा तस्करी भएका कारण २५ प्रतिशत पनि कर नउठेको बताउँदै विमानस्थलबाट कर नउठ्ने, तर तस्करीको तरक्की हुने गरेको आरोप लगाए । 'क्विन्टल सुन आउँछ । एक महिनापछि त्यो ६० किलोमा झर्छ । विद्युतीय सिगरेट भन्नेमा नौ केजी सुन पक्राउ पर्छ, त्यो पछि दुई केजीमा झर्छ,' उनले भने, 'हाल देशमा डकैती भइरहेको, तर सरकारलाई कुनै अप्ठ्यारो लागेको छैन । पक्राउ परेको सुन भन्सार र एयरपोर्टबाटै हराउने गरेको छ । कहाँ लैजानुपर्ने थियो, पुऱ्याउनुपर्ने थियो कहाँ पुऱ्याए ।' हाल देश रेमिटेन्सले मात्रै चलिरहेको ओलीको भनाइ थियो । गठबन्धन सरकारले बहादुरी गरेर नेपाललाई एसियाको सबैभन्दा गरिब देश बनाउन सफल भएको उनले आरोप लगाए ।

एमालेको चियापान तथा शुभकामना कार्यक्रम बुधबार

काठमाडौं/ एमालेले बुधबार चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम गर्ने भएको छ । पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीको तर्फबाट दसैँ, तिहार, छठलगायत पर्वहरूको अवसरमा केन्द्रीय कार्यालय च्यासलमा कार्यक्रम राखिएको एमालेले जनाएको छ ।

दिउँसो सवा १२ बजेबाट सुरु हुने कार्यक्रम साँझसम्म सञ्चालन हुने केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले जानकारी दिए । तत्कालीन अध्यक्ष मनमोहन अधिकारीले सुरु गरेको कार्यक्रमलाई एमालेले हरेक वर्ष निरन्तरता दिँदै आएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणको कार्यतालिकालाई मध्यनजर गर्दै कार्यक्रमको तालिकामा फेरबदल गरिएको एमालेले जनाएको छ ।

चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रमका लागि एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवासहित विभिन्न क्षेत्रका व्यक्तित्वलाई निमन्त्रणा पठाएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा, प्रा.फ.र.नं. ९४५६/०७१/०७२ स्थानीय व्यापार अन्तर्गत मिति २०७१/१२/१२ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ स्थित **सुप्रिया कलेक्सन** **प्रोप्राइटर तथा जमानीकर्ता : पल्साङ आङमो गुरुङ (बुढाथोकी)** स्थायी ठेगाना : खोटाङ जिल्ला, च्यानडाँडा गा.वि.स वडा नं. ४ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बाबु : छाङ तेन्जीङ गुरुङ ससुरा : पदम बहादुर बुढाथोकी पति : दिल बहादुर बुढाथोकी	**२) पल्साङ आङमो गुरुङ (बुढाथोकी)** स्थायी ठेगाना : खोटाङ जिल्ला, च्यानडाँडा गा.वि.स वडा नं. ४ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बाबु : छाङ तेन्जीङ गुरुङ ससुरा : पदम बहादुर बुढाथोकी पति : दिल बहादुर बुढाथोकी
	जमानीकर्ताको विवरण	**धितोको विवरण**
	दिल बहादुर बुढाथोकी स्थायी ठेगाना : खोटाङ जिल्ला, च्यानडाँडा गा.वि.स वडा नं. ४ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बाबु : पदम बहादुर बुढाथोकी बाजे : धन बहादुर बुढाथोकी	१) छाङ तेन्जीङ गुरुङकी छोरी, पदम बहादुर बुढाथोकीकी बुहारी, दिल बहादुर बुढाथोकीकी पत्नि, खोटाङ जिल्ला, च्यानडाँडा गा.वि.स वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ मा बस्ने पल्साङ आङमो गुरुङ (बुढाथोकी)को नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, अर्घौ गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५१७४ र ५१७६ को क्षेत्रफल ०-३-२-२ र ०-३-१-१ (रोपनी) को घर जग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सुप्रिया कलेक्सन को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	**राजु सुनार** स्थायी ठेगाना : तनहुँ जिल्ला, पोखरीभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १२ बाबु : दिननाथ सुनार बाजे : सरध्वाज सुनार	**मनसरी सुनार** स्थायी ठेगाना: तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स. वडा नं.५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १२ बाबु : हुम बहादुर सुनार पति : राजु सुनार ससुरा : दिननाथ सुनार
	धितोको विवरण	
	सरध्वाज सुनारको नाति, दिननाथ सुनारको छोरा, तनहुँ जिल्ला, पोखरी भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १२ बस्ने राजु सुनारको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको, तनहुँ जिल्ला, कर्लुङ गा.वि.स. वडा नं. ३ ग स्थित कित्ता नं. १६७ को क्षेत्रफल ०-७-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
	ऋणीको विवरण	
३)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, कार्यालय, पर्वतमा प्रा.फ.नं.घ.उ.वि.स. १३७१/०६९/०७० अन्तर्गत मिति २०६९/११/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्वत जिल्ला, घाईरिङ गा.वि.स. वडा नं. २ स्थित **मुक्ति कालि गण्डकी ब्लक उद्योग** **प्रोप्राईटर तथा जमानतकर्ता: केदार प्रसाद रिजाल** स्थायी ठेगाना : पर्वत जिल्ला, घाईरिङ गा.वि.स. वडा नं. २ हालको ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ४ बाबु : हिमलाल बाजे : जय बल्लभ	**२) केदार प्रसाद रिजाल** स्थायी ठेगाना : पर्वत जिल्ला, घाईरिङ गा.वि.स. वडा नं. २ हालको ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ४ बाबु : हिमलाल बाजे : जय बल्लभ
	जमानीकर्ताहरुको विवरण	
	१) गिता रिजाल स्थायी ठेगाना : पर्वत जिल्ला, घाईरिङ गा.वि.स. वडा नं. २ हालको ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ४ बाबु : दण्ड प्रसाद शर्मा ससुरा : हिमलाल पति : केदार प्रसाद रिजाल	**२) निरुता रिजाल** स्थायी ठेगाना : पर्वत जिल्ला, जलजला गा.पा. वडा नं. ७ हालको ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ४ बाबु : केदार प्रसाद रिजाल बाजे : हिमलाल
	धितोको विवरण	
	१) जय बल्लभको नाति, हिमलालको छोरा, पर्वत जिल्ला, घाईरिङ गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई हाल बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ४ बस्ने केदार प्रसाद रिजालको नाममा मालपोत कार्यालय बाग्लुङको लगतमा दर्ता कायम रहेको पर्वत जिल्ला, कालिका गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३४३८ र ३४३६ को क्षेत्रफल क्रमशः ०-१-२-१ र ०-१-०-१ (रोपनी) को घर जग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) मुक्तिकालिगण्डकी ब्लक उद्योग को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	
४)	१) प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागलुङमा दर्ता नं. ३४९४/०७७/०७८ अन्तर्गत मितिः २०७७/११/१६ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएका बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३, स्थित **सनम वर्कसप** **प्रोप्राईटर तथा जमानीकर्ता: कबिन्द्र बोहोरा** ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : लोक बहादुर सार्की बाजे : दलविर सार्की	
	जमानीकर्ताहरुको विवरण	
	१) सनम नेपाली बोहोरा ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : पदम बहादुर सार्की ससुरा : लोक बहादुर सार्की पति : कबिन्द्र बोहोरा	**२) चाम कुमारी सार्की** ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : डासे नेपाली ससुरा : दलविर सार्की पति : लोक बहादुर सार्की
	धितोको विवरण	
	१) डासे नेपालीकी छोरी, दलविर सार्कीकी बुहारी, लोक बहादुर सार्कीकी पत्नि बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ मा बस्ने चाम कुमारी सार्कीको नाममा मालपोत कार्यालय बागलुङको लगतमा दर्ता कायम रहेको बागलुङ जिल्ला, कालीका न.पा. वडा नं. ३ स्थित कित्ता नं. १०४९ को क्षेत्रफल ०-३-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सनम वर्कसपको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
	२) सनम नेपाली बोहोरा ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : पदम बहादुर सार्की ससुरा : लोक बहादुर सार्की पति : कबिन्द्र बोहोरा	**कबिन्द्र बोहोरा** ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : लोक बहादुर सार्की बाजे : दलविर सार्की

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) प्रदेश सरकार, २ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सामा घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. १०६१४/०७५/०७६ अन्तर्गत मिति २०७६/०१/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २२, हरपतगंज स्थित **अमृत आयरन इण्डष्ट्रीज** **प्रोप्राईटर तथा जमानीकर्ता : अजानिस कुमार वर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : प्रल्हाद प्रसाद वर्णवाल बाजे : ऋषि नारायण प्रसाद वर्णवाल	
	धितोको विवरण	
	१) ऋषि नारायण प्रसाद वर्णवालको नाती, प्रल्हाद प्रसाद वर्णवालको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने अजानिस कुमार वर्णवालको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ४ (हाल वीरगंज म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. १११० को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ऋषि नारायण प्रसाद वर्णवालको नाती, प्रल्हाद प्रसाद वर्णवालको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने अजानिस कुमार वर्णवालको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५९४ को क्षेत्रफल १६९.३० (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) केदार प्रसाद वर्णवालको छोरी, प्रल्हाद प्रसाद वर्णवालकी बुहारी, अजानिस कुमार वर्णवालकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने आरति वर्णवालको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरपतगंज गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७३० र ७३२ को क्षेत्रफल क्रमशः ०-१-०-६ र ०-०-१-६ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) प्रदेश सरकार, २ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सामा घ.तथासा.उ.का.प्रा.फ.पर्सा.नं. १०६१४/०७५/०७६ अन्तर्गत मिति २०७६/०१/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २२, हरपतगंज स्थित अमृत आयरन इण्डष्ट्रीजको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ७ (हाल वीरगंज म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-४-१२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ५) अमृत आयरन इण्डष्ट्रीजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	
	२) अजानिस कुमार वर्णवाल स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : प्रल्हाद प्रसाद वर्णवाल बाजे : ऋषि नारायण प्रसाद वर्णवाल	
	धितोको विवरण	
	१) ऋषि नारायण प्रसाद वर्णवालको नाती, प्रल्हाद प्रसाद वर्णवालको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने अजानिस कुमार वर्णवालको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ४ (हाल वीरगंज म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. १११० को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ऋषि नारायण प्रसाद वर्णवालको नाती, प्रल्हाद प्रसाद वर्णवालको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने अजानिस कुमार वर्णवालको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५९४ को क्षेत्रफल १६९.३० (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) केदार प्रसाद वर्णवालकी छोरी, प्रल्हाद प्रसाद वर्णवालकी बुहारी, अजानिस कुमार वर्णवालकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने आरति वर्णवालको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरपतगंज गा.वि.स. वडा नं ५ (हाल वीरगंज म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७३० र ७३२ को क्षेत्रफल क्रमशः ०-१-०-६ र ०-०-१-६ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
	जमानीकर्ताहरुको विवरण	
	१) सोनी कुमारी स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १९ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : भुषण प्रसाद वर्णवाल ससुरा : प्रल्हाद प्रसाद वर्णवाल पति : आदित्य कुमार वर्णवाल	**२) आरति वर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : केदार प्रसाद वर्णवाल ससुरा : प्रल्हाद प्रसाद वर्णवाल पति : अजानिस कुमार वर्णवाल	**३) प्रल्हाद प्रसाद वर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : ऋषि नारायण प्र. वर्णवाल बाजे : राम लखन प्रसाद साह
	४) आदित्य कुमार वर्णवाल स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : प्रल्हाद प्रसाद वर्णवाल बाजे : ऋषि नारायण प्र. वर्णवाल	**५) रतनादेवी वर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : प्रल्हाद प्र. वर्णवाल ससुरा : ऋषि नारायण प्रसाद वर्णवाल पति : प्रल्हाद प्रसाद वर्णवाल	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.र.नं.: ८२६२/०७६/७७,

'अन्जिला'को छायांकन सुरु



महिला राष्ट्रिय फुटबल टिमकी गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र 'अन्जिला'को छायांकन सुरु भएको छ। एन्जिलाको जन्मथलो इलामको आइतबारे बजारमा सोमबार चलचित्रको शुभमुहूर्त गरियो। इलाम, झापा र काठमाडौंमा यस चलचित्रको छायांकन हुनेछ। यो चलचित्रमा एन्जिला स्वयंको मुख्य भूमिका रहनेछ।

'द लेडी किलर'मा अर्जुन



अर्जुन कपुर र भूमि पेडनेकरको मुख्य भूमिका रहेको फिल्म 'द लेडी किलर'को ट्रेलर रिलिज भएको छ। यस फिल्मलाई अजय बहलले निर्देशन गरेका हुन्। अर्जुन र भूमिले स्क्रिन सेयर गरेको यो पहिलोपटक हो। यो फिल्म ३ नोभेम्बरमा रिलिज हुनेछ।

जाडोमा सौना बाथको आनन्द



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलेस्टिक युनिभर्सल हस्पिटल



सानो कोठा। कोठाभित्र चारैतिर चिल्ला काठले बारिएको खाली ठाउँ हुन्छ। काठले गारो (भित्ता) छेकिएको हुन्छ। कोठाभित्र ठाउँ-ठाउँमा सुत्ने, बस्ने बेन्च राखिएको हुन्छ। जुन कोठामा एउटा हिटर पनि राखिएको हुन्छ। हिटरले कोठा तताउँछ र कोठामा रहेको ढुंगा तात्छ। ढुंगाको तातो बाफले नुहाइन्छ। यसरी कोठामा बाफ लिएर नुहाउने विधिको नाम हो, सौना बाथ। यस्तो कोठालाई भने 'सौना रुम' भनिन्छ।

नुहाउने टेक्निक

- कोठामा राखिएको विशेष प्रकारको इलेक्ट्रिक हिटरमाथि साना-साना ढुंगा राखिएको हुन्छ। तिनै ढुंगा तातेपछि बाफ निस्कन्छ। र, त्यही बाफमा नाँगै बसेर ताप लिइन्छ। सौना कोठामा छिर्नुअघि केही विधि भने अपनाउनुपर्छ :
- आफ्नो स्वास्थ्य अवस्थाका बारेमा थाहा पाउनुपर्छ।
- दीर्घरोगी वा अस्वस्थ व्यक्तिले सम्बन्धित चिकित्सकको सल्लाह लिएर मात्रै सौना गर्नु उचित हुन्छ। पाको उमेरका व्यक्तिले पनि चिकित्सकको सल्लाहमा मात्रै सौना लिनुपर्छ। शारीरिक रूपमा सौना लिन योग्य व्यक्तिले सौना लिनुपूर्व मानसिक रूपमा पनि तयार हुनुपर्छ।
- जाडो मौसममा मनतातो पानीले नै नुहाउनु उचित हुन्छ। नुहाइसकेपछि ड्रेस खोलेर निर्वस्त्र हुनुपर्छ। तौलिया लगाउन सकिन्छ। टाउकोमा पनि सानो तौलिया पानीमा भिजाएर राख्न सकिन्छ। पानीमा भिजाएर टाउकोमा तौलिया लगाउनाले सौना लिने क्रममा रिंगटा लाग्ने, चक्कर लाग्नेजस्ता समस्याबाट बच्न सकिन्छ।
- यी तयारी गरिसकेपछि सौना कोठाभित्र छिर्न सकिन्छ। सौना कोठा करिब ७० डिग्रीको तापमा तातिएको हुन्छ। पसिना आउने गरी शरीरले ताप खप्न सकेसम्म सौना कोठामा बस्न सकिन्छ। सौना कोठामा धेरै बेर बसिरहनु भने हुँदैन। १५ मिनेट बाहिर निस्कँदै करिब १५ मिनेट भित्र बस्नु उचित हुन्छ।

फुक्ने र खुम्चने

- बाहिर निस्कँदा भने चिसो पानीले नुहाइन्छ र आराम गरिन्छ। सौना कोठाभित्र तातो हुन्छ र बाहिर निस्केर चिसो पानीले नुहाउँदा छालाका मांसपेशी खुम्चन्छन्। सौना कोठामा बस्दा भने छालाका मांसपेशी फुक्छन्। छालाका मांसपेशी खुम्चने र फुक्ने प्रक्रियाका कारण छालामा भएका विकार तत्त्व बाहिर जान्छ।
- यसले गर्दा छालासम्बन्धी रोग लाग्न पाउँदैन। छालामा आवश्यक पोषण तत्त्व पुग्छ। जसले गर्दा छाला स्वस्थ हुन्छ। छाला स्वस्थ भएपछि छालामा चमक आउने नै भयो। मानिसको सुन्दरतामा सौना बडो लाभदायक हुन्छ।

सौनाका फाइदा

- रक्तसञ्चार बढाउँछ। मुटुसम्बन्धी रोगको जोखिम घटाउँछ। तौल नियन्त्रण गर्न सहयोग गर्छ।
- छालाबाट विकार तत्त्वहरू निकाल्न मद्दत गर्छ। तनाव नियन्त्रण गर्न सहयोग गर्छ।

रोग भगाउने सौना

यति मात्रै हैन, नियमित सौना गर्नाले हाडजोर्नी लचिलो तथा मजबुत हुन्छन्। सौना गर्नाले हाडजोर्नी दुख्ने, पीडा हुने, ढाड दुख्ने, टाउको दुख्ने, माइग्रेनजस्ता समस्या कम गर्न मद्दत मिल्छ। त्यसैगरी, रुघा-खोकी लाग्ने, एलर्जी हुनेजस्ता समस्याबाट बच्न सकिन्छ। चिसोबाट निम्तिने समस्याबाट बच्न सकिन्छ। सौना गर्दा पसिना आउने भएकाले मोटोपना भएका व्यक्तिलाई ज्यान फिट राख्न बडो मद्दत मिल्छ, मोटोपना त कम हुन्छ नै।

स्लिम व्यक्तिले पनि सौना गर्दा पसिनाका माध्यमबाट विकार तत्त्व बाहिर जाने भएकाले विभिन्न रोगको संक्रमणको जोखिम कम हुन्छ, जसले व्यक्ति हृष्टपुष्ट रहन मद्दत मिल्छ। नियमित सन्तुलित रूपमा सौना गर्नाले खुसीका मस्तिष्क रसायन सक्रिय हुन्छन्, जसले तनाव त कम हुन्छ नै। व्यक्ति मानसिक रूपमा पनि खुसी र सक्रिय रहन मद्दत मिल्छ।

त्यसैले विशेषगरी जाडो मौसममा वयस्क व्यक्तिले महिनामा तीनपटकसम्म सौना गर्नु उचित हुन्छ। एकपटक सौना लिँदा करिब एक घन्टा समय लाग्छ। सौना गरिसकेर सौना कोठाबाट बाहिरिएपछि मनतातो पानीले नुहाएर लुगा लगाउनुपर्छ। सौना गरिसकेपछि भने अनुहारलगायतका देखिने छाला सुक्खा हुन सक्छ। यसरी सुक्खा हुन नदिनका लागि प्राकृतिक वनस्पति तथा जडीबुटीको तेल लगाउनु उचित हुन्छ। ओलिभ आयल, आल्मन्ड आयलजस्ता तेल लगाउन सकिन्छ।

सन्तुलित खानपान

सौना गर्नुभन्दा करिब दुई घन्टाअघि र दुई घन्टापछिसम्म खानपान नगरेकै राम्रो हुन्छ। सौना गर्ने क्रममा भने पानीमा कागती र नुन घोलेर पिउनु उचित हुन्छ। सौना गर्दा शरीरमा पसिनाको माध्यमबाट पानी बाहिर जान्छ। त्यसैगरी, शरीर सुक्खा हुन नदिनका लागि यसरी पानीमा कागती र नुन घोलेर पिउनु उचित हुन्छ। ज्यान फिट राख्नका लागि हरियो सागपात, फलफूल र सन्तुलित खानपानमा ध्यान दिन आवश्यक हुन्छ।

शरीर स्वस्थ तथा फिट राख्नका विभिन्न वनस्पति, जडीबुटी तथा हर्बल फुड सप्लिमेन्ट सेवन गर्न आवश्यक हुन्छ। टंकटअली, गानोदर्मा, जिन्सेङ, बार्ली, नोनीजस्ता वनस्पतिजन्य जडीबुटी तथा हर्बल फुड सप्लिमेन्ट खानु उचित हुन्छ। यस्ता जडीबुटी तथा वनस्पतिको सन्तुलित र नियमित सेवनले स्वस्थ रहन मद्दत मिल्छ।

ग्रामीण क्षेत्रमा यात्रा गर्दा...

स्थानीय संस्कृति, भाषा र संस्कारको सम्मान गर्नुस्। समुदायअनुसार फरक-फरक धर्म, संस्कृति हुन्छन्। हामीले उनीहरूको सम्मान गर्नुपर्ने हुन्छ। स्थानीयसँग सम्बन्ध राम्रो नभए यात्रा फिक्का हुन सक्छ।

यात्राका क्रममा कहिलेकाहीं स्वास्थ्य समस्या पनि देखिन्छ। यात्रालाई एकै दिन असीमित बनाउन खोज्ने अर्थात् सकेसम्म यात्रालाई छिटो सकाउने हतारोमा कतिपय मानिस रहन्छन्। यो राम्रो होइन। यात्रालाई छिटो सकाउने हतारो गर्नुभन्दा पनि दृश्यावलोकनको मज्जा लिँदै बिस्तारै हिँड्नुपर्छ। मन परेका ठाउँमा उभिएर तस्बिर कैद गर्न नबिर्सनुस्। ती तस्बिरले यात्रापछि पनि तपाईंलाई यात्राको सम्झना गराइरहन्छन्।

पहिलो दिनमै अति धेरै हिँड्दा भोलिपल्टै थाक्ने हुन्छ। दुई हजार मिटरभन्दा कम उचाइमा बसेका मानिसहरू एकै दिनमा तीन-चार हजार मिटर उचाइमा पुग्न खोज्छन्, जसकारण वातावरणमा घुलमिल हुन नसकेर बिरामी पनि पर्छन्। भौगोलिक अवस्था र वातावरणले गर्दा पनि थकान र स्वास्थ्य समस्या देखिन्छ। त्यही कारण यात्रामा हतारो गर्नुहुँदैन। एक दिनमा एक हजार मिटरको उचाइ पार नगर्ने भन्ने नियम नै छ। १३ समय मिटरको उचाइमा बसेको मान्छे एकै दिनमा २५ सय मिटरको उचाइमा जानुहुँदैन। दिनको अधिकतम एक हजार मिटर उचाइ पार गर्ने तरिकाले यात्राको योजना बनाउनुपर्छ। जसले गर्दा स्वास्थ्यमा प्रतिकूल असर पर्दैन।

कतिपय ग्रामीण क्षेत्रमा इन्टरनेटको सुविधा नहुन सक्छ। मोबाइल नेटवर्क पनि नटिप्न सक्छ। बत्तीको पहुँच पनि नहुन सक्छ। डिभाइसहरू चार्ज गर्न सकिँदैन। यात्रा गर्ने ठाउँको जानकारी लिन असहज हुन सक्छ। त्यसैले डाटा केबल, टर्च, पावर बैंकलगायत उपकरण यात्रामा हिँड्दा आफूसँग बोक्नुपर्छ।

मौसमअनुसार झोलामा डाउन ज्याकेट, पन्जा, प्राथमिक उपचारका सामग्रीलगायत बोक्नुपर्छ।

खानेकुरा

ग्रामीण क्षेत्रमा विशेष गरी लामो ट्रेकमा जाँदा भनेकै ठाउँमा होटेल उपलब्ध नहुन सक्छ। तसर्थ, तपाईंले आफ्नो झोलामा केही खानेकुरा बोक्नु राम्रो हुन्छ। इनर्जी दिने चकलेट, कुकिज, काजु, बदामलगायत ड्राई फ्रुट झोलामा बोक्नु राम्रो हुन्छ।





रामकाजी तिवारी
महासचिव, माउन्टेन गाइड एसोसिएसन नेपाल

मानिसहरू सहरी क्षेत्र छाडेर गाउँबस्तीमा घुम्न रुचाउँछन्। वनजंगल र हरियालीसँगै ग्रामीण जनजीवनका विभिन्न परम्परा र संस्कृतिले पर्यटकलाई आकर्षित गरिरहेको हुन्छ। यद्यपि, ग्रामीण परिवेशमा यात्रा गर्दा हामीले केही कुरा ख्याल गर्नुपर्छ। जसकारण, हाम्रो यात्रा आरामदायी र स्मरणीय रहोस्।

ब्रेकफास्टमा लामो समयसम्म अडिलो हुने खाजा लिनुपर्छ। किनकि, दिउँसोको खान खाने ठाउँ निश्चित नहुन सक्छ। दुई-चार घन्टा छिटो पनि हुन सक्छ, ढिलो पनि हुन सक्छ। डिनरमा झोलिलो खानेकुरा खानुपर्छ। त्यसले पानीको मात्रा पुऱ्याउन पनि सहयोग पुग्छ।

घरमै मेकअप यसरी



पार्टी, सभा-समारोह र औपचारिक कार्यक्रममा जाँदा मानिस फर्मल देखिन रुचाउँछन्। महिला होस् वा पुरुष, हल्का मेकअप गरेर जाँदा व्यक्तित्व पनि राम्रो देखिन्छ। मेकअपका लागि ब्युटिपार्लर नै जानुपर्छ भन्ने पनि छैन। घरमै मेकअप गरेर पनि जान सकिन्छ।

सुरुमा फेसवासले अनुहार धुनुपर्छ। अनि, सफा कपडाले अनुहार पुछ्नुपर्छ। त्यसपछि अनुहारमा टोनर लगाउनुपर्छ। त्यसको केही बेरमा मोस्चराइजर क्रिम लगाउनुपर्छ।

त्यसपछि सन्सक्रिम अनिवार्य लगाउनुपर्छ। मेकअपलाई लामो समय टिकाउन प्राइमर लगाउन सकिन्छ। यसपछि आफूलाई मन परेको सेपमा आइब्रो बनाउनुपर्छ। आफ्नो स्किनअनुसारको फाउन्डेसन लगाउनुपर्छ। लगत्तै पाउडर लगाउनुपर्छ। फाउन्डेसन मात्र लगाउँदा अनुहार चिल्लो देखिने हुँदा पाउडर लगाउँदा सुक्खा हुन्छ। मेकअप गरेको करिब १० मिनेटपछि अनुहारमा चमक आउँछ। घरमै बसेर आइस्याडो लगाउँदा आफूले लगाएको कपडाअनुसारको आइस्याडो लगाउन सकिन्छ। कसैलाई कपडाको कलरअनुसारको आइस्याडो मन पर्दैन भने न्युड कलरको आइस्याडो लगाउन सकिन्छ। घरमा बस्दा वा चाडपर्वको समयमा न्युड मेकअप गर्दा राम्रो देखिन्छ।

कस्तो सन्सक्रिम लगाउने ?

आफ्नो स्किनअनुसार सुट हुने क्रिम लगाउनुपर्छ। क्रिम छनोट गर्दा फेसलाई सुट हुन्छ/हुँदैन, प्रयोग गरेर मात्र किन्नुपर्छ। कसैलाई ब्रान्डअनुसारको क्रिमले सुट गर्छ भने कसैलाई कम मूल्यका क्रिमले सुट गर्ने हुन्छ। फाउन्डेसन किन्दा पनि आफ्नो स्किनअनुसार सुरुमा सुट हुन्छ/हुँदैन, प्रयोग गरेर मात्र छनोट गर्नुपर्छ।

पोषक तत्त्वले भरिपूर्ण मेवा

मेवामा भिटामिन ए, सी, ई, पोटासियम र फोलेटसहित धेरै आवश्यक पोषक तत्त्व पाइन्छन्। यसको सेवनले तपाईंको स्वास्थ्यमा धेरै फाइदा गर्छ।

मुटु स्वस्थ राख्छ : मेवामा पाइने फाइबर, पोटासियम र एन्टिअक्सिडेन्टले कोलेस्ट्रोलको स्तर कम गर्न, हृदयरोगको जोखिम कम गर्न र मुटुलाई स्वस्थ राख्न सहयोग गर्छ। यसमा पाइने एन्टिइन्फ्लेमेटरी तत्त्वले मधुमेह र क्यान्सरजस्ता दीर्घकालीन रोगहरूको जोखिम कम गर्न सहयोग गर्छ।



पाचन सुधार गर्छ : मेवा खानाले पाचन प्रणाली सुधार हुन्छ र कब्जियत कम हुन्छ।

प्रतिरक्षा प्रणाली बढाउँछ : मेवामा पाइने भिटामिन सी र अन्य एन्टिअक्सिडेन्टको उच्च मात्राले तपाईंको प्रतिरक्षा प्रणालीलाई बलियो बनाउँछ। तपाईंको शरीरलाई विभिन्न संक्रमण र रोगबाट बचाउँछ।

स्वस्थ छाला : मेवामा पाइने भिटामिन सी र अन्य एन्टिअक्सिडेन्टले तपाईंको छालालाई चाउरिनबाट जोगाउँछ।

स्वस्थ आँखा : मेवामा हुने भिटामिन एको उच्च मात्राले आँखा स्वस्थ राख्न सहयोग गर्छ।

८४ वर्षीय जुत्रासले गरे बन्जी



एड्भेन्चर हब 'द क्लिफ'मा ८४ वर्षीय क्यानेडियन नागरिक मिसेल जुत्रासले बन्जी गरेका छन्। उनले बन्जी, स्विडका साथै स्काई साइक्लिङ, स्काई ग्लाइडिङलगायत अन्य साहसिक खेलहरूको मज्जा लिएको द क्लिफका अध्यक्ष राजु कार्कीले जानकारी दिए।

८४ वर्षीय मिसेललले बन्जी गरी क्लिफमा सबैभन्दा बढी उमेरसमूहअन्तर्गतको रेकर्ड कायम गरेका छन्। यसअघि ६६ वर्षीय विदेशी महिलाले क्लिफमा बन्जी गरेकी थिइन्।

राजु कार्कीको परिकल्पना र नेतृत्वमा कालीगण्ड नदीको खोँचमाथि पर्वत र बागलुङ बलेवा जोड्ने गरी बनाइएको 'द क्लिफ'मा विश्वकै अग्लो स्विङ र विश्वकै दोस्रो अग्लो बन्जी जम्प निर्माण गरिएको छ।

बन्जी र स्विङसँगै क्लिफमा रिसोर्ट, विश्वकै अग्लो व्यावसायिक स्काई साइक्लिङ, स्काई क्याफे, वाल क्लाइम्बिङ, गुलेली पिङ, क्रेजी ब्रिज, स्काई ग्लाइडिङ, स्काई क्याफेलगायत गतिविधि सञ्चालनमा छन्।

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति: २०८०/०७/१४)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानूनी कार्यवाही अगाडी बढाइने ब्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आवहान गर्दछौं। सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
नाम: शिला सु सेन्टर ठेगाना: वितामोड-०५, झापा दर्ता नं.: १३९(२१७७)	१. शिला कार्कीको नाममा दर्ता रहेको झापा जिल्ला पाराखोपी वडा नं. ८ स्थित कित्ता नं. ८३८१ को क्षेत्रफल १०१.५८ (व.मि.) जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत २. तेज बहादुर कार्कीको नाममा दर्ता रहेको मोरङ जिल्ला मधुमल्ला वडा नं.६ स्थित कित्ता नं. १७८९ को क्षेत्रफल १३५४.५२ (व.मि.) जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**शिला कार्की** ठेगाना: पथरी-९, मोरङ बुवा: प्रेम कुमार राई बाजे: प्रितिमान राई **तेज बहादुर कार्की** ठेगाना: पथरी-९, मोरङ हाल अर्जुनधारा-६, झापा बुवा: दिल बहादुर कार्की बाजे: कबिर कार्की **उज्वल कार्की** ठेगाना: पथरी शनिश्चरे-२,मोरङ हाल अर्जुनधारा-६, झापा बुवा: तेज बहादुर कार्की बाजे: दिल बहादुर कार्की

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरु: १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय वितामोड, झापामा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले ब्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Birtamod, Jhapa. Tel: 023 530743/747
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

Karnali Province Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate
Birendranagar, Surkhet

Letter of Intent

Date of Publication: 2080/07/14 (31th October,2023)

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under PPMO's E-Procurement portal, published in website: http://www.bolpatra.gov.np/egp on 2080/05/10, 2080/05/11 & 2080/05/12 that the "Letter of Intent" has been issued in favor of following bidders who are selected on financial bid having substantially responsive lowest evaluated bid price.

S. N	Contract ID No./Project name	Substantially Responsive Lowest Evaluated Bidders	Bid Amount Including VAT & PS (NRs.)
1	IDD/SKT/W/NCB/01/080/081, Rectofit,Repair and Renovation of Minister and Secretary Office Room Birendranagar-7, Surkhet.	M/S Dipak Nirman Sewa , Birendranagar-4,Surkhet	37,94,785.75
2	IDD/SKT/W/NCB/02/080/081,Upgrading Works Of Surkhet Jilla ko bi. Na. paa 09 ko Milanchok hudai geruni-mathillo parsen hudai parseni school raharpur samma nala ra sadak.	M/S Prem Nirman Sewa,Kalikot	33,64,470.91
3	IDD/SKT/W/NCB/03/080-081, Puseni Dekhi Chadan Chauki Khola Pul samma Sadak Nirman ,Birendranagar-9, Surkhet	M/S Aron Construction,Surkhet	21,42,786.00
4	IDD/SKT/W/NCB/05/080-081, Construction of Karnali Pardesh Raji Home Stay Dekhi Paschim tira gai South Kankrebihar Tole Road,Birendranagar-10,Surkhet	M/S Lamichane Nirman Sewa, Birendranagar-9,Surkhet	32,08,680.13

Act. Director

आर्थिक संकट निवारणका एजेन्डा

रेमिट्यान्सबाट आएको वैदेशिक मुद्राको सञ्चिति देखाएर वा 'बाह्य क्षेत्र सुधि्रयो, अब आन्तरिक क्षेत्र पनि सुधि्रन्छ' भन्ने विभिन्न सरकारी निकायका रिपोर्ट यथार्थपरक छैनन्



● डा. विजयकुमार पौडेल

अग्रलेख

व्यावसायिक पसलका सटर ५० प्रतिशतभन्दा बढी बन्द भएको तथ्य विभिन्न व्यावसायिक संघसंस्थाले सार्वजनिक गरेका छन्। खुलेका धेरैजसोले पनि 'पसल बिक्रीमा' भन्ने सूचना टाँसेका छन्। चाडबाडको समयमा बजार तात्नुपर्ने हो, तर बजार अझै चिसै छ। यसको अर्थ हो, देश डरलाग्दो आर्थिक संकटबाट गुज्रिरहेको छ। रेमिट्यान्सबाट आएको वैदेशिक मुद्राको सञ्चिति देखाएर वा 'बाह्य क्षेत्र सुधि्रयो, अब आन्तरिक क्षेत्र पनि सुधि्रन्छ' भन्ने विभिन्न सरकारी निकायका रिपोर्ट यथार्थपरक छैनन्। हाम्रो राष्ट्र बैंक, अर्थ मन्त्रालय र विभिन्न सरकारी निकायका रिपोर्ट हेर्दा लाग्छ- देशमा आर्थिक संकट खासै गम्भीर अवस्थामा पुगिसकेको छैन, चिन्ता लिइहाल्नुपर्ने अवस्था छैन, तर एक-दुई अपवादबाहेक, आज हरेक उद्योगी यति निराश भएका छन् कि उनीहरू के-कसरी व्यवसाय बन्द गर्न सकिएला र बैंक ऋणको पासोबाट उम्किन सकिएला भन्ने सोचिरहेका छन्। ज्यालादारी मजदुर यसै पनि न्यून ज्यालामा काम गर्न बाध्य थिए, आज व्यवसाय संकटग्रस्त भएका कारण चाडबाडको समयमा समेत पाकेको ज्याला नपाउने अवस्थामा पुगेका छन्। ऋण लिएर खेती गरिरहेका साना तथा मध्यम किसान, साना व्यवसायी बाँच्नै नसक्ने अवस्थामा पुगेका छन्। एक समयका सफल उद्योगी-व्यवसायी कतिपयले आत्महत्याको बाटो रोज्न पुगे। दैनिक उपभोग्य वस्तुमा अत्यधिक महँगी बढेको छ। देशका हरेक क्षेत्रमा भ्रष्टाचार व्याप्त छ। नेपाली समाजमा युगौंदेखि कायम रहिआएको एकता र हार्दिकतामाथि बेरोजगारी, गरिबी र अभावको आडमा विभिन्न कोणबाट आक्रमण भइरहेका छन्। धार्मिक र विभिन्नखाले उग्रवादलाई चर्काएर नेपाली समाजलाई विभाजित गर्ने गम्भीर षड्यन्त्र चलिरहेको छ। आमजनता निराश र आक्रोशित देखिन्छन्। युवा पलायनले देश खाली हुँदै छ। देशको सक्रिय श्रमशक्ति पलायनको क्रम डरलाग्दो गरी बढेको छ।

निश्चय नै ०४६ सालपछि धेरै सडक, पुल र भवन बने। ०६३ को क्रान्तिपछि धेरै सडक पिच गरिए, पुल बने। ती पक्की सडकले उत्पादन होइन, युवाशक्ति निर्यात गरे। विकास भनेको सबैभन्दा पहिले जनता आफ्नै देशमा रोजगारी पाएर बाँच्न पाउने प्रक्रिया हो भन्नेतिर ०६३ को क्रान्तिपछि बनेका कुनै पनि सरकारले ध्यान दिएनन्। देशमा युवाजनशक्ति रोक्न नसकिएपछि अरू जे-जति भौतिक पूर्वाधार बनेका छन्, ती सबै क्रमशः प्रयोजनविहीन हुँदै जानेछन्।

सारांशमा भन्ने हो भने अहिलेको आर्थिक संकट विगत लामो समयदेखि देशमा लादिएको गलत आर्थिक नीतिको परिणाम हो, विकसित देशहरूले फालिदिएको र हामीले अपनाएको निरपेक्ष निजीकरण र उदारीकरणको एकमुस्ट परिणाम हो। अहिलेको आर्थिक संकटबाट देशलाई उँभो लगाउन सत्ता सञ्चालकसँग सही कार्यक्रम लागू गर्ने आँट भयो भने बाटो कष्टकर भए पनि, अवश्य सकिन्छ।

देशको आर्थिक संकट तात्कालिक रूपमा समाधान गर्दै दीर्घकालीन योजनाका लागि के-कस्ता एजेन्डा अगाडि सार्दा व्यावहारिक र नेपाली जनताको दुरवस्था बदल्न निर्णायक हुन सक्छन् भन्ने विषयमा गम्भीर छलफल गरी निष्कर्ष निकाली लागू गर्नु आजको आवश्यकता हो। अब देश यी एजेन्डामा आधारित कार्यक्रमका आधारमा अगाडि बढ्नुपर्छ :

(१) रोजगारीको ग्यारेन्टी, (२) कृषि उत्पादन बिक्रीको ग्यारेन्टी, (३) राष्ट्रिय उद्योगको संरक्षण, (४) युवा पलायनमा रोक, (५) सांस्कृतिक अतिक्रमणको प्रतिरोध, (६) राष्ट्रिय एकताको प्रवर्द्धन र सीमा सुरक्षा, (७) समाजवादी कार्यक्रम निर्माण र चरणबद्ध कार्यान्वयन, (८) समाजवादमा विश्वास गर्ने राजनीतिक पार्टीहरूको वैचारिक, सांगठनिक र कार्यशैली नवीकरण, (९) खर्चिलो निर्वाचन प्रणालीमा परिवर्तन, (१०) सुशासनको पक्षमा र भ्रष्टाचारविरुद्ध निरन्तर अभियान, (११) बालबालिका, महिला, दलितलगायत समुदायमाथि भइरहेका हिंसा र दमनको प्रतिरोध।

अब सरकारका हरेक कार्यक्रम रोजगारीकेन्द्रित हुनुपर्छ। यसका लागि तत्काल कृषि उत्पादन बिक्रीको ग्यारेन्टीबाहेक अर्को उपाय छैन। कृषि यस्तो क्षेत्र हो, जहाँ बचतसहित उत्पादन बिक्रीको ग्यारेन्टी हुने हो भने



६ महिनाभित्रै बेरोजगारी समस्या समाधान हुन सुरु हुन्छ। भएका उद्योगको संरक्षण गर्दै औद्योगिकीकरणमा अगाडि बढ्नुपर्ने भए पनि तत्काल ठूलो मात्रामा औद्योगिकीकरण गरेर व्यापक मात्रामा रोजगारी उपलब्ध गराउन सकिन्न। आजका सबै विकसित देश सुरुमा कृषि क्रान्तिको बाटोबाटै समृद्धि प्राप्त गर्दै अगाडि बढेका हुन्। कृषि उत्पादन बिक्रीको ग्यारेन्टी गर्दा रोजगारीका लागि अरब, मलेसियालगायत देशमा गएका श्रमिक आफ्नै देशमा श्रम गरेर बाँच्न सकिन्छ भन्ने विश्वाससाथ स्वदेश फर्किने र श्रम बेच्न बाहिर जान तयार युवापंक्ति रोकिने क्रम सुरु हुनेछ। नेपालमै पढ्न पाइने विषय हुँदाहुँदै बाहिर पढ्न जाने युवापंक्तिलाई रोक्नैपर्छ। यो कदम विकसित देशमा पढ्न जान खुट्टा उचालेका युवा पंक्तिबीच तत्कालका लागि अप्रिय हुनेछ, तर बुझ्नुपर्ने के छ भने देशको जनशक्ति निर्बाध निर्यात हुन दिँदा देश कंगाल बन्नेबाहेक अन्य उपलब्धि हात लाग्नेछैन भन्ने तथ्य बुझेर सबैले यसमा सहयोग गर्नुपर्छ।

> अहिलेको आर्थिक संकट विगत लामो समयदेखि देशमा लादिएको गलत आर्थिक नीतिको परिणाम हो, विकसित देशहरूले फालिदिएको र हामीले अपनाएको निरपेक्ष निजीकरण र उदारीकरणको एकमुस्ट परिणाम हो

आर्थिक संकट टार्न तत्काल गर्नुपर्ने काम निम्न छन्- (१) बैंक-वित्तीय संस्थाको ऋण तिर्न नसकेर अधिकांश उद्योग-व्यवसाय धरापमा परेका हुँदा आमरूपमा ऋण पुनर्तालिकीकरण गर्ने नीति लागू गर्ने। (२) बैंकहरूको 'बेस रेट' घटाउने र ब्याजदर आमरूपमा एक अंकमा झार्ने मौद्रिक नीति लागू गर्ने। (३) कर चुक्ता गर्न नसकेका कम्पनी, संस्था वा व्यक्तिलाई जरिवाना र करमा लगाइएको ब्याज/हर्जाना मिनाहा गरी किस्ताबन्दीमा आगामी दुई वर्षभित्र कर चुक्ता गर्ने सुविधा दिने। पहिलो किस्ता बुझाएपछि कर चुक्ताको प्रमाणपत्र दिई कारोबार गर्न सहज बनाइदिने। (४) लुकाइएको धन अर्थतन्त्रको मूलधारमा ल्याउन निश्चित समयको सूचना दिएर वर्तमान चलनचल्तीमा रहेका नोट परिवर्तन गरी नयाँ नोट चलनमा ल्याउने। यो कार्यक्रम 'नोटबन्दी' होइन, नोट परिवर्तन मात्रै हो। स्रोत नखुलेको धन बैंकमा जम्मा गर्दा निश्चित प्रतिशत कर लिएर सो धन वैध हुने ग्यारेन्टी गर्ने। त्यस्तो धन उद्योगधन्दामा लगानी गर्दा कम कर लाग्ने व्यवस्था गर्ने। यसो गर्न जे-जस्ता कानुन बाधक छन्, तत्काल संशोधनको द्रुत प्रक्रिया अघि बढाउने वा अध्यादेशबाट कानुन ल्याएर बाटो फुकाउने, (५) सार्वजनिक संस्थान र विभिन्न सरकारी विकासे मन्त्रालयले आमजनता वा विभिन्न कम्पनीलाई कानुनतः चुक्ता गर्नुपर्ने दायित्व छिटोभन्दा छिटो चुक्ता गर्ने। (यसका लागि स्रोत जुटाउने विभिन्न उपाय छन्।) (६) संसारका कुनै देशमा नभएका प्रावधान लादेर नर्सिङलगायत विभिन्न प्राविधिक कलेज चल्दाचल्दै बन्द गरिएका छन्। ती कलेज तत्काल सञ्चालनमा ल्याउने व्यवस्था गर्ने। (७) देशमा पढ्न पाइने विषय, कक्षा र सिट संख्या भएसम्म बाहिर पढ्न जाने प्रक्रियामा पूर्णतः रोक लगाउने। विद्यार्थी निर्यात गर्ने कन्सलटेन्सीहरू यसको विरोधमा लाग्नेछन्, त्यसको सामना गर्न सरकारले आमजनतालाई विश्वासमा लिने गरी आह्वान गर्ने। (८) देश आत्मनिर्भर भइसकेका कुखुरा, अन्डालगायत कृषि उत्पादनका वस्तु बाहिरबाट आउनमा पूर्णतः बन्देज लगाउने। (९) देशका उद्योगधन्दा बन्द गराउने योजनासाथ लामो समयदेखि विभिन्न वस्तुको आयातमा लगाइने भन्सारका दरबन्दी कायम गरिएका छन्। अनेक वस्तुमा कच्चा पदार्थको भन्सार बढी र तयारी मालको भन्सार कम गर्ने देशमारा दरबन्दी छन्। उच्चस्तरीय अध्ययन कार्यदल बनाई गहन अध्ययन गरी तत्काल ती वस्तुमा भन्सार बिन्दुमा लगाइने करको दरबन्दी औद्योगिकीकरणमा सहयोगी हुने गरी व्यवस्थित गर्ने। (१०) साधारण खर्च घटाउन राष्ट्रपतिदेखि सांसद, विभिन्न तहका जनप्रतिनिधि, विभिन्न तहका पूर्वपदाधिकारी र उच्चपदस्थ कर्मचारीलाई दिइएका सुविधा कटौती गर्ने। यसले साधारण खर्चमा कटौती त हुने नै छ, सरकारप्रति जनताको विश्वास पनि बढ्नेछ। (११) देशका विश्वविद्यालयलाई समयमै पठनपाठन, परीक्षा र परिणाम प्रकाशनको व्यवस्थामा क्यालेन्डर बनाएर लागू गर्न आवश्यक सबै कडा उपाय अपनाउने। कुनै पनि संस्था र खासगरी शैक्षिक संस्थामा बन्द वा तालाबन्दी पूर्णतः निषेध गर्ने। चित्त नबुझेका विषयमा आन्दोलनका अन्य उपाय अपनाउन सकिन्छ, तर काम रोक्ने गरी बन्द वा तालाबन्दी गर्नु राष्ट्रघाती काम हो भन्ने तथ्यलाई कानुन बनाएरै घोषणा गर्ने। (१२) संघदेखि पालिकासम्म कसैले पनि तत्काल उत्पादन वृद्धिमा सहयोग नगर्ने र रोजगारी सिर्जना नगर्ने खालका भौतिक संरचना-टावर, गेट इत्यादि बनाउन रोक्ने। (१३) तत्काल कानुन बनाई कबाडमा थन्क्याइएका र जफत गरिएका सवारीसाधन लिलाम गरी राज्यकोषमा दाखिला गर्ने। (१४) अस्पताल, सुरक्षा सेवाजस्ता अत्यावश्यक क्षेत्रमा बाहेक नयाँ सवारीसाधन खरिदमा पूर्णतः रोक लगाउने। (१५) वैदेशिक लगानीलाई सहज र सरल बनाउन 'यो रकम वैध छ, अन्यथा भएमा नेपालको कानुनबमोजिम सहुँला-बुझाउँला' भन्ने एक वाक्यको स्वघोषणाका आधारमा अति तीव्र गतिमा लगानी आउन सक्ने कानुन तत्काल बनाई लागू गर्ने। यहाँ आर्थिक संकट टार्न तत्काल गर्नैपर्ने केही बुँदाको मात्र चर्चा गरियो। यस्ता धेरै उपाय अपनाउनुपर्छ। जसको विवरण यो छोटो लेखमा राख्न सकिन्न। गठबन्धन सरकारले यसमा ध्यान देओस्। देशको आर्थिक संकट समाधान गर्नेतर्फ ध्यान दिएमा मात्रै सत्ता गठबन्धनको औचित्य रहनेछ। सही एजेन्डामा आधारित कार्यक्रमबाट मात्रै देशमा देखिएका यावत् समस्या समाधान हुनेछन्।

(डा. पौडेल एकीकृत समाजवादीका उपमहासचिव हुन्)

---

३ प्रश्न



बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री **लक्ष्मण लम्सालालाई तीन प्रश्न**

संघीय सरकारविरुद्ध मुद्दा हाल्नुपर्ने परिस्थिति किन आयो ?

संविधानतः यातायात व्यवस्थापनको एकल अधिकार प्रदेश सरकारसँग सुरक्षित छ। प्रदेश सरकारको क्षेत्राधिकार मिचेर संघीय सरकारले ऐन बनाउनु संविधान प्रतिकूल हुन्छ। संविधानप्रदत्त अधिकार हनन भएकाले मुद्दा हाल्नुपरेको हो, संघीय सरकारको विरोध गरेको होइन। संघीय सरकारले बनाएको ऐनले बागमती प्रदेशभित्रका १३ मध्ये १० जिल्लालाई एक खालको नियमन हुने, बाँकी ३ जिल्लालाई अर्को खालको नियमन हुने व्यवस्थाले समानता हुँदैन।

मुद्दा मामिलाले संघ र प्रदेशबीच द्वन्द्व बढाउँदैन ?

यसले द्वन्द्व होइन, हार्दिकता बढाउँछ। तीन तहका सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्वमा संविधानले जोड दिएको छ। एउटा सरकारले अर्को सरकारको अधिकार क्षेत्र मिच्नु हुँदैन। कतिपय अस्पष्ट, बाझिएका र नमिलेका विषयलाई संवैधानिक इजलासबाट स्पष्ट पार्नुपर्छ। त्यसैले, हाम्रो कदमले द्वन्द्व बढाउँदैन। संविधानको भावनालाई आत्मसात् गर्छ। हामी असल नियतसाथ सर्वोच्च गएका हौं।

संघ र प्रदेशबीच देखिँदै आएको द्वन्द्वको समाधान कसरी हुन सक्छ ?

संघीय सरकारले हेरिरहेको परराष्ट्रको विषय प्रदेश सरकारले हेर्न नसकेजस्तै प्रदेश सरकारको अधिकारको विषय पनि केन्द्र सरकारले हेर्न सक्दैन। संविधानले यातायात व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको छ। प्रदेश सरकारको अधिकार मिचिने गरी बनेको संघीय कानुन मान्य हुँदैन। यो कानुनले संघीयतालाई बलियो बनाउँदैन। संघीयताविरोधीले एकातिर आवाज उठाइरहेको अवस्थामा यस्ता कानुनले संघीयता कमजोर हुन्छ। सर्वोच्चको व्याख्याबाट अधिकार क्षेत्र स्पष्ट हुन्छ र समस्याको समाधान निस्कन्छ।

प्रेरक प्रसंग

राष्ट्रपतिको विनम्रता

एकपटक अमेरिकाका प्रथम राष्ट्रपति जर्ज वासिंटन कतै जाँदै थिए। साथमा उनका केही निकट मित्र र राष्ट्रपति कार्यालयका केही अधिकारी थिए। उनीहरू अलग-अलग बग्गीमा बसेर यात्रा गर्दै थिए। उनीहरू एउटा गाउँ हुँदै अर्को गाउँतिर गइरहेका थिए।



यात्राका क्रममा उनीहरू एउटा गाउँमा पुगे। बाटामा एकजना अश्वेत युवा देखिए। सायद उनले राष्ट्रपति वासिंटनलाई चिने। त्यसैले, उनले आफूले लगाइरहेको ह्याट उतारेर केही झुक्दै राष्ट्रपतिलाई अभिवादन गरे। यो देखेपछि राष्ट्रपति वासिंटन पनि आफू बसिरहेको बग्गीको सिटबाट जुरुक्क उठे, आफ्नो ह्याट उतारे र ती अश्वेत युवाभन्दा केही बढी नै झुकेर अभिवादन फर्काए। राष्ट्रपतिको यस्तो व्यवहार देखिरहेका उनका मित्र तथा कार्यालयका अधिकारी अचम्मित भए।

केही पर पुगेपछि उनीहरूको टोली विश्रामका लागि एकैछिन रोकियो। विश्रामको समयमा मौका पाएर राष्ट्रपति वासिंटनका एक मित्रले उनीसित सोधे- तपाईं पनि अनौठा मानिस हुनुहुन्छ महामहिम ! आखिर एक अशिक्षित गाउँले अश्वेत नागरिकले आफ्नो देशका राष्ट्रपतिलाई सम्मान गर्दा तपाईंले ऊभन्दा पनि बढी नै झुकेर अभिवादन गरिरहनु के जरुरी थियो ? मित्रको प्रश्न सुनेपछि एकैछिन गम्भीर भएर राष्ट्रपति वासिंटनले जवाफ दिए- मित्र, एक अशिक्षित, गाउँले अश्वेत नागरिकले मलाई देखेर यति सभ्यता देखाउन सक्छन् भने मचाहिँ देशको राष्ट्रपति भएर पनि उनीभन्दा कम सभ्यता कसरी देखाउन सक्छु ? मैले, त्यति सभ्यता नदेखाएको भए, उनीसामु म कति असभ्य ठहरिँदो हुँ, यसो विचार गर्नुहोस् त ! वासिंटनको जवाफ सुनेर उनका मित्र र कार्यालयका अधिकारीले शिर झुकाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गुटेरेसको सन्देशको अर्थ

नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बुद्ध जन्मभूमि नेपालबाट विश्वशान्तिका लागि दिएको सन्देश अर्थपूर्ण छ। गुटेरेसले यो सन्देश आफ्नो कार्यक्षेत्राबाटै पनि दिन सक्थे। तर, उनले त्यसका लागि नेपाललाई नै रोज्नुले विशेष अर्थ बोकेको छ। यतिखेर विश्व पूर्णतः अशान्त छ। विश्वभर युद्धको सन्त्रास फैलिइरहेको छ। यस्तोमा बुद्धको जन्मभूमि नेपालबाट संयुक्त राष्ट्रसंघका महासचिवले विश्वशान्तिका लागि अपिल गरिसकेपछि कम्तीमा सबैले यसको पालना गर्नु जरुरी छ। युद्धले कसैको पनि हित गर्दैन। यसले विनाश मात्र निम्त्याउँछ। त्यसैले, गुटेरेसको सन्देशको मर्म बुझौं र विश्वमा शान्ति कायम गरौं।

● **भूमिका पासवान**, सिफल, काठमाडौं

क्रिकेट टोलीलाई शुभकामना !

नेपाली राष्ट्रिय क्रिकेट टोलीले सोमबार कीर्तिपुरस्थित घरेलु मैदानमा टी-२० विश्वकप एसियन छनोटको पहिलो खेलमा सानदार जित हात पारेको छ। यो छनोटबाट फाइनलमा पुग्न सफल हुने दुई राष्ट्रले आगामी वर्ष आयोजना हुने टी-२० विश्वकपमा सहभागी हुने पाउनेछन्। त्यसैले पनि यो जितको विशेष अर्थ रहनेछ। त्यसैले, आगामी दिनको थप सफलताका लागि टिम नेपालका सम्पूर्ण खेलाडी र प्रशिक्षक मोन्टी देसाईंलाई हार्दिक शुभकामना !

● **सर्वेन्द्र राना**
सूर्यविनायक, भक्तपुर

हत्यारा छिटो पत्ता लगाऊ

'श्रीमती र छोराछोरीका हत्यारा पत्ता नलागेसम्म शव नबुझ्ने बोहोराको अडान' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। पत्नी र प्यारा छोराछोरीको सुखद भविष्यको कल्पनामा विदेशी भूमिमा पसिना बगाउन पुगेका दीपक बोहोराले यतिखेर जेजस्तो पीडा भोगिरहेका छन्, त्यसको अरू कसैले पनि अनुमान लगाउन या अनुभव गर्न सक्दैन। बोहोराले लिएको अडान ठिक छ। त्यसैले, उनका आफन्तका हत्यारालाई सकेसम्म छिटो पक्राउ गरी सार्वजनिक गरियोस्।

● **गौरव पुलामी**
सामाखुसी, काठमाडौं

भ्रमण सही तर समय गलत

यतिखेर संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस नेपालको चारदिने भ्रमणमा छन्। उनीजस्ता उच्चपदस्थ व्यक्ति हाम्रो देशको भ्रमणमा आउनु खुसीकै विषय हो। यसबाट नेपालको अन्तर्राष्ट्रिय कूटनीतिक आयाम बढ्न सक्छ। तथापि उनको भ्रमणको अहिलेको समय भने ठिक भएन।

अहिले हरेक मिनेटमा इजरायल-पेलेस्टाइन युद्धका कारण निर्दोष मानिस मरिरहेका छन्। उता रसिया-युक्रेनमा उस्तै खराब अवस्था छ। यो वेला युद्ध रोक्न र मानवीय क्षति कम गर्न गुटेरेसको हरेक मिनेट महत्त्वपूर्ण छ। उनको पहिलो दायित्व नै विश्वमा युद्ध रोकी शान्ति स्थापना गर्नु हो। जसमा उनी अहिले नराम्रोसँग चुकेका छन्। एक महिनाभित्रै युद्धबाट करिब नौ हजार व्यक्तिको ज्यान गएको छ। हजारौं घाइते भएका छन्। यसर्थ, यो वेला गुटेरेसको भ्रमण गर्ने वेला होइन, शान्ति कायम गर्न सक्दो प्रयत्न गरी युद्ध रोक्ने वेला हो। उनको ध्यान त्यसैमा जानुपर्थ्यो।

गुटेरेसको अन्नपूर्ण सर्किटको भ्रमणले पक्कै पनि जलवायु परिवर्तनले नेपाललाई पारेको असरबारे विश्व समुदायसम्म सन्देश पक्कै पुग्ला। यसले कार्बन उत्सर्जनलाई घटाउन थोरै नै भए पनि मद्दत गर्ला। उता लुम्बिनीको भ्रमणले भगवान् बुद्ध जन्मस्थलको थप प्रचारप्रसार र शान्तिका लागि योगदान पनि पुग्ला नै। तर, हाम्रो राष्ट्रलाई फाइदा पुग्यो भन्दैमा यो समयको गुटेरेसको भ्रमणलाई समर्थन गर्न भने सकिँदैन। उनले सही भ्रमणका लागि गलत समय चयन गरेकै हुन्।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

यसरी बनाउन सकिन्छ सी-बाइडेन वार्ता अर्थपूर्ण

राष्ट्रपतिद्वय बाइडेन र सीले साँच्चै पुनर्संलग्नता चाहेका हुन् भने जनताबीचको सम्बन्ध विस्तारमा जोड दिनुपर्छ



देश/विदेश

● स्टेफेन एस रोच

आगामी ११ देखि १७ नोभेम्बरसम्म सान फ्रान्सिस्कोमा हुने एसिया-प्यासिफिक इकोनोमिक कोअपरेसन (एपेक) नेतृत्वको बैठकमा सबैको ध्यान केन्द्रित छ। अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिनपिङको भेट हुने सम्भावना भएकाले पनि बैठकमा सबैको ध्यान विशेष रूपमा केन्द्रित छ। यसअघि दुवै राष्ट्रपतिको गत वर्ष इन्डोनेसियाको बालीमा सम्पन्न वार्षिक जी-२० शिखर सम्मेलनको पूर्वसन्ध्यामा भेट भएको थियो।

राष्ट्रपतिद्वयको बाली भेटघाटले अमेरिका-चीनबीचको खस्किँदो सम्बन्धलाई स्थिरता दिन 'भुइँ'को सिर्जना गरे पनि स्थिरताले भने भुइँ टेक्न भने सकेन। सम्मेलनपछि अमेरिकाले जासुसीको आरोप लगाउँदै चिनियाँ बेलुन खसाल्यो र कूटनीतिक गतिरोध निम्तियो। नतिजा चिनियाँ प्रविधिमा प्रतिबन्ध लाग्यो र झन्डै-झन्डै सैन्य तनावको अवस्था सिर्जना भयो। अमेरिकी कांग्रेसले ताइवानमा निकै जोड दियो र प्रतिक्रियास्वरूप सीले अमेरिकालाई व्यापक नियन्त्रण गर्न खोजेको आरोप लगाए।

बाइडेन-सीको आगामी भेटको ठूलो महत्त्व छ। गत वर्षको वार्ता खासै सफल नदेखिए पनि यो वर्ष सान फ्रान्सिस्कोको एपेक सम्मेलनमा दुई नेताबीचको वार्ता सफल हुने देखिन्छ। तनावपूर्ण अमेरिका-चीन सम्बन्ध र विश्वव्यापी युद्धको अराजकताबीच तीन प्रमुख लक्ष्यले सम्भावित वार्तालाई मार्गदर्शन गर्नुपर्छ।

पहिलो मार्गनिर्देशन भने मूर्त परिणाम हुनुपर्छ। संलग्नताबाट जोगिन र विगतलाई द्वन्द्वको कारण मान्ने अमेरिकी झुकावका बाबजुद रचनात्मक संवादका लागि साझा आधार स्थापना गर्नु महत्त्वपूर्ण छ। 'भुइँ' वा 'जोखिम निवारण'जस्ता नाराको साटो हासिल गर्न सकिने उद्देश्यमा केन्द्रित हुनुपर्छ। चेंग्दु र ह्युस्टनका बन्द वाणिज्य दूतावास पुनः खोल्ने, भिसा प्रतिबन्ध खुकुलो पार्ने, हवाई यात्रा विस्तार गर्ने र 'फुलब्राइट'जस्ता शैक्षिक आदानप्रदानलाई पुनरुत्थान गर्ने काम केही उद्देश्य हुन सक्छन्।

यदि राष्ट्रपतिद्वयले साँच्चै पुनर्संलग्नता चाहेका हुन् भने जनताबीचको सम्बन्ध विस्तार गर्नुपर्छ। र, यसले राजनीतिक तनाव कम गर्न सक्छ। एनजिओमा लागेका प्रतिबन्ध सहज बनाउने वा 'फेन्टेनिल' संकटलाई संयुक्त रूपमा सम्बोधन गर्नेजस्ता सरल मुद्दाबाट सुरु गरेर बाइडेन र सीले थप चुनौतीपूर्ण विषयमा छलफलका लागि मार्ग प्रशस्त गर्न सक्छन्।

अगस्ट २०२२ को न्यान्सी पेलोसीको ताइवान भ्रमणपछि चीनले बन्द गरेको नियमित सैन्य सञ्चारलाई सुचारु गर्नु तात्कालिक एवं महत्त्वपूर्ण प्राथमिकता हो। फेब्रुअरीमा भएको बेलुन घटना र ताइवान स्ट्रेट र साउथ चाइना सीमा युद्धपोत र लडाकु विमानबीच झन्डै भएका मुठभेडले सैन्य सम्पर्कको अनुपस्थितिलाई स्पष्ट गरेको थियो। बढ्दो तनाव र अनुत्तरदायी सैन्य सञ्चारका कारण दुई महाशक्तिबीच आकस्मिक द्वन्द्वको जोखिम उल्लेखनीय ढंगले बढेको छ।

दोस्रो, महत्त्वाकांक्षी लक्ष्य व्यक्त गर्न आवश्यक छ। बाइडेन र सीको संयुक्त वक्तव्यले जलवायु परिवर्तन र विश्वव्यापी स्वास्थ्यजस्ता महत्त्वपूर्ण चुनौतीको साझा मान्यतामा जोड दिनुपर्छ। जलवायुका लागि अमेरिकी राष्ट्रपतिका विशेष दूत जोन केरी र वरिष्ठ चिनियाँ



तस्बिर : सौल लेब/एएफपी

अधिकारीबीच धेरै भेटघाट भए पनि राष्ट्रिय सुरक्षा चिन्ताका कारण स्वच्छ ऊर्जामा सहकार्य हुन सकेको छैन। यसबाहेक कोभिड-१९ को उत्पत्तिलाई लिएर भइरहेको राजनीतिक तनावले विश्वव्यापी स्वास्थ्य प्रयासमा अवरोध पुऱ्याएको छ।

बाइडेन-सीको वार्ताले यी महत्त्वपूर्ण मुद्दाको समाधान नगर्न सक्छ, तर यी मुद्दालाई स्वीकार गर्नु नै अस्थिर विश्वमा एक प्रतिबद्धताको प्रतीक हो। इजरायल-हमास द्वन्द्वले महत्त्वपूर्ण क्षेत्रीय संकटमा विस्तार हुने सम्भावना छ र यो सम्भावना युक्रेन युद्धको एक महत्त्वपूर्ण चरणका वेला देखिएको छ। अमेरिका र चीनले दुवै द्वन्द्वमा शान्ति सम्झौताको मध्यस्थता गरेर महत्त्वपूर्ण योगदान गर्न सक्छन्।

अन्त्यमा, अमेरिका र चीनबीचको सम्बन्धमा राष्ट्रपतिद्वयको संलग्नतालाई लिएर नयाँ दृष्टिकोण आवश्यक छ। उसो त सान फ्रान्सिस्कोमा बाइडेन-सी वार्ता लाभदायक नै हुनेछ, तर यी दुई प्रमुख शक्तिबीच अन्तर्निहित विवाद समाधान गर्न वार्षिक शिखर सम्मेलनमा मात्र भर पर्नु अपर्याप्त हुन्छ। म नेतादेखि नेतामा सीमित हुने कूटनीतिबाट निरन्तर संस्थागत संलग्नता मोडेलमा जानुपर्छ भन्ने मान्यता राख्छु। यस मोडेलले चलिरहेको समस्या निवारण र द्वन्द्व समाधानका लागि स्थायी संरचना प्रदान गर्ने लक्ष्य राख्छ।

अमेरिका-चीन सचिवालयको मेरो प्रस्ताव यस्तै एक सम्भावना हो। चीन र एसियाका अन्य ठाउँमा यस्तो विचारलाई सामान्यतया स्वागत गरिए पनि अमेरिकी नीति-निर्माताले भने चासो देखाएका छैनन्। वास्तवमा अमेरिकी कांग्रेस प्रतिनिधि माइक ग्यालाघरले 'जोम्बी संलग्नता'को हौवा फैलाइरहेका छन्, अर्थात् उनले चिनियाँसँग पुनः सम्बन्ध प्रयासले अमेरिकाको अवसान हुन सक्ने चेतावनी दिएका छन्।

यति भन्दै गर्दा चारवटा अमेरिका-चीन कार्य समूहको स्थापनाले म उत्साहित भएको छु। तर, यी कार्य समूह अपर्याप्त छन् किनभने कुनै वेला वाणिज्य एवं व्यापारको संयुक्त आयोगको तत्वावधानमा रहेका १६ कार्य समूह थिए। यी कार्य समूहलाई सन् २०१७ मा तत्कालीन ट्रम्प प्रशासनमा निष्क्रिय पारिएको थियो। ठूला नेताको वार्ता मिडिया समारोहभन्दा बढी देखिँदैन। दुर्भाग्य, गत वर्षको बाली सम्मेलनको वार्ता यस्तै मिडिया समारोहमा मात्रै परिणत भएका थिए। अमेरिका, चीन र विश्वले यस वर्ष सान फ्रान्सिस्कोमा शून्य नतिजा वहन गर्न सक्दैन। सामूहिक कार्य अपरिहार्य बनिसकेको छ। बाइडेन र सीका लागि हासिल गर्न सकिने उद्देश्य र महत्त्वाकांक्षी लक्ष्य तय गर्ने मौका छ। र, यो मौका खेर जान दिनुहुँदैन।

(रोच येल विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

खराब माटो पनि हो तीव्र बाढीको कारक

जलप्रलयका घटना बढिरहेको यस घडीमा अनुसन्धानकर्ताहरूले बाढीले असर गरेका बोटबिरुवाको स्वास्थ्यलाई सहयोग गर्ने, माटोको उर्वरता पुनर्स्थापित गर्ने तथा माटोमा बस्ने सूक्ष्म र ठूला जीवहरूको पुनः प्राप्तिमा सहयोग गर्ने उपाय गर्नुपर्छ





● इस्थर एड्गुम्बे
(एड्गुम्बे अर्बाना स्याम्पेनस्थित युनिभर्सिटी अफ इलिनोइसका कीटविज्ञानका उपप्राध्यापक हुन्)

संसारभरि नै बाढीका घटनाको तीव्रता र आवृत्ति बढेको छ। पछिल्ला केही महिनामा मात्र न्युजर्सी, न्युयोर्क, लिबिया र ग्रिसमा आएका भीषण बाढीले हजारौँ मानिसको ज्यान लिएको छ भने पूर्वाधार, खेतबारी र पशुधनमा व्यापक क्षति पुऱ्याएको छ। यसले कृषिमा दबाब सिर्जना गरी खाद्य असुरक्षा निम्त्याउन सक्छ।

बाढीबाट माटोमा पर्ने असर देखिने विनाशको तुलनामा सूक्ष्म हुन्छ, तर यो कम महत्त्वपूर्ण हुँदैन। बाढीले माटोको जीवविज्ञान र स्वास्थ्यलाई हानि पुऱ्याउनुका साथै माटोमा बसेर झरपात कुहाउने, पोषकतत्त्वलाई टुक्र्याएर पुनः उपयोगी बनाउने, बोटबिरुवाको वृद्धिलाई उत्प्रेरित गर्ने, हानिकारक कीरालगायत अवरोधकलाई हटाउनेजस्ता आधारभूत कार्य गर्ने लाभकारी सूक्ष्मजीव र किरालाई पनि हानि पुऱ्याउन सक्छ। यस सहजीवी इकोसिस्टम (पर्याप्रणाली)को क्षतिले बाली उत्पादनमा दूरगामी प्रभाव पार्छ।

इलिनोइस विश्वविद्यालयस्थित मेरो प्रयोगशालाको एउटा नयाँ अनुसन्धानले बाढीले माटोका माइक्रोबियल (सूक्ष्मजीव जगत्) तथा मकै र टमाटरजस्ता कृषि उत्पादनमा पार्ने प्रभावको अनुसन्धान गरिरहेको छ। हाम्रो र अन्य विज्ञका अनुसन्धानले पनि बाढीका कारण माटोमा अत्यधिक ओसिलोपनले बालीको उत्पादनमा गम्भीर हानि निम्त्याउन सक्ने देखाएका छन्। बाँझोपन र बालीनालीको नोक्सानी बढाउने देखाएका छन्।

अहिलेसम्मको अध्ययन तुलनात्मक रूपमा सीमित भए पनि बाढीले माटोको कार्यप्रणाली र माटोको माइक्रोबियल समुदायलाई नकारात्मक असर पार्न सक्छ भन्ने कुरा देखाएको छ। वसन्त ऋतुमा उत्पादन हुने गहुँमा गरिएको एउटा प्रयोगले बाढीले लाभकारी जीवाणुलाई नष्ट गरेको र बोटबिरुवाका निम्ति हानिकारक जीवाणु बढाएको पाएको थियो। अर्को प्रयोगात्मक अनुसन्धानले यस्ता चरम मौसमी घटनाले माइक्रोबियल र माटोका ढुसीजन्य जीवाणुको संख्यामा उल्लेख्य कमी आएको देखाएको थियो।

> बाढीले कृषिलाई टेवा दिने सूक्ष्मजीवको अदृश्य जगत्लाई नराम्ररी क्षति पुऱ्याउन र जलवायु संकट बढ्दै जाँदा खाद्य सुरक्षामा दूरगामी प्रभाव पार्न सक्छ। त्यसैले अनुसन्धाताले बाढीले निम्त्याएको माटोको क्षयीकरण रोक्ने उपाय पहिचान गर्ने काम गर्नुपर्छ।

यसबाहेक, बाढीको पानी कम भएपछि पनि बाँचेका जीवाणुले मौलिक रूपमा नै फरक अवस्था एवं परिस्थितिको सामना गर्ने भएकाले तीनको संख्या चाँडै पहिलेकै स्थितिमा फर्कन वा बिस्तारै सिद्धिदै जान सक्छ। माटोको स्वस्थ्य र कार्यात्मक माइक्रोबायोम (सूक्ष्मजीवाणु) विनापोषक तत्त्वहरूको रिसाइकल सम्भव हुँदैन। फलस्वरूप बोटबिरुवा कमजोर हुन्छन्। किरा र रोगजन्य जीवाणुका लागि अनुकूल वातावरण तयार हुन्छ र तिनको आक्रमणका लागि मार्ग प्रशस्त गरिदिन्छ।

माटोको स्वास्थ्य बिग्रनु बोटबिरुवाका लागि त खराबै हो, मानिसका लागि पनि खराब हो। स्वस्थ माटो स्वस्थ खाद्य उत्पादनको आधारशिला हो। हामीलाई उच्च पोषणयुक्त बालीहरू हुर्काउन स्वस्थ माटो चाहिन्छ। खेतीका विभिन्न विधिमा गरिएका अनुसन्धानले माटोको स्वास्थ्यले खाद्य पदार्थको पोषकतत्त्व निर्धारणमा खेल्ने महत्त्वपूर्ण तर नजरअन्दाज गरिएको भूमिकालाई उजागर गरेको छ। यसको तात्पर्य हामीलाई खाद्य सुरक्षाको दृष्टिले बालीहरूमा बाढीको प्रभाव बुझ्न थप अनुसन्धानको आवश्यकता छ। बाढीले माटोका लाभदायक सूक्ष्मजीवमा पार्ने प्रभावका साथै माटोको जीवविज्ञान, गुणस्तर र स्वास्थ्यमा बाढीले कसरी प्रभाव पार्छ भन्ने विषयमा धेरैभन्दा धेरै अनुसन्धान आवश्यक छ।

अझ महत्त्वपूर्ण कुरा के भने जलप्रलयका घटना बढिरहेको यस घडीमा अनुसन्धानकर्ताले बाढीले असर गरेका बोटबिरुवाको स्वास्थ्यलाई सहयोग गर्ने, माटोको उर्वरता पुनर्स्थापित गर्ने र माटोमा बस्ने सूक्ष्म र ठूला जीवहरूको पुनः प्राप्तिमा सहयोग गर्ने उपाय पहिचान गर्न काम गर्नुपर्छ। उदाहरणका लागि, बाढीपछि तुरुन्तै नाइट्रोजन मलको प्रयोगलाई बाढीको दुष्प्रभाव कम गर्ने एउटा रणनीतिका रूपमा प्रस्तावित गरिएको छ। यसले बाढीले डुबाएको बोटविरुवालाई पुनर्जीवन दिन सक्छ।

दुर्भाग्यवश, माटोका सूक्ष्मजीवाणु र ठूला जीवाणुलाई पुर्नस्थापित गर्न बोटबिरुवाहरूलाई भन्दा बढी समय लाग्न सक्छ। तिनको पुनर्स्थापना बाढीको अवधि, गम्भीरता, माटोको भिज्नुअघिको अवस्थालगायत धेरै कारकमा निर्भर गर्छ। यसमा एक वर्षदेखि धेरै वर्षसम्म लाग्न सक्छ।

माटोको क्षय रोक्ने कभर क्रप्सहरूको प्रयोग यी जीवलाई पुनर्स्थापित गर्न सिफारिस गरिएका उपायमध्ये एक हो।

यी अनुसन्धान प्रयासलाई भविष्यमा कहाँ बाढीका घटना हुन सक्छन् र ती कति लामो समयसम्म रहन्छन् भनेर निर्धारण गर्न मद्दत गर्ने मोडेलिङ अध्ययनले परिपूरण गर्नुपर्छ। सबैखाले वातावरणीय अवस्थामा प्रयोगधर्मी अनुसन्धान सञ्चालन गर्न सम्भव हुँदैन। यसैले बाढीको मोडलिङ पूर्वकल्पना (हाइपोथेसिस) को परीक्षण र विभिन्न परिदृश्यको विश्लेषण गर्ने विशेषगरी माटोको गुणस्तर, माइक्रोबियल समुदाय र बोटबिरुवाको स्वास्थ्यको परीक्षण गर्ने महत्त्वपूर्ण उपकरण हो।

अनुसन्धानका यी पहल र मोडेलिङ अध्ययनका तथ्यांकलाई सरकार र मानवतावादी एजेन्सीमाझ व्यापक रूपमा प्रसारित र सम्प्रेषित गरिनुपर्छ। यसो गर्दा नीति-निर्माता र नागरिक समाजका नेताहरूले बाढीले निम्त्याएको माटोको क्षयीकरण रोक्ने रणनीति र उपाय तर्जुमा गर्न सक्छन्।

देशहरूले बाढी, माटोको गुणस्तर, बोटबिरुवाको स्वास्थ्य र खाद्य असुरक्षाबीचको कडीहरूलाई जोड्नुपर्छ। हामीले कृषिलाई टेवा दिने सूक्ष्म जीवनको अदृश्य जगत्को हेरचाह गर्दा मात्र बाढीले बालीनालीको उत्पादनमा पार्ने हानिकारक प्रभावलाई न्यूनीकरणको बृहत् तयारी रणनीति तर्जुमा गर्न र वैज्ञानिक हस्तक्षेपहरूको डिजाइन गर्न सक्छौँ। हेक्का राखौँ, चरम मौसमी घटना सामान्य र अधिक तीव्र हुँदै गइरहेको यो समय माटोलाई धुलो वा फोहोरलाई जस्तो व्यवहार गर्न बन्द गर्ने समय हो।

- प्रोजेक्ट सिन्डिकेटबाट

प्रदूषण बढेपछि बेइजिङमा अलर्ट जारी

बेइजिङ/ प्रदूषण बढेपछि चीनको राजधानी सहर बेइजिङमा अलर्ट जारी गरिएको छ।। उच्च वायु प्रदूषण नियन्त्रणका लागि सोमबार अरेन्ज अलर्ट जारी गरिएको हो। लगातार दुई दिनसम्म गम्भीर वा लगातार मध्यम वायु प्रदूषण हुँदा अरेन्ज अलर्ट जारी गरिन्छ।

मंगलबारदेखि बिहीबारसम्म सरकारले व्यापक प्रदूषण फैलाउने सवारीसाधनमाथि अनिवार्य यातायात प्रतिबन्ध लगाउने भएको छ।

बेइजिङ म्युनिसिपल इकोलोजी एन्ड इन्भाइरोमेन्ट ब्युरोले बालबालिका, वृद्ध, हृदय वा दीर्घ स्वास्थ्य समस्याबाट पीडित मानिसलाई घरभित्रै बस्न र अन्य मानिसलाई बाहिरी गतिविधि कम गर्न सल्लाह दिएको छ। ब्युरोले प्रतिकूल मौसमका कारणले बेइजिङ र छिमेकी क्षेत्रमा धुवाँ देखिएको बताएको छ। मौसम पूर्वानुमानअनुसार बेइजिङमा वायु प्रदूषणको विद्यमान अवस्था शुक्रबार समाप्त हुने अनुमान गरिएको छ।

इतिहासमा आज

अक्टोबर ३१



सन् १९८४ : भारतकी प्रथम महिला प्रधानमन्त्री इन्दिरा गान्धीको हत्या। गान्धीको हत्या आफ्नै दुई अंगरक्षकले गरेका थिए। उनको हत्यापछि राजधानी नयाँदिल्लीलगायत भारतका विभिन्न स्थानमा भड्किएको हिंसामा हजारौँ शिख मारिएका थिए।

सन् १९७८ : जनगणतन्त्र यमनले आफ्नो संविधान लागू गरेको थियो। सन् १९९० मा दक्षिण यमन उत्तर यमनसँग एकीकृत भई अहिलेको यमन बनेको हो।

सन् १९९२ : क्याथोलिक चर्चका तत्कालीन धर्मगुरु पोप जोन पल द्वितीयले क्याथोलिक चर्चले गल्ती गरेको भन्दै पश्चात्ताप व्यक्त गरे। १७औँ शताब्दीमा ग्यालिलियो ग्यालिलीलाई चर्चले गरेको व्यवहार खेदजनक भएको जोन पलले स्विकारेका थिए।

सन् १९९९ : आजकै दिन इजिप्ट एयरको फ्लाइट ९९० दुर्घटनामा परेको थियो। अमेरिकाको पूर्वी तटमा भएको सो दुर्घटनामा विमानमा सवार सबै २१७ जनाको मृत्यु भयो।

सन् २०११ : विश्वको कुल जनसंख्या सात अर्ब पुगेको थियो। राष्ट्रसंघको जनसंख्या कोषले सन् २०११ को ३१ अक्टोबरलाई सात अर्बको जनसंख्या भएको दिनको रूपमा स्मरण गर्छ।

विश्व संक्षेप

इजरायली हमलामा मारिने प्यालेस्टिनी आठ हजार नाघे

जेरुसेलम/ गाजापट्टीमा इजरायली आक्रमणमा परेर मृत्यु हुने प्यालेस्टिनीको संख्या आठ हजार ३०६ पुगेको छ। प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले सोमबार उक्त जानकारी दिएको हो। मृत्यु हुनेमा तीन हजार ४५७ बालबालिका र दुई हजार १३६ महिला छन्। हमलामा २१ हजार ४८ प्यालेस्टिनी घाइते भएका मन्त्रालयका प्रवक्ता असरफ अल-कद्राले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। गाजापट्टीमा इजरायलको बमबारीका कारण २५ वटा अस्पताल सेवा स्थगन गर्न बाध्य भएको र २५ वटा एम्बुलेन्सलाई निसाना बनाइएको मन्त्रालयले जनाएको छ। घाइते प्यालेस्टिनीलाई बचाउन पर्याप्त रगत नभएको बताउँदै अल-कद्राले गाजावासीलाई अस्पतालमा गएर रक्तदान गर्न आग्रह गरेका छन्।

गत अक्टोबर ७ मा हमासले इजरायली सेनाले सुरक्षा दिँदै आएको क्षेत्र र सहरहरूमा गरेको आक्रमणपछि इजरायली आक्रमण सुरु भएको थियो। अहिलेसम्म इजरायलमा कम्तीमा एक हजार चार सयजनाको मृत्यु भइसकेको छ। इजरायली रक्षाबलका अनुसार हमासको आक्रमणका क्रममा कुल २३९ जनालाई बन्धक बनाइएको थियो, जसमध्ये अधिकांश सर्वसाधारण थिए।

अन्तरिक्ष स्टेसनमा मुसाको भ्रूण विकास

टोकियो/ जापानी वैज्ञानिकले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस)मा मुसाको भ्रूण विकास गरेका छन्। वैज्ञानिकहरूका अनुसार पहिलो अध्ययनमा सामान्य रूपमा भ्रूणको विकास भएको छ र यसले मानिसका लागि अन्तरिक्षमा प्रजनन गराउन सम्भव हुन सक्ने संकेत दिएको छ।

इमानासी विश्वविद्यालयको एड्भान्स्ड बायोटेक्नोलोजी सेन्टरका प्राध्यापक तेरुहिको वाकायामा र जापान एयरोस्पेस स्पेस एजेन्सी (जेएएक्सए) का अन्वेषकहरूले सन् २०२१ अगस्टमा एउटा रकेटमा जमेको मुसाको भ्रूणलाई आइएसएसमा पठाएका थिए। अन्तरिक्षयात्रीले सोही उद्देश्यले डिजाइन गरिएको विशेष उपकरणको प्रयोगले प्रारम्भिक चरणमा भ्रूणलाई पगाले र तिनीहरूलाई चार दिनसम्म स्टेसनमा विकसित गरे। 'सूक्ष्म गुरुत्वाकर्षणको परिस्थितिमा विकसित भएका भ्रूण सामान्यतया ब्लास्टोसिस्टमा विकसित हुन्छन्, बलास्टोसिस्ट त्यस्तो कोषिका हो, जुन प्लेसेन्टामा विकसित हुन्छ,' वैज्ञानिकहरूले भनेका छन्।

शनिबार वैज्ञानिक पत्रिका आइसाइन्समा प्रकाशित एक अध्ययनमा अन्वेषकहरूले भनेका छन्, 'प्रयोगबाट के स्पष्ट भएको छ भने भ्रूणको विकासमा गुरुत्वाकर्षणको कुनै उल्लेखनीय असर थिएन।' उनीहरूले पृथ्वीमा प्रयोगशालामा फिर्ता पठाइएको ब्लास्टोसिस्टको विश्लेषण गरेपछि डिएनए र जिनको स्थितिमा कुनै उल्लेखनीय परिवर्तन नभएको पनि बताएका छन्। 'यो पहिलो अध्ययनले अन्तरिक्षमा स्तनधारी फस्टाउन सक्छन् भन्ने देखाएको छ,' यामानासी विश्वविद्यालय र राष्ट्रिय अनुसन्धान संस्थान रिकेनले संयुक्त विज्ञप्तिमा भनेका छन्।

बंगलादेशमा विपक्षी दलका नेता पक्राउ

ढाका/ बंगलादेशका प्रमुख प्रतिपक्षी दलका नेता पक्राउ परेका छन्। विपक्षी पार्टीले सरकारविरोधी प्रदर्शन चर्काइरहेका बेला बंगलादेश नेसनालिस्ट पार्टी (बिएनपी) का नेता मिर्जा फखरुल इस्लाम आलमगिर पक्राउ परेका हुन्। 'मिर्जा फखरुल इस्लाम आलमगिरलाई प्रशासनका अधिकारीहरूले पक्राउ गरेका छन्,' पार्टीले एक विज्ञप्तिमा भनेको छ। इस्लामलाई प्रहरीले हिरासतमा राखेको उनकी छोरीले पुष्टि गरेकी छिन्।

तर, ढाका मेट्रोपोलिटन प्रहरीका प्रवक्ता फारुक हुसेनले उनको गिरफ्तारीबारे आफूलाई जानकारी नभएको बताए। दुई प्रमुख विपक्षी दलले प्रधानमन्त्री शेख हसिनाको राजीनामा माग गर्दै सरकारविरुद्धको आन्दोलन तीव्र पारेका छन्। प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा शनिबार एक प्रहरीको मृत्यु भएको थियो।

बेल्ट एन्ड रोडले विश्वलाई यसरी बनाउँछ समावेशी

सन् २०२३ को जुनसम्म चीनले १५० भन्दा बढी देश र पाँच महाद्वीपमा ३० अन्तर्राष्ट्रिय संस्थाहरूसँग २०० भन्दा बढी बिआरआई सहयोग सम्झौतामा हस्ताक्षर गरेको थियो

सन् २०१३ को शरद ऋतुमा चीनले दुई सहस्राब्दी पुरानो सिल्क रोडको भावनालाई पुनर्जीवित गरी धेरैको कल्पनालाई साकार पार्ने गरी बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) प्रस्ताव ल्यायो।

दश वर्षमा चीनको यो पहलकदमी सहभागी सबै राष्ट्रको सहयोगी प्रयासमार्फत परिकल्पनाबाट वास्तविकतामा विकसित हुँदै गएको छ। व्यापक रूपमा प्रशंसित सार्वजनिक वस्तु तथा समावेशी समृद्धिको विश्वव्यापी चालक बन्न पुगेको छ।

गत केही दशकयता विश्व अर्थतन्त्रले असमावेशिता, असन्तुलन र बढ्दो आर्थिक असमानताको सामना गरिरहेको छ। एकातर्फ, केही देश र क्षेत्रले आर्थिक तथा सामाजिक रूपमा उल्लेखनीय फड्को मारेका छन् भने अर्कातर्फ, विश्वका बाँकी भागले निरन्तर गरिबी, असमानता र विकासका अवरोधहरूको सामना गरेका छन्।

बिआरआईले एक दशकअघिबाट समावेशी वृद्धिमा दृढतापूर्वक ध्यान केन्द्रित गर्दै विश्वलाई यी चुनौतीको सम्बोधन गर्न चिनियाँ प्रज्ञाले युक्त समयसापेक्ष र व्यावहारिक समाधान प्रदान गऱ्यो।

चिनियाँ राष्ट्रपति सी जिनपिङले सम्पूर्ण मानव जातिको भलाइको यो बाटोमा कुनै पनि देश वा राष्ट्र छुट्नुहुँदैन भनेका छन्। सम्पूर्ण देश र राष्ट्र विकासका अवसर र विकासको अधिकारमा समान रूपमा हकदार छन्। खासमा के हो त यो इनिसियटिभ (पहलकदमी) ? यसलाई सबैका लागि खुला लोकमार्गका रूपमा लिन सकिन्छ, कुनै एउटा पक्षको स्वामित्वको निजी मार्ग होइन। सबै इच्छुक देशलाई यसको लाभ लिन र साझेदारीका लागि स्वागत गरेको छ।

राष्ट्रपति सीले भनेजस्तै बिआरआई चीनको विचार हुन सक्छ, तर यसको अवसर र परिणामले विश्वलाई नै लाभान्वित गर्नेछ। सन् २०२३ को जुनसम्म चीनले १५० भन्दा बढी देश र पाँचै महाद्वीपका ३० भन्दा धेरै अन्तर्राष्ट्रिय संगठनसहित २०० भन्दा बढी बिआरआई सहयोग सम्झौता गरिसकेको छ।

'विश्वलाई विभाजित तुल्याउने निश्चित देशहरूको एउटा समूहको संकीर्ण हितरक्षाको विपरीत बहुपक्षीयतालाई बढावा दिने चीनको बीआरआई पहलकदमीले सामञ्जस्यपूर्ण विश्व सिर्जना गर्न मद्दत गर्छ,' युरोपेली विश्वविद्यालय साइप्रसका पूर्वरेक्टर कोस्टास गौलियामोसले एकपटक तर्क गरेका थिए। बिआरआईले विश्व अर्थतन्त्रमा धेरैभन्दा धेरै देशको हिस्सेदारी बढाएको छ।

सन् २०१३ देखि २०२२ सम्मको चीन र बिआरआई साझेदार देशबीचको आयात तथा निर्यातको समग्र राशी १९१ खर्ब डलरको थियो (औसत वार्षिक वृद्धिदर ६.४ प्रतिशतसहित)। यसबाहेक बिआरआईले समतामूलक विकासलाई मूर्तरूप दिन्छ। गरिबीमाथि विजय हासिल गर्न र विकासको युगमा प्रवेश गर्न सहभागी देशलाई सहयोगको प्रयास गर्छ।

गत एक दशकलाई फर्केर हेर्दा बिआरआईले अत्यावश्यक रेलमार्ग, राजमार्ग, पाइपलाइन, ढुवानी, ऊर्जा र सञ्चारका पूर्वाधार निर्माण गरिदिएर अधिकांश विकासोन्मुख देशका कनेक्टिभिटी र आर्थिक वृद्धिका ठूला अवरोधलाई सम्बोधन गरेको छ।

भूपरिवेष्ठित लाओसलाई 'ल्यान्डलिंक्ड हब'मा रूपान्तरण गर्ने चीन-लाओस रेलवेदेखि अफ्रिकी राष्ट्र केन्याको आर्थिक वृद्धिमा दुई प्रतिशत योगदान दिएको मोम्बासा-नैरोबी रेलमार्गसम्मका उल्लेखनीय प्रभावकारी परियोजनाले विभिन्न देशका अन्तर्राष्ट्रिय व्यापारको लागतलाई प्रभावकारी रूपमा घटाएका छन्। विश्व अर्थतन्त्रमा पहुँच वृद्धि गराउनुका साथै विकासलाई प्रोत्साहित गरेका छन्।



> चरम गरिबीविरुद्धको ऐतिहासिक लडाइँ जितेको चीनले बिआरआईका साझेदार देशहरूमा कृषिमा सहकार्य, विज्ञता र प्रविधि हस्तान्तरणमार्फत गरिबी न्यूनीकरणका प्रयासलाई सुदृढ बनाएको छ।

आर्थिक वृद्धि, विकास र समृद्धिको अन्तिम लक्ष्य भनेको मानिसको जीवनस्तर उकास्नु नै हो। सहकार्यका फाइदा सकेसम्म व्यापक रूपमा उपलब्ध हुने कुराको सुनिश्चितता गर्न बेल्ट एन्ड रोड इनिसियटिभ खाद्य सुरक्षा, गरिबी निवारण र रोजगारी सिर्जनामा केन्द्रित छ।

चरम गरिबीविरुद्धको ऐतिहासिक लडाइँ जितेको चीनले बिआरआईका साझेदार देशहरूमा कृषिमा सहकार्य, विज्ञता र प्रविधि हस्तान्तरणमार्फत गरिबी न्यूनीकरणका प्रयासलाई सुदृढ बनाएको छ।

यसबाहेक, बेल्ट एन्ड रोड सहयोगमार्फत औद्योगिक सहकार्य र रोजगारी सिर्जनाले स्थानीय रोजगारीमा सुधार ल्याउँछ र गरिबी घटाउँछ। म्याकिन्से सर्वेक्षणको एउटा तथ्यांकले चिनियाँ कम्पनीले अफ्रिकामा आफ्ना ८९ प्रतिशत कर्मचारी स्थानीयस्तरबाट भर्ती गरेको खुलासा गरेको छ।

'यदि बिआरआई नभएको भए मेरा सपना असान्दर्भिक हुने थिए। म यो कुरा स्वीकार गर्छु। यसले साँच्चै मेरो करिअरको ढोका खोलिदिएको छ,' हाल केन्यामा सडक र बाँध परियोजनाको निर्माण गर्ने चाइना इनर्जी इन्टरनेसनल ग्रुपमातहतको गुआङ्सी हाइड्रोइलेक्ट्रिक कन्स्ट्रक्सन ब्युरोमा अनुवादकको रूपमा काम गर्ने मिरियम गाकी किरिमी नामकी एक युवतीले सिह्नवालाई भनिन्।

बिआरआईका 'व्यापक परामर्श, संयुक्त योगदान र लाभमा साझेदारी'का मूलभूत सिद्धान्तहरूले संयुक्त राष्ट्रसंघ र चीन-अफ्रिका सहयोग फोरमजस्ता अन्तर्राष्ट्रिय निकाय तथा संगठनका महत्त्वपूर्ण दस्ताबेजमा सन्दर्भसहित विश्वव्यापी मान्यता प्राप्त गरेका छन्।

२१औँ शताब्दीको एउटा दीर्घकालीन, अन्तरदेशीय र सुव्यवस्थित विश्वव्यापी परियोजनाको रूपमा बिआरआईले लामो यात्रामा आफ्नो पहिलो पाइला टेक्न सफल भएको छ। यो नयाँ सुरुवात बिन्दुबाट अघि बढेर बिआरआईले थप रचनात्मकता र जीवन्तता प्रदर्शन गर्नेछ। थप खुला र समावेशी बन्नेछ अनि चीन र बाँकी विश्वका लागि नयाँ अवसर सिर्जना गर्नेछ।

-सिन्हुवाबाट

कस्तो रहला चाडपर्वपछिको अर्थतन्त्र ?

बजार चलायमान बनाए पनि चाडपर्वले अर्थतन्त्र चलायमान बनाउँदैन, दसैँको अर्थशास्त्र उपभोगको हो, न कि उत्पादनको

अर्थ संवाद

● कृष्णमणि पराजुली

समग्र देश विकासका लागि अर्थतन्त्र बलियो हुनुपर्छ । अर्थतन्त्र प्रभावकारी हुन नसक्दा विकासका सम्पूर्ण अवयव लथालिंग हुन्छन् । अहिले देशको आर्थिक अवस्था यसरी नै लथालिंग छ ।

अर्थतन्त्रलाई सही मार्गमा डोऱ्याउने काम मूलतः राजनीतिक क्षेत्रबाट हुने हो । आवश्यक र उपयुक्त राजनीतिक निर्णयबाट आर्थिक नीति प्रतिपादन भएका हुन्छन् । यसरी निर्धारण भएका आर्थिक नीतिको सफल कार्यान्वयनबाट देशले निर्धारण गरेका दीर्घकालीन राष्ट्रिय लक्ष्य हासिल हुन्छन् । तर, हामीकहाँ भने कमजोर राजनीतिक धरातल भएको कारणले गर्दा अर्थतन्त्र ठीक किसिमले चल्न सकेको छैन र परिणामस्वरूप उद्योगधन्दा, कलकारखाना तथा व्यवसाय धराशायी भएका छन् ।

देशको अर्थतन्त्र चलायमान बनाउन आन्तरिक उत्पादनमा जोड दिनुपर्छ । स्वदेशी उद्योगधन्दा थला परेको अवस्थामा आन्तरिक उत्पादनले गति लिन सक्ने अवस्था हुँदैन । उत्पादन हुन नसक्दा आयातित वस्तुले मात्र आवश्यकता परिपूर्ति गर्नुपर्ने अवस्था सिर्जना भई आन्तरिक उत्पादनमा प्रतिकूलता पर्न जान्छ । तर, स्वदेशी उत्पादनले आयातलाई प्रतिस्थापित गर्नुपर्नेमा देशको अर्थतन्त्र भने उल्टो दिशातर्फ गएको छ । अलिअलि भएको उत्पादन पनि लागतजन्य हुन पुगेको छ र स्वदेशी उत्पादनको लागत बढ्न जाँदा आयातित वस्तु सस्तो भएका छन् । साथै, आन्तरिक उत्पादनले बजार लिन सकेको छैन । जसका कारण उद्योगी तथा लगानीकर्ता पलायन हुनुपर्ने अवस्था सिर्जना भएको देखिन्छ । अहिले नेपालको उत्पादन क्षेत्र यही अवस्थाबाट गुज्रिरहेको छ । वास्तवमा भन्ने हो भने अहिलेजस्तो कमजोर अर्थतन्त्र यसअघि कहिल्यै भएको थिएन ।

देशको अर्थतन्त्रबारे दुई प्रकारका विचार आएका देखिन्छन् । सत्तामा बस्नेहरू अर्थतन्त्र सुधारोन्मुख भइरहेको तर्क दिइरहेका छन् भने सत्ताबाहिरका राजनीतिक दलहरू भने अर्थतन्त्र संकटग्रस्त अवस्थामा चलेको भनिरहेका छन् । जसले जे जस्तो भाष्य निर्माण गरे पनि यथार्थमा भन्ने हो भने अर्थतन्त्र खस्कँदै गएको छ र कुनै दिन देश नै टाट पल्टिने सम्भावना पनि आकलन गर्न थालिएको छ । साँच्चिकै भन्दा अर्थतन्त्र एकदमै कमजोर अवस्थामा छ र आर्थिक परनिर्भरता बढ्दै गएको छ ।

अर्थतन्त्रको बाह्य क्षेत्रमा केही सुधार आउँदैमा समग्र अर्थतन्त्रमा सुधार भएको भन्न सकिँदैन । जबसम्म आन्तरिक सूचकहरूमा सुधार ल्याउन सकिँदैन, तबसम्म अर्थतन्त्र समृद्ध बन्न सक्दैन । अहिले सरकारले गर्ने पुँजीगत खर्च, राजस्व प्राप्ति, आन्तरिक उत्पादन, लगानीको वातावरण, आर्थिक क्षेत्रको भूमिकाजस्ता सूचकमा सुधार आउन सकिरहेको छैन । यसले गर्दा अर्थतन्त्र सुधारोन्मुख हुँदै गएको छ भन्ने कुरामा कुनै सत्यता देखिँदैन । बाह्य क्षेत्रका सूचकहरूमा केही सुधार भएको देखिए पनि ती तदर्थ किसिमका हुन् र स्थायी भने होइनन् । कुनै न कुनै समयमा ती सूचकले अर्थतन्त्रमा दुर्घटना निम्त्याउन सक्छन् ।

अहिले विप्रेषणको रकम बढ्दै गएको छ । यसरी सधैँ विप्रेषणको रकम प्राप्त नहुन सक्छ । यस्तै गरी, आयातमा नियन्त्रण र पर्यटन तथा सेवा क्षेत्रमा केही सुधार आएको हुँदा विदेशी मुद्रा सञ्चिति बढेको सत्य हो । तर, यो पनि स्थायी होइन । यी विभिन्न कारणले पनि नेपालको अर्थतन्त्र जोखिममा नै छ ।

अर्थतन्त्रको संरचना करिब ५४ खर्बजतिको छ । यति सानो अर्थतन्त्रको आकार भएको देशमा सानातिना आर्थिक गतिविधिले पनि असर पार्छन् । अहिले दसैँ सकिएको छ र लगत्तै तिहार, छठजस्ता पर्व आउँदै छन् । यी चाडपर्वमा केही न केही खर्च भएकै हुन्छ । चाडपर्वमा खर्च गर्नकै लागि भनेर लामो समयदेखि सर्वसाधारणले रकमको जोगावट गरेका हुन्छन् ।

दसैँलाई चाडको रूपमा मनाउने त छँदैछ, त्यसमा पनि आर्थिक पक्षको भूमिका महत्वपूर्ण हुने भएकाले सरसापटी, ऋण र ऐँचोपैँचो गरेर भए पनि खर्चको व्यवस्थापन गरिन्छ । यसरी सर्वसाधारणले गरेको मौद्रिक सञ्चितिबाट केही हदसम्म भए पनि देशको अर्थतन्त्र चलायमान हुन्छ । अहिले यही अवस्था देखिन्छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाबाट पनि ठूलो रकम प्रवाह भएको हुन्छ र सर्वसाधारणको हातमा पैसा पुग्छ । यसरी हेर्दा बजार चलायमान देखिन्छ । तर, बजार चलायमान हुँदैमा अर्थतन्त्र चलायमान हुँदैन । अर्थतन्त्र चलायमान हुन त बजारमा गएको पैसाले थप उत्पादन गर्नुपर्छ । तर, दसैँमा खर्च भएको रकम सबै उपभोगमा नै जान्छ । यसले अर्थतन्त्रलाई सक्रिय बनाउन कुनै भूमिका खेलेको हुँदैन । त्यसकारण दसैँको अर्थशास्त्र भनेको उपभोगको अर्थशास्त्र हो, न कि चलायमान अर्थतन्त्र ।

जसले जे जस्तो भाष्य निर्माण गरे पनि अहिले नेपालको अर्थतन्त्र खस्कँदै गएको देखिन्छ र दसैँपछिको अर्थतन्त्र भनै कमजोर हुनेछ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । सर्वसाधारणको हातमा भएको सबै पैसा उपभोगमा खर्च हुने र वित्तीय संस्थाबाट लिएको कर्जासमेत फिर्ता गर्न नसक्ने अवस्था भएकाले दसैँपछिको आर्थिक जीवन कठिन नै हुने देखिन्छ ।

उद्योगी तथा व्यवसायी पनि थला परेका छन् । एकातिर बैंकमा पैसा थुप्रिएको छ भने अर्कोतिर कर्जाको माग बढ्न सकेको छैन । बैंकमा पैसा थुप्रिनुलाई अर्थशास्त्रीय दृष्टिकोणबाट राम्रो मानिँदैन । जहाँ पैसा चलायमान हुँदैन, त्यहाँ आर्थिक संकट निम्तिने सम्भावना बढेको हुन्छ । किनभने, पैसाको प्रकृति नै चलायमान हुनु हो ।

निश्चय नै दसैँमा बजारमा पैसा प्रवाह भएको छ । वैदेशिक रोजगारमा गएकाले ठूलो रकम स्वदेश पठाएका छन् । जति नै रकम विप्रेषणबाट प्राप्त हुन्छ, त्यसको करिब ६८ प्रतिशत उपभोगमा नै खर्च भएको छ । बाँकी ३२ प्रतिशत अन्य आर्थिक क्रियाकलापमा खर्च भएको देखिन्छ । विप्रेषणले देशको अर्थतन्त्र धानिनुलाई राम्रो मानिँदैन । कारण, कुनै पनि मुलुक मानिस बेचेर धनी हुन सक्दैन । यसका लागि त वस्तु बेच्न सक्नुपर्छ । त्यसकारण विप्रेषणलाई लगानीमा परिणत गरी थप आय वृद्धि गर्न नसक्दा पनि नेपालको अर्थतन्त्रले गति लिन नसकेको हो ।

दसैँ अर्थतन्त्रले समग्र आर्थिक गतिविधि भनै खस्कने सम्भावना देखिन्छ । अलिअलि भएको बचत पनि खर्च हुनु र थप आर्थिक क्रियाकलाप हुन नसक्नुले अबको अर्थतन्त्र खुम्चिँदै जानेछ ।



> अर्थतन्त्रमा सुधार गर्ने हो भने सरकारी खर्चमा आर्थिक नियन्त्रण तथा नियमविपरीत खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ । चाडपर्वमा सरकारी ढुकुटीबाट रकम वितरण गर्ने परिपाटीमा पनि कडाइ गर्नुपर्छ ।

अहिले देशको अर्थतन्त्र सुधार गर्नुभन्दा पनि लयमा ल्याउनु नै ठूलो उपलब्धि हुने देखिन्छ । दसैँ, तिहार र छठजस्ता चाडपर्वले बजारमा तरलता सिर्जना गरे पनि उत्पादनमूलक नहुने हुँदा आगामी दिनको अर्थतन्त्र हुने भनेको कमजोर नै हो ।

सबल अर्थतन्त्रका लागि आर्थिक क्षेत्रको भूमिका महत्वपूर्ण रहेको हुन्छ । कृषि, उद्योग, पर्यटन, ऊर्जाजस्ता क्षेत्रहरू पनि थला परेको अवस्था छ । कृषिप्रधान देश भनिए पनि कृषिमा आत्मनिर्भर हुन सकिएको छैन । उद्योगको अवस्था निराशाजनक छ । पर्यटन क्षेत्र केही आसलाग्दो देखिए पनि भरपर्दो देखिँदैन । ऊर्जा क्षेत्रमा अहिले सुधार भएको देखिन्छ । तर, बढी भएको करिब ५०० मेगावाट बिजुली भारतले अनुमति नदिँदा बिक्री गर्न सकिएको छैन र ठूलो रकम त्यसै खेर गइरहेको छ । न स्वदेशमा सस्तोमा उपलब्ध गराइएको छ, न त बिक्री नै गर्न सकिएको छ । यसरी नेपालको अर्थतन्त्रमा चौतर्फी समस्या आएको अहिलेको अवस्था हो ।

अहिले सरकारले पुँजीगत खर्च गर्न सकेको छैन । पुँजीगत खर्च गर्न नसक्नु भनेको विकास निर्माणका कार्यहरू ओझेलमा पर्नु हो । अर्को कुरा, लक्ष्यअनुरूप राजस्व उठ्न सक्ने पनि देखिँदैन । किनभने, सार्वजनिक र निजी क्षेत्र दुवै धराशायी भएको अवस्था छ । सरकारको ढुकुटीमा चाप बढ्दै गएकाले अस्पतालजस्तो संवेदनशील क्षेत्रको जनशक्ति कटौती गरेको अवस्था छ । निर्माण व्यवसायीहरूले गरेको कामको भुक्तानी प्राप्त गर्न नसकेर सरकारको दायित्व बढ्न गएको छ । त्यसैगरी, चाडबाडको समयमा सामाजिक सुरक्षा भत्ता, कर्मचारीलाई दसैँ खर्च र आर्थिक सहायताजस्ता वितरणमुखी कार्यले अर्थतन्त्रलाई भनै शिथिलतामा पुऱ्याएको हुन्छ । यसको असर चाडपर्वपछिको अर्थतन्त्रमा समेत पर्न जाने देखिन्छ ।

अर्थतन्त्र चलायमान बनाउने सन्दर्भमा सरकारी खर्च व्यवस्थापनको ठूलो भूमिका हुन्छ । सरकारी संरचना भद्दा हुँदा अनावश्यक रूपमा चालू खर्च बढ्दै गएको छ । अहिले चाडबाडको समयमा स्थानीय तथा प्रदेश सरकारले आफूखुसी सेवासुविधा लिएका खबरहरू सामाजिक सञ्जालमा आई नै रहेका छन् । यसरी सरकारी खर्च बढ्दै जाने हो भने दसैँ, तिहार र छठपछिको देशको अर्थतन्त्र समस्याग्रस्त नहोला भन्न सकिँदैन ।

अर्थतन्त्रमा सुधार गर्ने हो भने अबको बाटो भनेको सरकारी खर्चमा आर्थिक नियन्त्रण गर्नैपर्छ र नियमविपरीत खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ । दसैँ-तिहारजस्ता चाडपर्वमा सरकारी ढुकुटीबाट रकम वितरण गर्ने जुन परिपाटी छ, त्यसलाई कडाइ गर्नुपर्छ । बिग्रिँदै गएको अर्थतन्त्रलाई चाडपर्वमा हुने फजुल र अनावश्यक खर्चले असर पार्ने हुँदा यसपछिका दिनहरूमा पनि अर्थतन्त्र प्रतिकूल दिशातर्फ नै जाने निश्चित नै छ । त्यसकारण सुधार गर्न नसके पनि जोखिमबाट बचाउन सक्नु नै अहिलेको आवश्यकता हो ।

(पराजुली नेपाल सरकारका पूर्वउपसचिव हुन् ।)

अर्थ ज्ञान

खुला बजार कारोबार भनेको के हो र यो कसले सञ्चालन गर्छ ?



बैंकिङ क्षेत्रको तरलता व्यवस्थापन गर्ने उद्देश्यले सरकारी ऋणपत्र र नेपाल राष्ट्र बैंकले जारी गर्ने ऋणपत्र बोलकबोल प्रक्रियाद्वारा खरिद-बिक्री गर्ने अथवा ऋणपत्रको धितोमा वा विनाधितोमा तरलता प्रवाह र प्रशोचन गर्ने कार्यलाई खुला बजार कारोबार भनिन्छ ।
नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरको अध्यक्षतामा गठित 'खुला बजार कारोबार सञ्चालन समिति'ले खुला बजार कारोबार सञ्चालन गर्दछ । यसका अतिरिक्त बैंकको मौद्रिक व्यवस्थापन विभागले समेत खुला बजार कारोबार सञ्चालन गर्दछ ।

- राष्ट्र बैंक

बिजनेस @



डा. सूर्यराज आचार्य, पूर्वाधारविद्

पूर्वाधार आयोजनाको कार्यान्वयनमा ढिलासुस्ती अचम्मकै छ । भट्ट देख्दा कुनै पनि नागरिकलाई रिस उठ्ने खालै नै छ । राजनीति, कर्मचारी र निर्माण व्यवसायीको तहमा केही कमजोरी छन्, तर मूल कारण हाम्रा नीति, नियम र कार्यविधिजस्ता संरचनात्मक तहमा छ । सरकारी निकायबीच समन्वय हुने प्रणाली छैन ।

डा. रामेश कोइराला, चिकित्सक



ट्राफिक नियम नमिची सवारीसाधन चलाइरहेका बखत अगाडिको सवारी वा कुनै बटुवालाई लाग्यो वा कुनै दुर्घटना भयो भने पहिला घरमा फोन गरेर लाइसेन्स ल्याउन लगाउनुस् अनि अहिलेलाई चाहिँ तात्त्विक फरक नहुने व्यवस्थामा दंग पर्नुस् । नेपालीलाई खुसी हुन केही नचाहिने भो । ई-लाइसेन्स हो के दाजु खोजेको ।

डा. चन्द्रमणि अधिकारी, अर्थविद्




०८० आश्विन मसान्तसम्मको विवरणअनुसार तिर्न बाँकी कुल आन्तरिक ऋणले वैदेशिक ऋणको अंकलाई र आन्तरिक ऋणको साँवा-ब्याज भुक्तानीको अंकले पुँजीगत खर्चको अंकलाई उछिने । यसले लगानी, उत्पादन, बजेट र समग्र अर्थतन्त्रमा घातक प्रभाव पार्छ । यस कुरालाई सरकारले गम्भीरतापूर्वक लिनुपर्दछ ।

सेयर बजार

१२ कार्तिक ०८०

नेप्से १,८७८.७० ▲ ३.०४ ०.१६%

कारोबार रकम	जम्मा सेयर
६९४,२२२,२१७.३७	२,८२४,००७



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

हुवावेमा प्रयोग भएको चिपलाई लिएर चीन–अमेरिका लडाइँ

कुनै अमेरिकी रणनीतिले हुवावेलाई किनारा लगाएको अवस्था हो भने उसले कुनै न कुनै रूपमा प्रतिबन्धबाट बाहिर निस्कने बाटो खोज्छ

हुवावेको नयाँ टेक्नोलोजी प्रयोग भएको फोन सार्वजनिक भयो । फोन सार्वजनिक भएपछि अमेरिका-चीन चिपयुद्धमा फेरि एकपटक आमनेसामने भएका छन् । खासमा, अमेरिकाले हुवावेमा प्रयोग चिपलाई चीनको पहुँचभन्दा बाहिर राख्ने अपेक्षा गरेको थियो ।


गत महिना हुवावेले आफ्नो डिभाइसमा प्रयोग भएको चिप्सबारे विस्तृत जानकारी नदिई मेट-६० प्रो फोन जारी गरेको थियो । तर, ओटावास्थित सेमिकन्डक्टरमा विशेषज्ञता राख्ने एक शोध संस्था टेक इनसाइड्सले विश्लेषणका लागि फोन खोलेर हेर्दा जे परिणाम देखियो, त्यसले उसलाई हैरान बनायो ।

उक्त डिभाइस चीनमा निर्मित किरिन ९००० एस ७ न्यानोमिटर प्रोसेसरमा चलाइएको थियो । चिपको मापदण्ड जरुरी छ । कारण, साना चिप्स धेरैभन्दा धेरै तत्वसँग प्याक गर्न सकिन्छ । जसले गर्दा त्यो गतिशील र शक्तिशाली बन्न सक्छ ।

चिप निर्माता कम्पनी सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ इन्टरनेसनल कर्प (एसएमआइसी) पहिले १४ न्यानोमिटर स्तरसम्मको चिप बनाउने भनेर चिनिन्थ्यो । हुवावेको स्मार्टफोनमा प्रयोग भएको प्रोसेसरको विश्लेषण गर्दै टेक इनसाइड्सले चीन सरकारले घरेलु चिप इकोसिस्टमका लागि ढोका खुलेको बताएको छ ।

अमेरिकालाई झड्का

हुवावे र एसएमआइसी दुवै कम्पनी सुरक्षा जोखिमका कारण अमेरिकी प्रतिबन्धमा परेका छन् । एसएमआइसी चीनकै ठूलो चिप निर्माता कम्पनी हो । जसलाई विश्वकै उन्नत माइक्रोचिप्स उत्पादन गर्नका लागि आवश्यक पर्ने एक्सट्रिम अल्ट्राभायलेट मेसिन खरिद गर्न प्रतिबन्ध लगाइएको छ । कन्सल्टिङ कम्पनी युरेसिया ग्रुपका लु जियाओमेङ खासगरी हुवावे फोनको फाइभ-जी क्षमता उल्लेख गर्दै भन्छन्, 'यसले अमेरिकालाई केही झड्का जरुर दिएको छ । प्रत्येक चिजमा अमेरिकाले प्रतिबन्ध लगाएको छ । तैपनि, चीनले कसरी प्रगति गरिरहेको छ ?'



> हुवावे र एसएमआइसी दुवै कम्पनी सुरक्षा जोखिमका कारण अमेरिकी प्रतिबन्धमा परेका छन् । एसएमआइसी चीनकै ठूलो चिप निर्माता कम्पनी हो । जसलाई विश्वकै उन्नत माइक्रोचिप्स उत्पादन गर्नका लागि आवश्यक पर्ने एक्सट्रिम अल्ट्राभायलेट मेसिन खरिद गर्न प्रतिबन्ध लगाइएको छ ।

अमेरिकालाई सन्देश

हुवावे फोन सार्वजनिक हुनुलाई चीनमा केही हदसम्म राष्ट्रिय विजयका रूपमा लिइएको छ । संयोग पनि कस्तो भने उक्त फोन अमेरिकी वाणिज्यमन्त्री गिना रायमोन्डोको यात्राका वेला सार्वजनिक गरिएको थियो । यसको उद्देश्य अमेरिकारले चीनको आत्मनिर्भरतालाई बुझ्न सकोस् भन्ने रहेको जानकारहरू बताउँछन् । यो विषयलाई अमेरिकाले ध्यान नदिएको पनि होइन, दिएको छ । बाइडेन प्रशासनले यसअघि नै सम्भावित प्रतिबन्ध उल्लंघनको छानबिन सुरु गरिसकेको छ । त्यस्तै, केही रिपब्लिकन सांसदले भने कडाभन्दा कडा प्रतिबन्धको माग गरेका छन् ।

यद्यपि, स्पष्टीकरणमा अत्याधुनिक प्रविधि प्राप्त गर्न सम्पूर्ण प्रतिबन्ध लत्याउने चिनियाँ कम्पनीलाई संलग्न गराउनचाहिँ सकिँदैन । गत वर्ष टेक इनसाइड्सले एसएमआइसीले कम उन्नत डिप अल्ट्राभायलेट मेसिन प्रयोग गरी ७-एनएम चिप्स बनाउन सक्षम हुन्छ भन्ने रिपोर्ट पेस गरेको थियो ।

युरेसिया ग्रुपको भूप्रविधि अभ्यासका प्रमुख लुका अनुसार हुवावेको नवीनतम प्रगति यसरी आश्चर्यजनक तरिकाले आउनुहुँदैनथ्यो । यदि कुनै रणनीतिले हुवावेलाई किनारा लगाएको अवस्था हो भने उसले कुनै न कुनै रूपमा यी प्रतिबन्धबाट बाहिर निस्कने बाटो खोज्छ नै ।

अमेरिकी थिंक ट्यांक सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिजमा प्रविधि र सार्वजनिक नीति कार्यक्रमका निर्देशक रहेका जेम्स लुइसीले नयाँ प्रतिबन्धले चिपको दौडमा समय लगाइदिन सक्छ । तर, हुवावे र अन्य चिनियाँ कम्पनीलाई रोक्न भने सक्दैन ।

ताइवानी कम्पनी टिएसएमसीको अवस्था के होला ?

केही विशेषज्ञ हुवावेको सफलतालाई कम आँक्न नहुने र कम्पनीले ठूलो परिमाणमा उन्नत चिप उत्पादन गर्न सक्छ भन्ने विषयमा सन्देह गर्न नहुने बताउँछन् । ताइवानको औद्योगिक प्रविधि अनुसन्धान संस्थानका कन्सल्टिङ डाइरेक्टर रे याङका अनुसार शोध र विकासको चरणमा हुनुको सट्टा प्रविधि उत्पादनका लागि योग्य बनाउनु जरुरी छ । विश्वको अग्रणी चिप निर्माता ताइवान सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी (टिएसएमसी) सँग उत्पादनका लागि सबै खालका पेटेन्ट उपलब्ध छन् । तर, एसएमआइसी यो मामिलामा निकै पछाडि छ । टिएसएमसी वैश्विक बजारलाई योभन्दा पनि उन्नत फाइभ-एनएम चिप्स आपूर्ति गर्न सक्छ । साथै, उन्नत सेमिकन्डक्टरका लागि ६० प्रतिशतभन्दा बढी कम्पनीको निर्माण क्षमता छ । याङका अनुसार हुवावेको सफलता अल्पकालीन हुनेछ । यो एकाध वर्ष मात्रै पनि टिक्न सक्छ ।

निर्यातमा प्रतिबन्ध 'शीतयुद्ध'

केही हप्ताअघि अमेरिकी वाणिज्यमन्त्री रायमोन्डोले उन्नत चिपसहित ठूलो संख्यामा स्मार्टफोन उत्पादन गर्ने हुवावेको क्षमताबारे कुनै प्रमाण नभएको र यसबारे निर्माण प्रक्रियाको छानबिन जारी राखेको बताएका थिए । चीनविरोधी मानिसले अझै कडा प्रतिबन्ध लगाउनुपर्ने माग राखिरहेका वेला केही विशेषज्ञ भने वैश्विक आपूर्ति शृंखलासँग बलियोसँग जोडिएको चीनका लागि कठोर उपाय पारित गर्न असम्भवजस्तै रहेको बताउँछन् ।

चिप्समा प्रतिबन्ध लगाउने कोसिस शीतयुद्ध समाधानजस्तै हो । तर, चिप्स उत्पादनका लागि चाहिने उपकरणभन्दा पनि चिप्स नै चीन पठाउन अनुमति दिनुपर्ने लुइस बताउँछन् । यसो गर्दा जितको स्थिति हुन्छ, जहाँ अमेरिकी कम्पनीले चीनमा आफ्नो बजार हिस्सालाई यथावत् राख्न सक्छन् । यद्यपि, ओप्पो र साओमीजस्ता चिनियाँ ब्रान्डले मूल्य कम र गुणवत्ता धेरै भएका पश्चिमा चिप्सकै सहारा लिनेछन् ।

एजेन्सी

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १४ कार्तिक ०८०

देशमा ६० प्रतिशत घर एकतले, २८ प्रतिशत घरको आयु चार वर्ष मात्रै

मधेशमा एकतले घर धेरै, सरकारी अनुदान लिएर घर बनाउने बागमतीमा बढी

पवन तिमिल्सिना/नयाँ पत्रिका

देशभर करिब ६० प्रतिशत घर एकतले रहेको राष्ट्रिय जनगणना २०७८ ले देखाएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार जनगणनाको बाँकी विवरण सार्वजनिक गर्दै यस्तो तथ्य बाहिर ल्याएको हो।

नेपालभर रहेका कुल ७५ लाख ५२ हजार ६६ वटा घरमध्ये सबैभन्दा बढी ५९.८२ प्रतिशत एकतले रहेको उल्लेख छ। अर्थात्, देशभर ४५ लाख १७ हजार ६ सय ४५ घर एकतले रहेका छन्।

तथ्यांकअनुसार देशभर दुईतले घर २८.७८ प्रतिशत, तीनतले घर ९.१७ प्रतिशत र चारतले घर १.३ प्रतिशत रहेका छन्। त्यस्तै, पाँचदेखि सातसले घर ०.६४ प्रतिशत, ८ देखि ९ तले ०.०१ प्रतिशत र १० भन्दा बढी तला भएका घर ०.००३ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ।

मधेश प्रदेशमा एक तला भएका घर सबैभन्दा बढी अर्थात् ८४.४२ प्रतिशत रहेका छन्। पाँच वा सोभन्दा बढी तला भएका घर बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात् २.३४ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

■ सय वर्ष आयु भएका घर ०.५ प्रतिशत मात्रै

घर तथा घरपरिवार सूचीकरण फाराममा संकलित विवरणमध्ये घरको मुख्य प्रयोग र घरको आयुअनुसार नतिजा सार्वजनिक गरिएको छ। घरको आयुलाई १२ प्रकारका गरी ० वर्ष, १ वर्ष, २ वर्ष, ३ वर्ष, ४ वर्ष, ५-९ वर्ष, १०-१४ वर्ष, १५-१९ वर्ष, २०-२९ वर्ष, ३०-४९ वर्ष ५०-९९ वर्ष र १०० वर्षभन्दा माथिमा वर्गीकरण गरिएको छ। जसअनुसार कुल ७५ लाख ५२ हजार ६६ वटा घरमध्ये सबैभन्दा बढी २७.९५ प्रतिशत घर ० देखि ४ वर्षका रहेका छन्। सबैभन्दा कम १०० भन्दा बढी वर्षका ०.५ प्रतिशत घर रहेका छन्।

■ घरनिर्माणमा सरकारी अनुदान कतिले लिए ?

देशभरका कुल ६६ लाख ६० हजार ८ सय ४१ परिवारमध्ये १०.२७ प्रतिशत परिवारले आवासीय घर निर्माण गर्दा सरकारी अनुदान लिएको देखिन्छ। सबैभन्दा बढी बागमती प्रदेशमा



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

२६.६४ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २.९८ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ।

■ जनसंख्याको २५.५६ प्रतिशतसँग बैंक खाता

देशभरका कुल ६६ लाख ६० हजार ८ सय ४१ परिवारमध्ये ४१ लाख २२ हजार ६ सय ९० (६१.८९ प्रतिशत) परिवारमा कम्तीमा १ जना सदस्यको बैंक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ। यस्तै, कुल २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ जनसंख्यामध्ये ७४ लाख ९ हजार १ सय ८१ जना अर्थात् २५.५६ प्रतिशत व्यक्तिको बैंक तथा वित्तीय संस्था (सहकारी संस्थाबाहेक)मा कम्तीमा एउटा खाता रहेको देखिन्छ।

यसैगरी, कुल १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ जना पुरुषमध्ये २६.४२ प्रतिशत र कुल १ करोड ४९ लाख ११ हजार २७ जना महिलामध्ये २४.७४ प्रतिशतको बैंक तथा वित्तीय संस्थामा कम्तीमा एउटा खाता रहेको नतिजामा उल्लेख छ।

कुल परिवारमध्ये २५.५९ प्रतिशत परिवारले कुनै बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट ऋण लिएको देखिन्छ। प्रदेशअनुसार हेर्दा त्यस्ता ऋण लिने परिवार सबैभन्दा बढी मधेश प्रदेशमा २८.८८ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २१.९६ प्रतिशत देखिन्छ।

देशभरका कुल परिवारमध्ये ८ लाख ३६ हजार १ सय २७ अर्थात् १२.५५ प्रतिशत परिवारमा कम्तीमा १ जना व्यक्तिले प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएको देखिन्छ। त्यस्तै, १८ वर्ष वा सोभन्दा माथि उमेरसमूहको कुल जनसंख्यामध्ये १० लाख ८१ हजार ६४६ जना व्यक्ति अर्थात् ५.६७ प्रतिशतले यस्तो तालिम लिएको देखिन्छ।

कार्यालयले गत ३० भदौ ०७८ देखि १८ असोसम्म (बीस दिन) घर तथा परिवारसम्बन्धी विवरण र दोस्रो चरणमा २५ कार्तिक ०७८ देखि ९ मंसिरसम्म (पन्ध्र दिन) प्रत्येक व्यक्ति तथा परिवारको बारेमा विस्तृत विवरण संकलन गरिएको थियो। राष्ट्रिय जनगणनाका प्रमुख नतिजाहरू सार्वजनिक गरिसकेको थियो। अन्य थप विस्तृत नतिजा तथा विश्लेषणात्मक प्रतिवेदनहरू सार्वजनिक गर्ने क्रममा छन्।

यसै सन्दर्भमा घर तथा घरपरिवार सूचीकरण फारामअन्तर्गत संकलित विवरणहरूमध्ये घरको मुख्य प्रयोग, घरको तला, घरको मुख्य प्रयोगअनुसार घरको आयु, सरकारी अनुदान प्राप्त गरी आवासीय घर निर्माण गरेका परिवार, बैंक तथा वित्तीय संस्थामा खाता भएका परिवार, प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएका परिवार र बैंक, सहकारी संस्था वा वित्तीय संस्थाबाट ऋण सुविधा लिएका परिवारसम्बन्धी सूचकहरू समेटी नतिजा प्रकाशन गरिएको हो।

शरद्कालीन सिजनमा ४९ हिमाल चढ्न १२ सयले लिए अनुमति

नवीन अर्याल/नयाँ पत्रिका

शरद्कालीन सिजनमा हिमाल आरोहणका लागि अनुमति लिने स्वदेशी तथा विदेशी आरोहीको संख्या एक हजार १ सय ८५ पुगेको छ। अहिलेसम्म ७२ देशका आरोहीले विभिन्न ४९ हिमाल आरोहणका लागि पर्यटन विभागबाट अनुमति लिएका हुन्। २५ अक्टोबरसम्म आरोहणको अनुमति लिनेमा दुई सय ३७ महिला आरोही रहेका छन्।

शरद् सिजनमा हिमाल आरोहणका लागि सबैभन्दा धेरै अमेरिकी नागरिकले अनुमति लिएको पर्यटन विभागले जनाएको छ। विभिन्न हिमाल आरोहणका लागि हालसम्म एक सय २१ अमेरिकी आरोहीले अनुमति लिएका छन्। यस सिजनमा सबैभन्दा बढी आकर्षण आमादब्लम (६,८१४ मि.) र मनास्लु (८,१६३ मि.) हिमाल आरोहणका लागि देखिएको छ। आमादब्लम चढ्न विभिन्न देशका चार सय नौ र मनास्लु चढ्न तीन सय एक आरोहीले अनुमति लिइसकेको विभागले जनाएको छ।

वसन्त ऋतुमा सबैभन्दा बढी भिडभाड हुने सर्वोच्च शिखर सगरमाथामा आरोहणका लागि शरद्मा एकजनाले पनि अनुमति लिएका छैनन्। सगरमाथा आरोहणका लागि शरद् अफसिजन मानिन्छ। वसन्त ऋतुमा आइसफल डाक्टरहरूले शिखरसम्मै डोरी टाँगेर बाटो बनाउने हुँदा धेरैको रोजाइ सगरमाथा आरोहण गर्ने हुन्छ। अहिले सगरमाथा आरोहण गर्न चाहनेहरूले आफैं जोखिम मोलेर शिखरतर्फ लाग्नुपर्ने हुन्छ।

■ कुन हिमाल चढ्न कतिलाई अनुमति ?

शरद् सिजनमा अधिकांश आरोहीको रोजाइ आमादब्लम र मनास्लु हिमाल रहेको देखिन्छ। दुईवटा हिमाल आरोहणका लागि मात्रै सात सय १० आरोहीले अनमुति लिएका छन्। यस्तै, पुथा हिउँचुली आरोहण गर्न ३३, हिमचुली हिमाल चढ्न एक सय २५, थापा पिक (धम्पुस) चढ्न १५, धौलागिरि चढ्न २३, बरुणत्से चढ्न ३९, सरिबुङ चढ्न २१, थोराङ पास चढ्न ३८, नोर्बु खाङ चढ्न १३, पोखर खाङ चढ्न १४ जनाले अनुमति लिएका छन्।

■ आरोहणमा अमेरिकी अगाडि

यस सिजनमा सबैभन्दा धेरै आरोही अमेरिकी रहेका छन्। अमेरिकाबाट एक सय २१ आरोही विभिन्न हिमाल चढ्न नेपाल आएका छन्। दोस्रोमा फ्रान्सबाट

कीर्तिमानी आरोही निर्मल पुर्जाले सुरु गरे 'स्काई-डाइभिङ'

काठमाडौं/ कीर्तिमानी पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ'ले हिमालय क्षेत्रमा व्यावसायिक स्काई-डाइभिङ सुरुवात गरेका छन्। उनी आफैंले पनि सगरमाथा क्षेत्रमा स्काई ड्राइभ गरेका छन्। उनले यसलाई 'स्काई डाइभ निम्स दाइ' नाम दिएका छन्।

निम्स दाइले पोखरा र सगरमाथा क्षेत्रमा स्वदेशी तथा विदेशीलाई स्काई डाइभसमेत गराइसकेका छन्। ६ महिना ६ दिनमा ८ हजार मिटरभन्दा अग्ला विश्वका १४ हिमाल आरोहण गरेका उनले आफ्नो महत्त्वाकांक्षालाई थप उचाइ दिन स्काई डाइभको औपचारिक सुरुवात गरेका हुन्। देशको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यसहित सगरमाथा स्काई डाइभ सुरु गरेको उनले बताएका छन्।

एक सय चारजनाले हिमाल आरोहणको अनुमति लिएका छन्। यस्तै चीनबाट ७८, जर्मनीबाट ८६, रसियाबाट ६० जनाले हिमाल आरोहण गर्न अनुमति लिएको विभागले जनाएको छ।

यस्तै अस्ट्रेलियाबाट ३६, अस्ट्रियाबाट ३४, क्यानाडाबाट २७, चेक रिपब्लिकबाट २०, डेनमार्कबाट २६, इरानबाट १८, इन्डियाबाट ३६, इटालीबाट ३६, जापानबाट ४९, नेपालबाट ४४, नेदरल्यान्डबाट १५, पोल्यान्डबाट ४५, रोमानियाबाट १५, स्लोभाकियाबाट ११, स्पेनबाट ४०, स्विडेनबाट १४, स्विट्जरल्यान्डबाट ४५, युनाइटेड किङडम (युके)बाट ६७ जनाले हिमाल आरोहणको अनुमति लिएका छन्।

हिमाल आरोहणका लागि अधिकांश विदेशी आरोहीहरू नेपाल आइसकेका छन्। धेरै आरोही हिमाल चढ्न गन्तव्यतर्फ प्रस्थान गरिसकेको ट्रेकिङ व्यवसायी नवीन त्रितालले बताए। 'अहिले आरोही धमाधम हिमालको शिखरतर्फ लम्किरहेका छन्, धेरै आरोहीले चुचुरो पनि चुमिसके,' उनले भने, 'मौसमले साथ दिएमा नोभेम्बरभरि नै हिमाल आरोहण जारी रहनेछ।'

लन्डनमा आज नेपालको लगानी सम्मेलन

बेलायतबाट नेपालको जलविद्युत्, हरित पूर्वाधार, सूचना प्रविधि, पर्यटनलगायतमा लगानी भित्र्याउने उद्देश्य

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बेलायतबाट नेपालको जलविद्युत्, हरित पूर्वाधार, सूचना प्रविधि, स्वास्थ्य, पर्यटन तथा शिक्षालगायतका क्षेत्रमा लगानी भित्र्याउने उद्देश्यसहित मंगलबार लन्डनमा लगानी सम्मेलन हुँदै छ। बेलायतस्थित नेपाली दूतावासको आयोजनामा त्यहाँको सिटी अफ लन्डनको मेनसिन हाउसमा लगानी सम्मेलन हुनेछ।

दूतावासले बेलायतको परराष्ट्र मन्त्रालय तथा ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्टको सहयोगमा उक्त सम्मेलन गर्न लागेको हो। बेलायतका स्थानीय बैंकहरू, दातृनिकाय तथा लगानीकर्ताबाट नेपालको जलविद्युत् लगायतका पूर्वाधार आयोजनामा लगानी भित्र्याउने सम्मेलनको उद्देश्य छ।

सम्मेलनमा सहभागी हुन नेपालबाट अर्थमन्त्री डा. प्रकाशशरण महत, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्र, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीसहित सरकार तथा निजी क्षेत्रका प्रतिनिधि बेलायत पुगिसकेका छन्। मंगलबार त्यहाँको समयअनुसार १२:३० मा सम्मेलनको उद्घाटन हुनेछ। उद्घाटन समारोहमा अर्थमन्त्री डा. महत, बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र



सम्मेलनको पूर्वसन्ध्यामा सोमबार आयोजित कार्यक्रममा सहभागी हुँदै अर्थमन्त्री डा. प्रकाशशरण महत

आचार्यसहित बेलायतका विशिष्ट व्यक्तिहरूले मन्तव्य राख्नेछन्। त्यसपछि नेपालको जलविद्युत्, शिक्षा, सूचना प्रविधिलगायतका क्षेत्रको सम्भावनाबारे छुट्टाछुट्टै छलफल हुनेछ। सम्मेलनमा नेपालको अर्थ मन्त्रालय र त्यहाँको डेभलपमेन्ट फाइनान्स इन्स्टिच्युसनबीच समझदारीपत्रमा हस्ताक्षर (एमओयू) गर्ने कार्यक्रम पनि रहेको छ।

२१ डिसेम्बर १९२३ मा नेपाल र संयुक्त अधिराज्यबीच भएको मैत्री सन्धिको १०० वर्ष पूरा भएको अवसरसमेत पारेर लगानी सम्मेलन आयोजना गरिएको नेपाली राजदूतावास बेलायतले जनाएको छ। मुख्यतः नेपालको ऊर्जा क्षेत्रमा ब्रिटिस लगानी भित्र्याउने उद्देश्यसहित बेलायतमा लगानी सम्मेलन आयोजना गरिएको हो।

बेलायती लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक

यसैबीच, बेलायतका बैंकसमेतका लगानीकर्ता नेपालको जलविद्युत् पूर्वाधार आयोजनामा लगानी गर्न इच्छुक पनि देखिएका छन्। लगानी सम्मेलनको पूर्वसन्ध्यामा सोमबार बेलायतका बैंकलगायत लगानीकर्तासँग छुट्टै विशेष छलफल आयोजना गरिएको थियो। त्यसमा अर्थमन्त्री डा. महत, डेपुटी गभर्नर मिश्रसहित नेपालबाट गएका सरकार तथा निजी क्षेत्रका प्रतिनिधि पनि सहभागी थिए। त्यो छलफलमा बेलायतका बैंक तथा स्थानीय लगानीकर्ताले नेपालको जलविद्युत्समेतका पूर्वाधारमा ऋण, इक्युटी, ग्रिन्ड फन्डलगायतका माध्यमबाट लगानी गर्ने इच्छा देखाएका छन्। कार्यक्रममा सहभागी इप्पानका अध्यक्ष गणेश कार्कीले बेलायती लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक देखिएको बताए।

'मंगलबार हुने सम्मेलनको अवसरमा सोमबार यहाँ (बेलायत) का लगानीकर्ता, बैंकहरूसँग छुट्टै छलफल भएको थियो। त्यसमा यहाँका लगानीकर्ताहरू नेपालमा लगानी गर्न इच्छुक देखिएका छन्, यो सकारात्मक पक्ष हो। सम्मेलनले यसमा अझै प्रगति हुने आशा पनि छ,' उनले भने, 'अब यसलाई सफल बनाउन नेपाल सरकारले लगानीमैत्री नीति बनाउने, बेलायती लगानीकर्ताहरूसँग लगानीको लगि पहलकदमी बढाउनेलगायतका काम गर्नुपर्छ।'

नेपाल सरकारले आगामी १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने तयारी गरेको छ। त्यो लक्ष्य पूरा गर्न साढे ४६ अर्ब डलर लगानी आवश्यक देखिएको छ। त्यो अवस्थामा यो सम्मेलन लगानी जुटाउन ठूलो अवसर हुने पनि अध्यक्ष कार्कीले बताए।

'नेपालमा लक्ष्यअनुसार जलविद्युत् उत्पादन गर्न ठूलो लगानी जुटाउनुपर्नेछ। त्यो अवस्थामा लगानी जुटाउन यो कार्यक्रम ठूलो अवसर हो,' बेलायतबाट टेलिफोन सम्पर्कमा कार्कीले भने, 'यसलाई सफल बनाउनेतर्फ सरकार अग्रसर हुनुपर्छ। साथै, हामी निजी क्षेत्रले पनि आवश्यक पहल गर्नुपर्छ।'

कैलालीका पर्यटकीय क्षेत्रमा बढे पर्यटक

धनगढीमा **तेजराज भट्ट**

चाडबाडका वेलामा हुने बिदालाई सदुपयोग गर्दै कैलालीका पर्यटकीय गन्तव्यहरूमा आन्तरिक पर्यटक बढेका छन्। कैलालीको चिसापानी, टीकापुर पार्क, विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल, प्रसिद्ध धार्मिक स्थल गोदावरी धाम, बेहडाबाबा मन्दिर, खानीडाँडा, जाखोरतालगायत पर्यटकीय गन्तव्यहरूमा आन्तरिक पर्यटक वढेका हुन्।

चिसापानी घुम्न अहिले दैनिक तीन-चार सय पर्यटक पुग्ने गरेका छन्। दसैंको बिदाको समयमा यहाँ पर्यटकको थामी नसक्नु भिड थियो। दुईतिर अग्ला पहाडका बीचमा बग्दै गरेको नीलो कर्णाली नदी र त्यसमाथि एउटै पिल्लरमा अडिएको पुल पर्यटकको आकर्षणका केन्द्र बनेका छन्। कर्णाली पुलमा फोटो खिच्ने, टिकटक बनाउनेको भिड लाग्ने गरेको छ। स्थानीय व्यवसायीहरूका अनुसार दसैंको बिदाका वेला दिनमा हजारभन्दा बढी पर्यटक चिसापानी पुगेका थिए। 'पुलमा फोटो खिच्ने, टिकटक बनाउँदै रमाउनेको भिड हुन्छ' चिसापानी बजारमा रहेको लुक होटेलका सञ्चालक शशी लिगलले भने, 'पर्यटकको घुइँचो लागेपछि पहिलेको भन्दा व्यापार पनि निकै बढेको छ।'

तामाङ, गुरुङ, थारूलगायत विभिन्न जातजातिका परम्परागत पोसाक र पहिरन लगाएर कर्णाली पुलमा फोटो खिच्नेको भिड देखिन्छ। पर्यटकलाई केन्द्रित गरेर स्थानीय व्यवसायीले विभिन्न जातजातिका पोसाक र पहिरन भाडामा उपलब्ध गराउने गरेका छन्। चिसापानी पुग्ने पर्यटक पुलमा रमाउनेसँगै कर्णाली नदीमा च्याफ्टिङ र बोटिङ गरेर आनन्द लिन सक्ने सुविधा छ।



कर्णालीमा डुंगामा सयर गर्दै आन्तरिक पर्यटक

दैनिक ४०-५० जनाले नदीमा बोटिङ गर्ने गरेको कर्णाली च्याफ्टिङ एन्ड एडभेन्चर प्रालिका सञ्चालक देवराज जैसीले बताए। चिसापानी पुग्ने पर्यटकको संख्याको तुलनामा च्याफ्टिङ र बोटिङ गर्ने कम भए पनि घुम्न आउने पर्यटक भने बढेको उनको भनाइ छ। चिसापानीमा बन्जीको सुविधा पनि छ। चिसापानीमा कैलाली, कञ्चनपुरलगायत सुदूरपश्चिमका विभिन्न जिल्लासँगै लुम्बिनी प्रदेशका बाँके, बर्दिया तथा सीमावर्ती भारतीय क्षेत्रका पर्यटक पुग्ने गरेका छन्।

त्यस्तै, टीकापुर पार्कमा पनि पर्यटक बढेका छन्। टीकापुर पार्कका इन्चार्ज अर्जुन कुँवरका अनुसार अरूवेलाको तुलनामा हिजोआज पार्क घुम्न आउनेको संख्या दोब्बरले बढेको छ। उनले भने, 'अहिले कुनै दिन दुई हजार पनि पुग्छन्।' घुम्न आउनेहरू साथीभाइसँग वा परिवारसहित घुम्न आउने गरेको उनले बताए। टीकापुर र आसपासका गाउँबाट दसैंका वेला घर फर्केकाहरू पनि परिवारसहित टीकापुर पार्क घुम्न आउने गरेको कुँवरको भनाइ छ।

राजा महेन्द्रका पालामा बनेको यो पार्क देशकै ठूलो पार्क पनि हो। टीकापुर पार्कमा राजा महेन्द्र बसेको आवास पनि छ। यहाँ तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यसहित राजपरिवारका सदस्य पनि विभिन्न समयमा आएर बसेका थिए। शान्त र रमणीय वातावरण, मौसमी-बेमौसमी फूलहरू टीकापुर पार्कका आकर्षण हुन्। मुटुरोगपीडित राजा महेन्द्रले ०२४ सालमा टीकापुरमा आएर करिब डेढ महिना आराम गरेका बताइन्छ। टीकापुर पार्क यहाँको प्रमुख पर्यटकीय गन्तव्य हो।

विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल क्षेत्र, धार्मिक स्थल गोदावरी धामलगायत कैलालीका अन्य पर्यटकीय क्षेत्र पनि आन्तरिक पर्यटकले भरिभराउ छन्। पूर्व-पश्चिम राजमार्गसँगै जोडिएकाले घोडाघोडी ताल क्षेत्रमा पुग्न यातायातको सहज सुविधा छ।

चाडबाडका वेला क्याम्पस तथा विद्यालयहरूमा लामो बिदा भएकाले पनि पर्यटकीय गन्तव्यहरूमा चहलपहल बढेको छ। नाटा सुदूरपश्चिमका अध्यक्ष पदमविक्रम सिंहले चाडबाडका वेला लामो बिदा हुने भएकाले खप्तडलगायत सुदूरपश्चिमका प्रमुख पर्यटकीय गन्तव्यमा पर्यटकको चहलपहल बढेको बताए। नाटाले पर्यटीय गन्तव्यका बारेमा पर्यटकलाई आवश्यक सहजीकरण गर्ने गरेको उनको भनाइ छ। 'लामो बिदा र घुम्नका लागि उपयुक्त मौसम पनि भएकाले अहिले यहाँका पर्यटकीय गन्तव्यहरूमा पर्यटकको संख्या बढेको छ,' उनले भने, 'पर्यटन व्यवसायीहरूले घुमघामका लागि पर्यटकलाई विभिन्न प्याकेजहरू पनि उपलब्ध गराइरहेका छौं।'

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०७/१४ गते

यस माछापुच्छ्रे बैंक लि. हिले शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पतिको विवरण
झनक बहादुर कार्की ना.प्र.नं. २६७७/२०४१४/३३७, जि.प्र.का. भोजपुर जारी मिति : २०६९/०६/२१ बाबु : तारा बहादुर कार्की बाजे : चन्द्र बहादुर कार्की ठेगाना : भोजपुर जिल्ला, सानोदुम्मा गा.वि.स. वडा नं. ७	चन्द्र बहादुर कार्कीको नाति, तारा बहादुर कार्कीको छोरा, भोजपुर जिल्ला, सानोदुम्मा गा.वि.स. वडा नं. ७ ठेगाना भई हाल धनकुटा जिल्ला, पाख्विास न.पा. वडा नं. ३ बस्ने झनक बहादुर कार्कीको नाममा मालपोत कार्यालय धनकुटामा दर्ता कायम भएको धनकुटा जिल्ला, धनकुटा बजार गा.वि.स. वडा नं. १ स्थित कि.नं. २०७७ को क्षेत्रफल ०-७-०-१ (रो.आ.पै.दा.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापतहरु समेत।

व्यक्तिगत जमानतकर्ताहरु

१. झनक बहादुर कार्की	२. गंगा भण्डारी
ना.प्र.नं. २६७७/२०४१४/३३७, जि.प्र.का. भोजपुर जारी मिति : २०६९/०६/२१ बाबु : तारा बहादुर कार्की बाजे : चन्द्र बहादुर कार्की ठेगाना : भोजपुर जिल्ला, सानोदुम्मा गा.वि.स. वडा नं. ७	ना.प्र.नं. ११९५, जि.प्र.का, धनकुटा जारी मिति : २०५५/०९/२८ बाबु : जित बहादुर भण्डारी पति : झनक बहादुर कार्की, ससुरा : तारा बहादुर कार्की ठेगाना : धनकुटा जिल्ला, फलाटे गा.वि.स. वडा नं. ३

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, हिले

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणगढ, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणगढ, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहाहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

राम बहादुर रिजाल/मधु माया रिजालको नाति, रुम कहादुर रिजाल/लेखा माया रिजालको छोरा, प्रमिला भण्डारी रिजालको पति, चितवन जिल्ला, पिप्ले गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं.०१ बस्ने **बिकाश रिजाल** (ना.प्र.नं. २८२/०४४, जारी मिति २०६३/०२/२९, जिल्ला प्रशासन कार्यालय चितवन)

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जुठे न्यौपानेको नातिनी, कृष्ण बहादुर न्यौपाने/खेत माया न्यौपानेको छोरी, रुम बहादुर रिजालको पत्नी, चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ०१ (सांविक चितवन जिल्ला पिप्ले गा.वि.स. वडा नं. ०१) बस्ने **लेखमाया रिजाल** (ना.प्र.नं. ७३७, जारी मिति २०३६/०८/२३, जिल्ला प्रशासन कार्यालय चितवन)।

२. यज्ञ ब. भण्डारी/तिलक माया भण्डारीको नातिनी, यज्ञ वीर भण्डारी क्षेत्री/भवानी भण्डारीको छोरी, रुम बहादुर रिजाल/लेखमाया रिजालीको बुहारी, विकास रिजालको पत्नी, चितवन जिल्ला, पिप्ले गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ०१ बस्ने **प्रमिला भण्डारी (रिजाल)** (ना.प्र.नं. ३५-०१-७२-०६२३९, जारी मिति २०७२/०६/१३, जिल्ला प्रशासन कार्यालय चितवन)।

धितो सुरक्षणको विवरण:

१. **लेखा माया रिजाल**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, राप्ती न.पा, वडा नं.१ (सांविक चितवन जिल्ला पिप्ले गा.वि.स.वड नं.१/ख) स्थित कित्ता नं. ३३० को क्षेत्रफल ०-७-१० (वि.क.धु) जग्गा तथा उक्त जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापात समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय नारायणगढ, चितवन, फोन नं. ०५६-५९५२४१

धरौटीमा छुटे डिपो प्रमुख दास

कास्की/ नेपाल आयल निगम प्रादेशिक कार्यालय गगनगौंडा डिपो पोखरामा भएको तेल अपचलन घटनामा संलग्न मुख्य आरोपित डिपो प्रमुख चित्तरञ्जन दास पाँच लाख धरौटी बुझाएर तारेखका छुटेका छन् ।

तेल अपचलनको घटना भएको दिन २५ साउनदेखि फरार रहेका दास आइतबार कास्की जिल्ला अदालतमा उपस्थित भएका थिए ।

अदालतले आइतबारै उनको बयान लिएको थियो । दासको बयानपछि भएको थुनछेक बहसपछि न्यायाधीश ऋषिराम आचार्यको एकल इजलासले धरौटी तारेखमा छाड्ने आदेश दिएको अदालतका शाखा अधिकृत रामबहादुर किसानले जानकारी दिए ।

नेपालमा लगानी गर्न बेलायतका एनआरएनलाई अध्यक्ष ढकालको आग्रह

अर्थतन्त्रका समस्या समाधान हुँदै गएकाले लगानीको अवसर छोप्ने उपयुक्त मौका भएको भनाइ

नयाँ पत्रिका



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीका प्रचुर अवसरहरू भएकाले लगानी बढाउन बेलायतमा रहेका गैरआवासीय नेपालीहरूलाई आग्रह गरेका छन् । नेपाल जनसम्पर्क समिति बेलायतले लन्डनमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष ढकालले नेपालको जलविद्युत् र पर्यटनमा लगानीको प्रतिफल उच्च रहेकाले लगानी बढाउन आग्रह गरेका हुन् ।

बेलायतमा रहेका गैरआवासीय नेपालीकोसमेत लगानीमा केबलकार सञ्चालनमा ल्याएको चन्द्रागिरि हिल्स नेपालकै आकर्षक पर्यटन गन्तव्य बनेको र उच्च प्रतिफल दिएको उदाहरण प्रस्तुत गर्दै अध्यक्ष ढकालले लगानी बढाउन हिचकिचाउनुपर्ने कारण नरहेको बताए ।

सातै प्रदेशमा चन्द्रागिरिजस्तै हिल स्टेसनसहितका केबलकार परियोजना अघि बढाएको उल्लेख गर्दै अध्यक्ष ढकालले आफू जन्मेहुर्केको प्रदेशमा रहेका पर्यटकीय पूर्वाधार परियोजनामा लगानी गर्न पनि गैरआवासीय नेपालीहरूलाई आग्रह गरे । कास्कीको सिकलेस, ताप्लेजुङको पाथीभरा र कर्णाली चिसापानीको जाल्पादेवी केबलकार परियोजना निर्माणको चरणमा प्रवेश गर्न थालिसकेकाले लगानीको अवसर हातमै आइपुगेको उनको भनाइ थियो ।

यसैगरी, गैरआवासीय नेपालीसँगको सहकार्यमा म्याग्दीमा जलविद्युत् परियोजना सम्पन्न भइसकेकाले अन्य जलविद्युत् परियोजनामा समेत लगानी बढाउन पनि अध्यक्ष ढकालले आग्रह गरे । विश्वव्यापी संकटका असरले नेपालको अर्थतन्त्रमा देखिएका समस्या समाधान हुँदै गएको, उल्लेख्य रूपमा रेमिट्यान्स भित्रिएको, पर्यटक आगमनमा सुधार भएको र बैंकिङ क्षेत्रमा लगानीयोग्य रकम बढिरहेकाले लगानीको वातावरण सुधार भइरहेको ढकालले उल्लेख गरे ।

सामाजिक सञ्जालमार्फत फैलिने नकारात्मक कुरालाई ध्यान नदिएर नेपालमा रहेका लगानीका अवसरहरूलाई छोप्न पनि अध्यक्ष ढकालले आग्रह गरे । लगानी तथा प्रतिफलका हिसाबले नेपालमा अवसरै-अवसरको सम्भावना भएकाले त्यसबाट फाइदा उठाउन ढिलाइ गर्न नहुने उनको भनाइ थियो ।

वार्षिकोत्सवमा सांग्रिला डेभलपमेन्ट बैंकको विभिन्न कार्यक्रम

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्नो १९औँ वार्षिकोत्सवका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेको छ । बैंकले मन्दिर सरसफाइ, अस्पताललाई सहयोग, रक्तदान तथा कर्मचारीहरूलाई सम्मान गरेर वार्षिकोत्सव मनाएको हो ।



बैंकले बैंकका कर्मचारीहरू तथा सामुदायिक प्रहरी सेवा केन्द्रको सहभागितामा काठमाडौंको टुँडालदेवी मन्दिरपरिसर सरसफाइ गरेको जनाएको छ । त्यस्तै, बैंकको केन्द्रीय कार्यालयमा आयोजना गरिएको कार्यक्रममा आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत तिलगंगा आँखा अस्पताललाई दुई लाख रुपैयाँ आर्थिक सहयोग गरेको जनाइएको छ ।

वार्षिकोत्सवकै अवसर पारेर बैंकको केन्द्रीय कार्यालय र नेपालगन्ज क्लस्टर कार्यालयमा गरी जम्मा एक सय ३२ जनाले रक्तदान गरेको जनाइएको छ । बैंकका अध्यक्ष सत्यालले बैंकमा ५ वर्षभन्दा बढी अवधि काम गरेका कर्मचारीलाई एक्सेलेन्स अवार्ड वितरण गरेको बैंकले जनाएको छ ।

कोइला किन्न नसक्दा हेटौंडा सिमेन्टको उत्पादन बन्द



मकवानपुर/ आर्थिक समस्याका कारण पटक-पटक बन्द हुने गरेको हेटौंडामा रहेको नेपाल सरकारको स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन पुनः बन्द भएको छ । आर्थिक अभावका कारण कोइला खरिद गर्न नसकेपछि उद्योग सोमबारदेखि बन्द भएको हो ।

उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले आर्थिक अभावका कारण कोइला खरिद गर्न नसक्दा उद्योगको उत्पादन बन्द गर्नुपरेको जानकारी दिए । उद्योगलाई नियमित सञ्चालनका लागि मासिक रूपमा करिब तीन हजार मेट्रिक टन कोइला आवश्यक पर्ने उनको भनाइ छ । उनले भने, 'आर्थिक समस्याले आवश्यक कोइला खरिद गर्न नसकेपछि आजदेखि सिमेन्ट उत्पादन बन्द भएको छ ।

कोइला सप्लायर्सहरूलाई पैसा तिर्न बाँकी छ । पैसा तिर्न बाँकी भएपछि सप्लायर्सहरूले तत्काल कोइला पठाएका छैनन् । त्यसैकारणले केही दिन उद्योग बन्द हुने भएको छ ।'

महाप्रबन्धक पाण्डेले उत्पादन भएको सिमेन्ट समयमै बिक्री नहुँदा पनि समस्या भएको बताए । हिजोआज दैनिक दुईदेखि तीन सय बोरा सिमेन्ट मात्रै बिक्री हुने गरेको उनको भनाइ छ ।

उनले भने, 'उद्योगमा तीन लाख बोरा सिमेन्ट मौज्दात छ । तर, अहिले दैनिक जम्मा दुई तीन सय बोरा सिमेन्ट मात्रै बिक्री भइरहेको छ । उद्योग सहज रूपमा सञ्चालनका लागि कम्तीमा पनि दैनिक तीन चार हजार बोरा सिमेन्ट बिक्री हुनुपर्छ ।'

चाडपर्वले निर्माणका काममा कमी आएकाले सिमेन्ट बिक्री घटेको हुन सक्ने बताउँदै महाप्रबन्धक पाण्डेले छठपछि सिमेन्ट बिक्री बढ्ने आशा व्यक्त गरे । भुक्तानी गर्ने रकमको व्यवस्था भएपछि केही दिनमै उद्योग पुनः सञ्चालनमा आउने उनको भनाइ छ ।

महाप्रबन्धक पाण्डेले कोइला अभावमा उद्योग बन्द भएको मौका पारेर मर्मतको काम पनि गर्ने बताए । चार दशक पुरानो उद्योगका मेसिन जीर्ण हुँदै गएकाले समय-समयमा मर्मत गरिराख्नुपर्ने अवस्था पनि रहेको उनले जानकारी दिए ।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल ग्रोथ फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

२०८० आश्विन मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० आश्विन मसान्त रकम (रु)	२०८० भाद्र मसान्त रकम (रु)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	सूचीकृत शेयर	६३,०७५,२,३१७	६४,५९,६९,९१५
२	बैंक मुद्दती निक्षेप	१९,८०,००,०००	१९,८०,००,०००
३	ऋणपत्र /बन्ड	६,८३,०४,०००	६,८३,०४,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१५,०९,६२,३०८	१६,०६,६८,०७७
	जम्मा	१,०४,८०,१८,६२५	१,०७,२९,४१,९९२
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	बैंक मौज्दात	२३,५६,००,८८९	२३,९५,७५,४८८
२	अन्य सम्पत्ति	८५,४१,२८८	९५,३८,७८५
	जम्मा	२४,४१,४२,१७७	२४,९१,१४,२७३
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	अन्य दायित्व	२,४१,२४१	२,२१,४१७
	जम्मा	२,४१,२४१	२,२१,४१७
	खुद सम्पत्ति (ग्रस)	१,२९,९१,१९,५६१	१,३२,१८,३४,८४८
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	५७,५२,०२०	३८,९२,५०९
	कोष सुपरिवेक्षक शुल्क	४,०६,०२५	२,७४,७६५
	खुद सम्पत्ति	१,२८,५७,६१,५१६	१,३१,७६,६७,५७४
	जम्मा इकाई	१३,२०,००,०००	१३,२०,००,०००
	प्रति इकाई खुद मूल्य	९.७४	९.९८

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० आश्विन मसान्त रकम (रु)	२०८० भाद्र मसान्त रकम (रु)
१	प्राप्त भइ सकेको आम्दानी	२,८४,४७,२३०	१,६८,४२,८६२
२	प्राप्त भइ नसकेको आम्दानी	(८,८०,१८,०३८)	(४,६५,५६,१९३)
	जम्मा आम्दानी	**(५,१५,७०,८०८)**	**(२,९७,१३,२५१)**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	१,२५,५७८	४७,७९३
२	योजना लेखापरीक्षण शुल्क	२८,७९२	१९,५०४
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	५७,५२,०२०	३८,९२,५०९
४	कोष सुपरिवेक्षक शुल्क	४,०६,०२५	२,७४,७६६
	जम्मा खर्च	**६३,१२,४१५**	**४२,३४,५७२**
	कुल आय / (व्यय)	**(६,५८,८३,२२३)**	**(३,३९,७७,१६४)**

नोटः - सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।

- योजनाको २०८० आश्विन मसान्त सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिवेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. १,१३,३६,२२,५४० रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मुल्यांकन रकम
	वाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	६६,८५३	१०,४८९,२३६
२	नेपाल बैंक लिमिटेड	५१,८८५	१२,८६७,४८०
३	सिद्धार्थ बैंक लिमिटेड	४६,३७०	११,२७२,५४७
४	प्राइम कमर्सियल बैंक लिमिटेड	९८,१७६	१७,६७१,६८०
५	एनएमबि बैंक लिमिटेड	७३,६३७	१५,३५३,३१५
६	एनआइसि एसिया बैंक लिमिटेड	६८,५१८	३५,४३७,५१०
७	हिमालयन बैंक लिमिटेड	२०,६१०	४,१४०,५४९
८	कुमारी बैंक लिमिटेड	५०,५८६	७,८७६,२४०
९	नविल बैंक लिमिटेड	३२,६०२	१८,६५१,६०४
१०	सानिमा बैंक लिमिटेड	१९,५७७	४,६१८,२१४
११	लक्ष्मी सनराईज बैंक लिमिटेड	६४,७३९	११,७१७,७५९
१२	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	२५,०००	२,७५०,०००
	विकास बैंक समूह		
१	गरिमा बिकास बैंक लिमिटेड	९६,०३०	३५,०५०,९५०
२	शाइन रेसङ्गा डेभलप्मेन्ट बैंक लिमिटेड	६६,७६४	२३,९०१,५१२
३	लुम्बिनी बिकास बैंक लिमिटेड	३६,७१३	१३,६९३,९४९
४	मुक्तिनाथ बिकास बैंक लिमिटेड	८०,५३३	२९,९८२,४३६
५	मितेरी डेभलप्मेन्ट बैंक लिमिटेड	२७,६३७	१०,९९९,५२६
६	कामना सेवा बिकास बैंक लिमिटेड	२९,९५०	८,९४९,०६०
७	ज्योती बिकास बैंक लिमिटेड	३२,२७७	९,१६३,४४०
	फाइनान्स समूह		
१	मन्जुश्री फाइनान्स लिमिटेड	३४,५३४	१७,३७०,६०२
२	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	१५,०००	६,८५५,०००
३	गुडविल फाइनान्स लिमिटेड	३१,४८६	१२,९७२,२३२
४	रिलायन्स फाइनान्स लिमिटेड	२४,५०२	७,४७३,११०
	लघुवित्त समूह		
१	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,६७१	१३,०१०,३२७
२	छिमेक लघुवित्त वित्तिय संस्था लिमिटेड	१६,०४५	१४,७१३,२६५
३	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	८,७७२	५,३४२,१४८
४	फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,६१०	१२,७९५,६६०
५	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,२२६	७,२६०,४६०
६	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	५,६६४	४,९२७,६८०
	जलविद्युत् समूह		
१	साहस उर्जा लिमिटेड	२८,८८९	११,८५३,०९१
२	अपि पावर लिमिटेड	४२,०६०	७,२४२,७३२
३	अरुण काबेली पावर लिमिटेड	६२,०५४	११,०३३,२०१
४	डाढी ग्रुप पावर लिमिटेड	१०,१२७	२,०२६,४१३
५	मिड सोलु हाईड्रोपावर लिमिटेड	५७६	१७५,७३८
	सामूहिक लगानी कोष समूह		
१	सनराइज फोकस्ड ईक्वीटी फण्ड	२,५००,०००	१९,८५०,०००
२	प्रभु स्मार्ट फण्ड	१,०००,०००	७,५७०,०००
३	आरबिबि म्युचुअल फण्ड २	१,०००,०००	७,६९०,०००
४	सिटिजन म्युचुअल फण्ड २	१४४,३३७	१,०२६,२३६
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	३३०,०००	३,३००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	५००,०००	३,९८५,०००
७	लक्ष्मी भ्यालु फण्ड २	४००,०००	३,०४४,०००
८	एनआईसी एसिया ग्रोथ फण्ड	१४६,०४६	१,४४५,८५५
९	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	२००	१,५४६
	निर्जीवन बीमा समूह		
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	४४०	५,६७५,९५६
२	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	६३९	४५६,८२१
३	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,९१४	१६,८५६,६८४
४	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	२९,६८०	१४,२४९,३६८
५	आइजीआई फ्रेडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	४१,५६०	१९,४९१,६४०
६	प्रभु इन्स्योरेन्स लिमिटेड	२१,०३३	१३,७११,४१३
	जीवन बीमा समूह		
१	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	३०,७२५	११,९४८,९५३
२	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	३०,१२८	१५,००३,७४४
३	एसियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	१८,०५४	११,३१९,८५८
	होटल समूह		
१	सोलुटी होटल लिमिटेड	३०,९७५	१२,१७३,१७५
२	तारागाउँ रिजेन्सी होटल लिमिटेड	२३,०००	१५,४५६,०००
	लगानी समूह		
१	नागरिक लगानी कोष	५,६१२	१०,४६६,३८०
२	हाथवे इनभेष्टमेन्ट नेपाल लिमिटेड	५००	१४२,०००
	उत्पादन तथा प्रशोधन समूह		
१	हिमालयन डिष्टिलरी लिमिटेड	२२	४०,८५४
२	शिवम सिमेन्ट लिमिटेड	३२,२२३	१६,२०८,१६९
	कूल		६३०,७५,२,३१७

कोष प्रवर्द्धकः NIMB — केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाण्डौ । फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३७९, ४२२८९२७ इमेलः info@nimb.com.np वेभसाइट : www.nimb.com.np

योजना व्यवस्थापक NIMB ACE CAPITAL LIMITED — एनआइएमबि एस क्यापिटल लिमिटेड, पोखरा, लाजिम्पाट, काठमाडौं, नेपाल, फोन नं. ४२२९७०, फ्याक्सः ४०००८४ E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

---

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालयः न्यूप्लाजा, काठमाण्डौ, फोन : ०१-४५३००६९ | शाखा कार्यालयः हेटौंडा, मकवानपुर, फोन : ०५७-४१००९४

को

शाखा कार्यालय न्यूप्लाजा, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०७/१४ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय न्यूप्लाजा, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०६/०५ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

राम बहादुर थापाको बुहारी, मुकेश बहादुर थापाको पत्नी, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **रमा देवी थापा (ना.प्र.प.नं. ८११३२९७६, धनुषा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. **मान बहादुर थापाको नाति, राम बहादुर थापाको छोरा, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको मुकेश बहादुर थापा (ना.प्र.प.नं. ८११३३१००, धनुषा)**

२. **राम बहादुर थापाको नाति, मुकेश बहादुर थापाको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा./उ.म.न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको मिजाश थापा (ना.प्र.प.नं. ३१-०१-७०-०१३४५, मकवानपुर)**

३. **राम बहादुर थापाको नातिनी, मुकेश बहादुर थापाको छोरी, मकवानपुर जिल्ला, हेटौंडा न.पा./उ.म.न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको निजा थापा (ना.प्र.प.नं. ३१-०१-७१-०३९१९, मकवानपुर)**

धितोमा रहेको सम्पतिको विवरण

रमा देवी थापाको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थित किता नं. १७७८, ३८७१ र ४१७० को क्रमशः क्षेत्रफल ०-०-४.५-०, ०-०-१.५-० र ०-०-४-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०७/१४ गते मंगलवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय न्यूप्लाजा, काठमाण्डौ र हेटौंडा, मकवानपुरबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वितीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०७/२८ गते मंगलवारदेखि तिहारको सार्वजनिक विदा परेकोले मिति २०८०/०८/०१ गते शुक्रवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०८/०२ र मिति २०८०/०८/०३ गते सार्वजनिक विदा परेकोले मिति २०८०/०८/०४ गते सोमवार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय न्यूप्लाजा, काठमाण्डौ र हेटौंडा, मकवानपुरमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
तारा गाउँ विकास समिति

बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/७/१४

यस समितिबाट मिति २०८०/६/९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा TGDB/HRM/CO-2080/05 Procurement and Supply of Hospitality Sector Human Resources through Outsourcing for Canteen at Kathmandu को आपूर्ति गर्न बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

सि.नं.	ठेक्का नं. तथा विवरण	बोलपत्रदाताको नाम र ठगाना	कबोल अंक रु. (मु.अ.कर समेत)
1	TGDB/HRM/CO-2080/05	Sagarmatha Multi Service Pvt. Ltd.	६६५२४९०.०८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलालीको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलालीवाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहाँहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीहरुको विवरणः

१. नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भीमदत्तनगर, कञ्चनपुर मा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ मिति २०६६/०८/०२ मा प्रा.फ.नं. ९४/१५१४/०६६/०६७ कायम भइ कञ्चनपुर जिल्ला, पुर्नवास न.पा., वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **शर्मा ईटा टायल उद्योग** (प्रोप्राईटर नन्दलाल खराल/पवित्रा देवी खरालको नाति, टिकाराम शर्मा खराल/भूमिकला खराल शर्माको छोरा, मन्जु चापागाईको पति, कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ०६ (साविक कञ्चनपुर जिल्ला, त्रिभूवनवस्ती गा.वि.स. वडा नं. ०२) वस्ने **नवीन शर्मा (खराल)** (ना.प्र.नं. ३३९, जारी मिति २०५४/१२/१८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

२. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर, कञ्चनपुरमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, मिति २०६४/०७/२० मा प्रा.फ.र.नं. ९३/०६४/०६५ कायम भई दर्ता रहेको कञ्चनपुर जिल्

राष्ट्रसंघ महासचिवलाई भुटानी शरणार्थीको पीडादायी सन्देश

'मर्दा पनि छोराछोरीले अनुहार हेर्न नपाउने भए'

झापामा **चिरञ्जीवी घिमिरे**

झापामा भुटानी शरणार्थी दलबहादुर कार्की (१०५) स्वदेश फर्कने अडान राखेर छोराछोरीसँग तेस्रो देश पुनर्वास भएनन् । चार छोरी र दुई छोरा अमेरिका तथा अस्ट्रेलिया पुनर्वास भएको वर्षौं भइसक्यो । श्रीमतीको मृत्यु भएको १५ वर्ष भयो । उनी अहिले एकजना छोरीको शरणमा शरणार्थी शिविरमा जीवन बिताइरहेका छन् । एउटी छोरी र उनका भाइको परिवार भुटानमै छ । उनी अहिले पनि भुटान फर्कन पाइन्छ भन्ने आसमा शिविरमै बसेका छन् । भुटानी शरणार्थी समस्या समाधानका लागि हुने अधिकांश आन्दोलनमा उनी सहभागी हुन्छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस नेपाल आएको सन्दर्भमा उनलाई भुटानी शरणार्थी समस्या समाधान गर्न अपिल गर्ने उद्देश्यले आयोजना गरिएको ञालीमा पनि कार्की सहभागी थिए । उनले राष्ट्रसंघ र नेपाल सरकारसमक्ष स्वदेश फिर्तीको माग उठाइदिन आग्रह गरेका छन् । 'जीवनको अन्तिम क्षणसम्म आइपुग्दा पनि भुटान जाने सपना त्यागेको छैन । छोराछोरीले विदेश लान खोजेका थिए । म स्वदेश फर्कन्छु भनी युएनएचसिआरमा भनेर आएँ । अहिले शिविरमै छु,' उनले भने, 'अहिले हामी मान्छेजस्तो भएर बाँच्न पाएका छैनौं । छोराछोरी बाहिर छन् । उनीहरूको माया धेरै छ । तर, त्योभन्दा धेरै देशको माया छ । हामीलाई भुटान फर्काउन पहल गरियोस् ।'

भुटानी शरणार्थी अग्निप्रसाद आचार्य (७०) दुई वर्षयता प्यारालाइसिसले थलिएका छन् । उनका दुई छोरा र चार छोरी अमेरिका पुनर्वास भएका छन् । उनी स्वदेश फर्कने अडान राख्दाराख्दै नेपालमै छुटे । शिविरमा दुई छोरी र श्रीमतीको सहारामा बस्दै छन्, अग्निप्रसाद । अहिले हिँड्डुल गर्न नसक्ने भएपछि उनी छोराछोरीसँगै पुनर्वास जाने योजनामा छन् । तर, पुनर्वास प्रक्रिया नै बन्द भएपछि अहिले पारिवारिक विछोडको पीडामा छटपटिएका छन्, उनी । 'पहिला युएनएचसिआरले रासन दिन्थ्यो । गरेर खान पनि सकिन्थ्यो । त्यो वेला आफ्नै देश भुटान जाने अडान राखियो । अहिले रासन दिन छाड्यो । संस्था(युएनएचसिआर)ले पनि दुहुरोजस्तै बनायो । आफू पनि ओछ्यानमा थलिएँ,' उनले भने, 'अब छोराछोरी भएकै ठाउँ जाऊँ कि भनेको के-के मिल्दैन । जान पाइनँ ।'

पारिवारिक विछोडको पीडामा रहेका अग्निप्रसादलाई आफ्नो मृत्यु हुँदा छोराछोरीले अनुहार पनि हेर्न पाउँदैनन् कि भन्ने चिन्ता छ । 'परिवार छिन्नभिन्न भयो । कोही अमेरिका छन् । हामी यता छौं । उनीहरू भनेको वेला आउन पनि पाउँदैनन् । अब त मर्दा पनि छोराछोरीले अनुहारसमेत हेर्न नपाउने भए भन्ने चिन्ता लाग्छ,' उनले भने, 'धेरैको त्यस्तो भएको छ । शिविरमा एक्लै बसेका वृद्धवृद्धा मर्दा छोराछोरी अनुहार हेर्न पनि आइपुग्दैनन् । उनीहरूको अन्तिम संस्कार गर्न पैसा पठाउँछन् । मरेपछि पैसाको के मतलब ?'

भुटानी शरणार्थी शिविरकी चन्द्रमायाका वृद्ध श्रीमान् बिरामी छन् । स्वदेश फर्कने श्रीमान्को अडानले पुनर्वास नगएकी चन्द्रमायालाई अहिले दैनिक छाक टार्न मुस्किल छ । 'कमाउने श्रीमान् हिँड्न सक्दैनन् । विदेशमा रहेका शरणार्थीले सहयोग गरेकाले नै बाँचिरहेकी छु । अब के हालत होला भन्ने डर लागेको छ,' उनले भनिन्, 'कमाउने मान्छे नै नभएपछि भुटान जाने रहर त्याग्यौं । फेरि पुनर्वास पठाए तेस्रो देश जाने थियौं ।'

राष्ट्रसंघका महासचिव गुटेरेस नेपाल आएको सन्दर्भमा सोमबार भुटानी शरणार्थी शिविर व्यवस्थापन समितिका सचिव सञ्चहाङ सुब्बाको अगुवाइमा शिविरमा ञालीको आयोजना गरिएको थियो । सुब्बाले राष्ट्रसंघले भुटानी शरणार्थीको समस्यालाई बेवास्ता गरेको भन्दै दुःख व्यक्त गरे । झापाको दमक र मोरङको पथरी शनिश्चरेमा रहेको शिविरमा अहिले पनि ६ हजारभन्दा धेरै शरणार्थी रहेको भन्दै उनले दमकस्थित शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय (युएनएचसिआर)को कार्यालय बन्द गर्नु उपयुक्त नभएको बताए ।

'भुटानी शरणार्थीको समस्या समाधान भएजस्तै युएनएचसिआरले रासन सहायता पनि दिन छाड्यो । दमकको कार्यालय नै बन्द गऱ्यो । तर, भुटानी शरणार्थी समस्या समाधान भएको छैन,' उनले भने, 'एकजना शरणार्थी रहेसम्म समस्या समाधान भएको मानिँदैन । युएनएचसिआरले एकजना शरणार्थी रहेसम्म पनि छाड्न मिल्दैन थियो । यसमा संयुक्त राष्ट्रसंघका महासचिवज्यूको ध्यानाकर्षण होस् ।' अहिले पनि भुटानी शरणार्थी समस्या कायमै रहेकाले शरणार्थी समस्या समाधानमा पहल गरिदिन राष्ट्रसंघ महासचिवलाई शिविर सचिव सुब्बाको आग्रह छ ।

शिविरका सचिव सुब्बाले शिविरमा दर्तावहीन शरणार्थीको पनि ठूलो समस्या रहेको बताए । 'दर्तावहीन शरणार्थीले त मान्छेको दर्जा पनि पाएका छैनन् । उनीहरूको समस्या विकराल छ । निष्पक्ष छानबिन गरी वास्तविक शरणार्थीलाई तत्काल दर्ता गर्न आग्रह गर्छु,' उनले भने, 'शिविरको युवासँग विवाह गरेर आउने महिलाको हकमा पनि परिचयपत्र बन्न सकेको छैन । हाम्रा शिविरका चेलीले बाहिर विवाह गरेर गएपछि अहिले विभिन्न कारणले छुट्दा पनि ती महिलाहरू शिविरमा दर्ता हुन सकेका छैनन् । जसले श्रीमान् छाडेका शरणार्थी महिला विचल्लीमा छन् । यसतर्फ पनि नेपाल सरकार र राष्ट्रसंघको ध्यान जाओस् ।'

हिउँ...

पृष्ठ १ बाट क्रमशः

सन्देश दिन नेपालमा छु,' सगरमाथाको स्याङ्बोचे क्षेत्र पुगेका गुटेरेसले त्यहींबाट जारी गरेको दुई मिनेट पाँच सेकेन्ड लामो भिडियो सन्देशमा उल्लेख छ । समुद्री सतहबाट १३ हजार फिट उचाइबाट महासचिव गुटेरेसले सन्देश जारी गरेका हुन् । 'संसारका छानाहरू गुफाभित्र छन्,' उनले हिउँ रित्तिँदै गरेका हिमाललाई लक्षित गर्दै भने । आगामी १४ देखि २६ मंसिरमा दुबईमा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय सम्मेलनको पूर्वसन्ध्यामा महासचिव गुटेरेसले सन्देश जारी गरेका छन् । युनेस्कोको विश्वसम्पदा सूचीमा रहेको सगरमाथा राष्ट्रिय निकुञ्जमा रहेको होटेल एभरेस्ट भ्युमा उनले स्थानीयसँग पनि अन्तर्क्रिया गरेका थिए ।

उनले जलवायु परिवर्तनका सन्दर्भमा दुई चरणको खतरनाक अध्यायबाट दुःखद घटना हुन लागेको भन्दै सबैलाई सचेत गराएका छन् । 'पहिलो चरण हिमनदी र बरफ पग्लने कथा हो । उल्लेख्य तापमान भनेको उल्लेख्य ग्लेसियर पग्लनु हो,' उनले भनेका छन्, 'नेपालले ३० वर्षको अवधिमा झन्डै एकतिहाइ बरफ (हिउँ) गुमाएको छ । अन्टार्कटिका र ग्रिनल्यान्डले हरेक वर्ष अर्बौं टन बरफ गुमाइरहेका छन् । बरफहरू पग्लिनुको अर्थ सुगन्धित तालहरू र नदीहरूमा बाढी आउनु, सम्पूर्ण समुदायलाई बगाउनु हो । विश्वभर तटीय समुदायलाई खतरामा पार्ने गरी तीव्र रूपमा समुद्र बढेर गएका छन् । संकटले गति लिइरहेको छ ।'

महासचिव गुटेरेसले नेपालको हिमनदी अधिल्लो दशकको तुलनामा ६५ प्रतिशत छिटो पग्लिएको तथ्यांक प्रस्तुत गरे । 'यसको मतलब यो त्रासदीको दोस्रो चरण अझ ठूलो हुन्छ- हिमनदीहरू पूर्ण रूपमा हराउनेछन्,' उनले भनेका छन्, 'हिमतालहरू बरफका जलाशय हुन् । यहाँ हिमालयमा रहेका जलाशयले एक अर्बभन्दा बढी मानिसलाई ताजा पानी आपूर्ति गर्छन् । जब तिनीहरू संकुचित हुन्छन्, त्यसरी नै नदीहरू बग्दछन् । भविष्यमा, सिन्धु, गंगा र ब्रह्मपुत्रजस्ता प्रमुख हिमाली नदीको बहावमा ठूलो मात्रामा कमी आउन सक्छ ।' अहिलेको परिस्थितिले विपत्तिको मन्त्रणा गरेको पनि उनले बताए । 'तल्लो तटीय देश र समुदायहरू सदाका लागि मेटाइँदै छ । पानी र जमिनका लागि लाखौं मानिस भयंकर प्रतिस्पर्धाको चालमा छन् । र, विश्वव्यापी रूपमा बाढी, खडेरी र पहिरोको गति बढ्दै गएको छ,' गुटेरेसले भने, 'म आज संसारको छानाबाट करउन यहाँ आएको छु । पागलपन रोक्नुहोस् ।'

महासचिव गुटेरेसले हिमनदी हराउँदै गरेकोतर्फ पटक-पटक सचेत गराए । 'हामीले जीवाश्म इन्धन युगको अन्त्य गर्नुपर्छ,' उनले भने, 'हामीले अग्रपंक्तिमा रहेका मानिसलाई जोगाउन अब प्रयास गर्नुपर्छ । सबैभन्दा खराब जलवायु परिवर्तनको अराजकताबाट बच्न विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्रीमा सीमित गर्न प्रयास गरिहाल्नुपर्छ ।

संसारले पर्खन सक्दैन ।' महासचिव गुटेरेससँगै परराष्ट्रसचिव भरतराज पौड्याल, राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि लोकबहादुर थापा, परराष्ट्रको संयुक्त राष्ट्रसंघ हेर्ने महाशाखा प्रमुख सेवा लम्साल तथा राष्ट्रसंघका नेपालस्थित उच्च अधिकारी सगरमाथा क्षेत्र पुगेका थिए । उनी बिहानै नेपाली सेनाको हेलिकोप्टरमा सगरमाथा क्षेत्र गएका थिए । महासचिव गुटेरेसले सगरमाथा क्षेत्रबाट फर्केपछि नेपालस्थित संयुक्त राष्ट्रसंघीय कार्यालय पुल्चोक पुगेका थिए । उनले नेपालमा कार्यरत राष्ट्रसंघीय अधिकारी तथा अवकाशप्राप्त उच्च अधिकारीसँग सामूहिक भेट गरेका थिए ।

महासचिव गुटेरेस पोखरामा, आज अन्नपूर्ण आधार शिविर जाँदै

चारदिने नेपाल भ्रमणका लागि आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेस सोमबार पोखरा आएका छन् । उनी मंगलबार बिहान अन्नपूर्ण आधार शिविर जाने कार्यक्रम छ । महासचिव गुटेरेसले पोखराको प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य पुम्दीकोट पुगेर अवलोकन गरे । करिब आधा घन्टा पुम्दीकोटमा बिताएका उनले महादेवको विशाल मूर्तिसँगै यहाँबाट देखिने हिमाली दृश्यावलोकन गरे भने फेवातालसहित पोखराको अवलोकन गरेका थिए । साथै, महासचिव गुटेरेसले फेवातालमा नौका विहार गरेका छन् । कास्कीका प्रमुख जिल्ला अधिकारी घिमिरेका अनुसार मंगलबार बिहान गुटेरेस नेपाली सेनाको हेलिकोप्टरबाट ४,१३० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविर जानेछन् । आधार शिविरबाट पोखरा फर्केर उनी बिहानै लुम्बिनी जाने कार्यक्रम छ ।

लुम्बिनीबाट विश्वशान्तिको सन्देश दिने, प्रधानमन्त्रीले स्वागत गर्ने

मंगलबार बिहान पोखराबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि त्यहाँबाट हेलिकोप्टरमा लुम्बिनी पुग्नेछन् । महासचिव गुटेरेसलाई स्वागत गर्न प्रधानमन्त्री प्रचण्ड मंगलबार बिहानै भैरहवा आउने कार्यक्रम छ । महासचिवको भ्रमण अवधिभरका लागि सबै सुरक्षा निकाय परिचालन गरिएको छ । बिहान साढे ८ बजे लुम्बिनी पुग्ने महासचिव गुटेरेसलाई प्रधानमन्त्री प्रचण्ड, पर्यटनमन्त्री सुदन किराँती, लुम्बिनी प्रदेशका मुख्यमन्त्री दानबहादुर चौधरी, लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हयारक्याल लामालगायतको टोलीले स्वागत गर्नेछन् ।

गुटेरेसले आज संसद्मा सम्बोधन गर्ने, तयारी पूरा

गुटेरेसले मंगलबार संघीय संसद्को संयुक्त सभालाई सम्बोधन गर्ने कार्यतालिका पनि छ । आइतबार बसेको प्रतिनिधिसभा बैठकमा सभामुख घिमिरेले महासचिव गुटेरेसको सम्बोधनको सूचना सुनाएका थिए । सूचनाअनुसार उनले अपराह्न ४ बजे संयुक्त सभालाई सम्बोधन गर्नेछन् । सांसदहरूलाई औपचारिक पोसाकमा सम्बोधनको १५ मिनेटअगाडि सदनमा उपस्थित हुन भनिएको छ । उनी बुधबार कतारको दोहा भएर लन्डन हुँदै न्युयोर्क फर्किने कार्यक्रम छ ।

विपक्षी दलका...

पृष्ठ १ बाट क्रमशः

हुनेछ । समितिले प्रमुख दलका शीर्ष नेताहरू, प्रधानमन्त्री र गृहमन्त्रीसँग समेत परामर्श गरेर सर्वसम्मतिमा विधेयक पारित गरेको हुनाले दुवै सदनबाट सहजै पारित हुने सम्भावना छ । १६ वैशाख ०७६ मा नेपाल राजपत्रमा प्रकाशित भएको गृह मन्त्रालयको 'राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम' नै हालसम्म लागू छ । यो पूर्ण नभएको भन्दै राष्ट्रिय सभा सदस्यहरू गोपीबहादुर सार्की अछामी, तुलप्रसाद विश्वकर्मा, देवेन्द्र दाहाल, प्रकाश पन्थ, प्रमिला कुमारी, बेदुराम भुसाल, रमेशजंग रायमाझी र शेखरकुमार सिंहले सात महिनाअघि राष्ट्रिय मर्यादासम्बन्धी गैरसरकारी विधेयक दर्ता गरेका थिए । राष्ट्रिय सभाले १२ चैत ०७९ मा दफावार छलफलका लागि विधेयक विधायन समितिमा पठाएको थियो । समितिको सोमबार बसेको बैठकले छलफल सकेर प्रतिवेदन पारित गरेको हो । प्रतिवेदनलाई मंगलबार बस्ने राष्ट्रिय सभा बैठकमा पेस गर्ने तयारी रहेको समिति सभापति जयन्तीदेवी राईले जानकारी दिइन् । उनका अनुसार सर्वदलीय सहमति र गृहमन्त्रीको परामर्शमा आएको गैरसरकारी विधेयकमा समितिले गरेको संशोधनमा प्रचलित मर्यादाक्रम तलमाथि गरिएको छ ।

राष्ट्रिय सभाबाट पारित हुने चरणमा रहेको विधेयकमा प्रचलित मर्यादाक्रममा आठौं वरीयतामा रहेका प्रतिनिधिसभाका विपक्षी दलका नेतालाई सातौं नम्बरमा बढुवा गरिएको छ । यसअघि उपप्रधानमन्त्रीभन्दा तल रहेकोमा अब विपक्षी दलको नेतालाई उपप्रधानमन्त्री, संघीय मन्त्री, प्रदेश प्रमुखभन्दा माथि राखिएको छ । यसअघि सातौं वरीयतामा रहेका प्रदेश प्रमुखलाई आठौं वरीयतामा झारिएको छ । प्रदेशको मुख्यमन्त्रीलाई संघीय मन्त्रीभन्दा पछाडि राखिएको छ । यसैगरी, दर्ता विधेयकमा प्रधानन्यायाधीशलाई पाँचौं नम्बरमा धकेलिएकोमा विधायन समितिले संशोधन गरी पुनः चौथो वरीयतामै कायम गरेको छ । वरीयताक्रममा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीपछि अब प्रधानन्यायाधीश राखिएको छ । यसअघिको विधेयकमा प्रधानमन्त्रीपछि चौथोमा सभामुख र राष्ट्रिय सभा अध्यक्ष राखेर पाँचौंमा प्रधानन्यायाधीश राखिएको थियो । संविधानमै उल्लेखित चौथो वरीयता मिचेर विधेयक दर्ता हुँदा प्रधानन्यायाधीशसहित सर्वोच्चका न्यायाधीशहरूले सरकारसमक्ष असन्तुष्टि व्यक्त गरेका थिए । प्रचलित वरीयतामा पनि प्रधानन्यायाधीश चौथो रोलक्रममा छन् ।

विधायन समितिबाट पारित प्रतिवेदनअनुसार प्रचलित वरीयतामा आठौं स्थानमा रहेका संविधानसभाका अध्यक्ष, प्रतिनिधिसभाका पूर्वसभामुख, व्यवस्थापिका-संसद्को पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्षलाई सातौं वरीयतामा बढुवा गरिएको छ । छैटौं स्थानमा रहेका उपप्रधानमन्त्रीलाई आठौं झारिएको छ । आठौंमा रहेका पूर्वप्रधानन्यायाधीशलाई छैटौं स्थानमा अगाडि लगिएको छ । प्रचलित मर्यादामा आठौं स्थानमा रहेका नेपाल सरकारको मन्त्री, प्रदेश सरकारको मुख्यमन्त्री, प्रतिनिधिसभाको उपसभामुख, राष्ट्रिय सभाको उपाध्यक्ष, सत्तापक्षको संसदीय दलका उपनेता, नेपाल सरकारका पूर्वउपप्रधानमन्त्रीलाई नवौंमा झारिएको छ । आठौंमै भएको व्यवस्थापिका-संसद्का पूर्वसभामुख, प्रतिनिधिसभाका पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्षलाई सातौं स्थानमा अगाडि गरिएको छ ।

प्रदेश सभाको सभामुखलाई नवौं वरीयताबाट १०औं नम्बरमा झारिएको छ । नवौं स्थानमै रहेको सर्वोच्च अदालतको न्यायाधीशलाई ११औं स्थानमा घटुवा गरिएको छ । संघीय संसद्को विषयगत समितिको सभापतिको वरीयता एक स्थान घटुवा गरी १०औं कायम गरिएको छ । दलका प्रमुख सचेतकको पनि एक स्थान तल गरी १०औं वरीयता कायम गरिएको छ । यसअघि १०औं रहेको संघीय सांसदको वरीयता पनि एक स्थान तल झारेर ११औं कायम गरिएको छ । नवौं नम्बरमा रहेको संवैधानिक निकायका प्रमुखलाई ११औं नम्बरमा घटुवा गरिएको छ । नवौं नम्बरमै रहेको न्यायपरिषद्का सदस्य, महान्यायाधिवक्तालाई पनि ११औं नम्बरमै कायम गरिएको छ । १०औं नम्बरको उच्च अदालतका मुख्यन्यायाधीश, प्रदेश सरकारका मन्त्री र प्रदेश सभाका उपसभामुखलाई १२औं स्थानमा झारिएको छ । १०औं स्थानमा रहेका नेपाल सरकारका मुख्यसचिव र १२औं स्थानमा रहेका संघीय संसद्को महासचिव तथा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारलाई १३औं स्थानमा झारिएको छ ।

काठमाडौंका मेयर सात स्थान तल

१०औं वरीयतामै रहेका काठमाडौं महानगरपालिकाका मेयरलाई सात स्थान तल झारिएको छ । यसअघि प्रधानसेनापतिभन्दा अगाडिको वरीयतामा रहेका कामपा प्रमुखलाई विधायन समितिबाट पारित विधेयकमा उपरथी र एआइजीभन्दा अगाडि राखिएको छ । कामपा प्रमुख १७औं वरीयतामा घटुवा हुँदा प्रधानसेनापति तीन स्थान खस्किँदै १३औं स्थानमा पुगेका छन् । अन्य महानगरपालिका प्रमुखसमेत ११औं वरीयतामा रहेकोमा अब उनीहरूलाई पनि कामपा समान १७औं स्थानमा झारिएको छ । यसअघि कामपाभन्दा तीन स्थान तल १३औं वरीयतामा रहेको दुवै प्रहरीको आइजिपी र अनुसन्धानको मुख्य निर्देशकलाई १६औं स्थानमा झारिएको छ । यद्यपि, अब कामपा प्रमुखभन्दा एक स्थान माथि हुनेछन् । १३औं स्थानकै उपमहानगरपालिका प्रमुख र १५औं स्थानको नगरपालिका प्रमुखलाई समान १८औं वरीयतामा झारिएको छ । १४औं स्थानको उच्च अदालतका न्यायाधीश र मुख्य न्यायाधिवक्तालाई १७औं वरीयतामा तल राखिएको छ । १६औं स्थानमा रहेका गाउँपालिकाका अध्यक्ष, जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी (सहसचिव)लाई १९औं वरीयतामा झारिएको छ ।

अब शिक्षकको पनि मर्यादा

अहिलेको राष्ट्रिय मर्यादामा विश्वविद्यालयका पदाधिकारीदेखि सहायक प्राध्यापकसम्म रहेकोमा अब माध्यमिक तहका शिक्षकलाई पनि राखिएको छ । विश्वविद्यालयका प्राध्यापकको मर्यादाक्रम १७औं स्थान, सहप्राध्यापक र माध्यमिक तहको प्रथम श्रेणीका शिक्षकको मर्यादाक्रम १९औं स्थानमा राखिएको छ । विश्वविद्यालयका उपप्राध्यापक र माध्यमिक तह द्वितीय श्रेणीका शिक्षकलाई २०औं र सहायक प्राध्यापक र तृतीय श्रेणीका शिक्षकलाई २१औं स्थानमा राखिएको छ ।

यस्तो छ...

पृष्ठ १ बाट क्रमशः

प्रदेश मन्त्री, प्रदेश सभाका उपसभामुख, संघीय पूर्वराज्यमन्त्री, पूर्वसहायक मन्त्री, प्रदेश सभाका पूर्वसभामुख, संविधान सभाका सदस्य, पूर्वसांसद

१३. नेपाल सरकारका मुख्य सचिव, संघीय संसद्को महासचिव, सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार, प्रधानसेनापति

१४. प्रदेश सभाको विपक्षी दलका नेता, प्रदेश सभाको सत्तापक्ष दलका उपनेता, प्रदेश सभाको विपक्षी दलका उपनेता, प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य दलका नेता, प्रदेश सभाको विषयगत समितिका सभापति, प्रदेश सभाका मुख्य सचेतक, प्रदेश सभाको विपक्षी दलका प्रमुख सचेतक, प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य दलका प्रमुख सचेतक, प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलका सचेतक, नेपाल राष्ट्र बैंकका गभर्नर, राष्ट्रिय योजना आयोगका सदस्य, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति, केन्द्रीय विश्वविद्यालयका कुलपति र सहकुलपति (प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने विश्वविद्यालयबाहेक), विश्वविद्यालयका उपकुलपति

१५. प्रदेश सरकारका राज्यमन्त्री, प्रदेश सरकारका सहायक मन्त्री, प्रदेश सभा सदस्य, प्रदेश लोकसेवा आयोगका अध्यक्ष, प्रदेश सरकारका पूर्वमन्त्री, प्रदेश सभाका पूर्वउपसभामुख

१६. नेपाल सरकारका सचिव एवं राजपत्रांकित विशिष्ट श्रेणी वा सोसरहको अधिकृत, प्रतिनिधिसभाका सचिव, राष्ट्रिय सभाको सचिव, प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सभाका सचिव, राष्ट्र गौरव पाउने महानुभाव, नेपाली राजदूत, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, नेपालस्थित संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, प्रदेश लोकसेवा आयोगका सदस्य, रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक

१७. उच्च अदालतका न्यायाधीश, मुख्य न्यायाधिवक्ता, प्रदेश योजना आयोगका उपाध्यक्ष, जिल्ला समन्वय समितिका प्रमुख, महानगरपालिका प्रमुख, नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति, विश्वविद्यालयका प्राध्यापक, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त अनुसन्धान निर्देशक, प्रदेश योजना आयोगका सदस्य, प्रदेश सरकारका पूर्वराज्यमन्त्री, प्रदेश सरकारका पूर्वसहायक मन्त्री, प्रदेश सभाका पूर्वसदस्य

१८. जिल्ला समन्वय समितिका उपप्रमुख, जिल्ला समन्वय समितिका सदस्य, उपमहानगरपालिका प्रमुख, महानगरपालिका उपप्रमुख, नगरपालिका प्रमुख, उपमहानगरपालिका उपप्रमुख

१९. सहायक रथी, प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक, गाउँपालिका अध्यक्ष, नगरपालिका उपप्रमुख, नेपाल सरकारका सहसचिव एवं राजपत्रांकित प्रथम श्रेणी वा सोसरहका अधिकृत, प्रदेश सरकारका सचिव, जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी (राजपत्रांकित प्रथम श्रेणी), नेपालस्थित विदेशी कन्सुलर जनरल, विश्वविद्यालयका सहप्राध्यापक, महासेनानी, प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक, प्रदेश सरकार तथा स्थानीय तहबाट नियुक्त राजपत्रांकित प्रथम श्रेणीको तहमा कार्यरत अधिकृत, माध्यमिक तह प्रथम श्रेणीका शिक्षक, सार्वजनिक संस्थानका प्रमुख कार्यकारी

२०. गाउँपालिका उपाध्यक्ष, नेपाल सरकारका उपसचिव एवं राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहका अधिकृत, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक, विश्वविद्यालयका उपप्राध्यापक, सेनानी, प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनुसन्धान अधिकृत, प्रदेश सरकार तथा स्थानीय तहले नियुक्त गरेको राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहको तहमा कार्यरत अधिकृत, माध्यमिक तह द्वितीय श्रेणीका शिक्षक

२१. नेपाल सरकारका शाखा अधिकृत एवं राजपत्रांकित तृतीय श्रेणी वा सोसरहका अधिकृत, सहसेनानी, विश्वविद्यालयका सहायक प्राध्यापक, प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, उपसेनानी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत, वडाध्यक्ष, प्रदेश सरकार वा स्थानीय तहले नियुक्त गरेको राजपत्रांकित तृतीय श्रेणी वा सोसरहको तहमा कार्यरत अधिकृत, माध्यमिक तह तृतीय श्रेणीको शिक्षक, सहायक सेनानी

क्षेत्राधिकार...

पृष्ठ १ बाट क्रमशः

रिटमा उक्त स्थानमा फोहोर फालिँदा आफूहरूलाई कठिनाइ भएको भन्दै उक्त कार्य रोक्न आदेश माग गर्दै स्थानीय उच्च अदालत पुगेका थिए । त्यस्तै, १० असोजमा पूर्वअरनिको यातायात कम्पनीले जडीबुटीमा सञ्चालन गरेको बसपार्क विवाद पनि उच्च अदालत पुग्यो । १४ रोपनी जग्गा भाडामा लिई कम्पनीले बसपार्क सञ्चालन गर्ने तयारी गरिरहँदा काठमाडौं महानगरले उक्त बसपार्क भत्काउन थालेपछि यो विषय अदालत पुगेको हो । निर्माण कम्पनीले १० असोजमा उच्च अदालत पाटनमा रिट दर्ता गराएको थियो ।

सामान्यतया रिटहरू सर्घै सर्वोच्च अदालतमा दर्ता हुने गरेकोमा पछिल्लो समय उच्च अदालतमा पनि रिटहरूको संख्या बढ्दो छ । उपत्यकाभित्रै विभिन्न विषयमा रिट हाल्दा निवेदकहरू उच्च अदालत पाटन पुग्ने गरेका छन् । महत्त्वपूर्ण संवैधानिक विषयमा सर्वोच्चबाट व्याख्या हुँदै आएकोमा उच्च अदालतहरूबाट पनि विभिन्न विषयमा महत्त्वपूर्ण फैसला तथा रिटहरूमाथि आदेश हुने गरेका छन् ।

नेपालको संविधानमा उच्च अदालतलाई पनि विभिन्न महत्त्वपूर्ण आदेश जारी गर्ने अधिकार दिइएको छ । धारा १४४(१)मा उच्च अदालतको अधिकार क्षेत्रबारे भनिएको छ, 'यस संविधानद्वारा प्रदत्त मौलिक हकको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानुनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ ।' यस प्रयोजनका लागि उच्चले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत उपयुक्त आदेश जारी गर्न सक्छ । सर्वोच्चलाई यी सबै किसिमका रिटमा आदेश गर्न सक्ने अधिकार छ ।

पहिले प्रायः सर्वोच्च अदालतमा मात्र रिट दर्ता हुने गरेकोमा पछिल्लो समय उच्च अदालतमा रिट पर्ने क्रम बढेको छ । वरिष्ठ अधिवक्ता खगेन्द्र अधिकारी संघीयता लागू भएसँगै न्याय प्रशासन ऐन, २०७३ ले उच्च अदालतको क्षेत्राधिकार बढाएको र रिट पर्ने क्रम पनि बढेको बताउँछन् ।

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्राङगारिक मल उत्पादन केन्द्र साझेदारीमा स्थापनाका लागि प्रस्ताव पेश गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०७/१४ गते)

यस गण्डकी गाउँपालिका, गोरखाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक योजना अन्तर्गत विशेष अनुदानतर्फ प्राङगारिक मल उत्पादन, अर्गानिक खेती प्रबर्दन तथा प्रशोधन केन्द्र निर्माण सम्बन्धी बजेट प्राप्त भएको हुदाँ सो बमोजिम गाउँपालिकासँग आर्थिक तथा प्राविधिक साझेदारीमा गण्डकी गाउँपालिका वडा नं ८, घ्याल्चोकमा प्राङगारिक मल उत्पादन एवं बिक्री वितरण गर्न इच्छुक गण्डकी गाउँपालिका भित्र तथा बाहिरका कृषि सहकारीहरु, निजी संस्थाहरु एवं अन्य सामुदायिक संस्थाहरुलाई यस सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र संक्षिप्त प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । प्रस्ताव यस गाउँपालिकाको ईमेल ठेगाना gandakirm@gmail.com मा पठाउन सकिनेछ वा गाउँपालिकाको कार्यालयमा उपस्थित भई दिन सकिनेछ । थप जानकारीका लागि यस गाउँपालिकाको सम्पर्क नं ९८५६०१०९७६ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ग्लोबल आइएमई बैंक लिमिटेडको
लकर सेवा स्थानान्तरण सम्बन्धी अत्यन्त जरूरी सूचना

यस ग्लोबल आइएमई बैंक लि. को काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ के.एल. टावर स्थित चाबहिल शाखा कार्यालयबाट प्रदान गरिदै आएको लकरको सेवा मिति २०८० कात्तिक २६ गते आईतबार देखि काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ चाबहिल सेन्ट्रल प्लाजामा रहेको भवनको पहिलो तल्लाबाट प्रदान गरिने हुँदा लक

■ आइसिसी टी-२० विश्वकप छनोट

नेपालको सानदार सुरुवात

कुशल भुर्तेलले ४८ बलमा आठ चौका र दुई छक्का प्रहार गरेपछि नेपालले आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटको पहिलो खेलमा सिंगापुरलाई ८ विकेटले हरायो

रमेश सुवेदी/नयाँ पत्रिका

कुशल भुर्तेलको सानदार अर्धशतकको सहयोगमा नेपालले आइसिसी टी-२० विश्वकपअन्तर्गत एसिया छनोटमा सिंगापुरमाथि ८ विकेटको जित निकालेको छ। कीर्तिपुरमा सोमबार भएको खेलमा नेपाल ब्याटिङ, बलिङ र फिल्डिङ सबैमा अब्बल देखियो। त्रिभुवन विश्वविद्यालयको मैदानमा एक सय ४६ रनको लक्ष्य पछ्याएको नेपालले १६.३ ओभरमा केवल दुई विकेट गुमाएर जित निकालेको थियो। पहिलो ब्याटिङ गरेको सिंगापुरले २० ओभरमा नौ विकेट गुमाएको थियो। नेपालले इनिङ्स सकिन २१ बलआघि नै जित निकाल्यो। ओपनर कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि अर्धशतकीय साझेदारी गरेका थिए। खेलका म्यान अफ दी म्याच चुनिएका ओपनर भुर्तेलले ७४ रन बनाए।

उनले ४८ बलमा आठ चौका र दुई छक्का प्रहार गरेका थिए। आसिफले २६ बलमा दुई चौका र एक छक्का प्रहार गरेका थिए। दुवै ओपनरले पहिलो विकेटका लागि ९.१ ओभरमा ८४ रनको साझेदारी गर्दै नेपालको जित आधार तयार पारे। कप्तान रोहितकुमार पौडेलले नटआउट रही २४ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३५ रन बनाए। जितसँगै नेपालले समूह 'ए'मा दुई अंक जोडेको छ। सिंगापुरले हारबाट प्रतियोगिता सुरु गऱ्यो। अब नेपालले आज मलेसियासँग खेल्नेछ। समूहको अन्तिम खेल १६ कात्तिकमा ओमानसँग हुनेछ। म्यान अफ दी म्याच भुर्तेलले सहज जित निकाल्दा खुसी जनाए।

'सहज जित निस्किyo, खेलबाट निकै खुसी छु, यसमा पनि मैले अर्धशतक बनाउन सकेँ,' आक्रामक ब्याटिङ गरेका भुर्तेलले खेलपछि भने, 'मलेसियाविरुद्ध पनि यही उत्साहका साथ खेल्नेछौँ, हाम्रो लक्ष्य विश्वकप छनोट हुने हो, प्रत्येक खेल राम्रो खेल्नुपर्छ।' नेपालको जितमा महत्त्वपूर्ण योगदान गरेका भुर्तेलले अन्तर्राष्ट्रिय टी-२० करिअरकै सातौँ अर्धशतकीय इनिङ्स खेल्न सफल भए। गत साता त्रिकोणात्मक टी-२० सिरिजको युएईविरुद्ध पनि उनले अर्धशतकीय इनिङ्स खेलेका थिए। नेपालको जितका लागि चार रन चाहिएको समय उनी छक्का प्रहार गर्ने क्रममा लङअफमा क्याच आउट भए।

नेपालको जितमा कुशल मल्लले विजयी छक्का प्रहार गरेका थिए। सिंगापुरका अनन्था कृष्णा र अक्ष पुरीले समान एक विकेट लिए। आइसिसी टी-२० विश्वकप छनोटमा नेपालसहित कुल आठ टिम सहभागी छन्। दुई समूहमा चार-चार टोली रहेका छन्। समूह 'ए'का सबै खेल त्रिवि मैदानमा हुनेछन्। यो समूहमा आयोजक नेपालसहित सिंगापुर, मलेसिया र ओमान छन्। समूह 'बी'का सबै खेलसहित सेमिफाइनल मूलपानी माथिल्लो मैदानमा हुनेछ। प्रत्येक समूहबाट शीर्ष दुई टोलीले सेमिफाइनल स्थान बनाउनेछन्। फाइनल पुग्ने दुई टोलीले टी-२० विश्वकपमा स्थान पक्का गर्नेछन्।



सिंगापुरविरुद्ध अर्धशतकीय इनिङ्स खेलेपछि नेपालका ओपनर कुशल भुर्तेल। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

दीपेन्द्रसिंह ऐरी घाइते

अभ्यासका क्रममा घाइते भएका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले जारी प्रतियोगिता खेल्ने वा नखेल्ने निश्चित भएको छैन। नेपाल क्रिकेट संघ (क्यान) ले उनको स्थानमा विवेक यादवलाई खेलाएको थियो। क्यानले ऐरीको सम्बन्धमा आधिकारिक धारणा राखेको छैन। दीपेन्द्र उपचारपछि बैसाखीको सहायतामा मैदान फर्किएका थिए। नेपाली टोलीमा उनी ब्याटिङ, बलिङ र फिल्डिङमा विश्वासिला खेलाडीका रूपमा रहेका छन्। दीपेन्द्रसिंहले पछिल्लो समयमा टी-२० मा नेपालका लागि उत्कृष्ट योगदान दिँदै आइरहेका छन्। गत साता भएको त्रिकोणात्मक सिरिजमा युएई र हङकङविरुद्ध उत्कृष्ट खेल देखाएका थिए।

सिंगापुरको सम्मानजनक लक्ष्य

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको सिंगापुरको इनिङ्समा ओपनर रोहन रंगराजनले सर्वाधिक ४६ रन बनाए। उनले ३० बलमा ९ चौका र एक छक्का प्रहार गरेका थिए। आर्यवीर चौधरीले २३ बलमा ३३ रन र विकेटकिपर मानप्रित सिंहले २६ बलमा २४ रनको योगदान गरे। अन्य ब्याट्समान्यले गतिलो योगदान दिन सकेनन्।

ओपनर तथा कप्तान अरित्रा दत्त, चौथो नम्बरका अमात्य कौल र अनान्था कृष्णा डकआउट भएका थिए। सिंगापुरको इनिङ्समा सुरेन्द्र र रोहनले दोस्रो विकेटका लागि ५२ रनको साझेदारी गरेका थिए। छैटौँ विकेटका लागि चौधरी र मानप्रितबीच ४८ रनको साझेदारी भएको थियो।

नेपालका लागि तीन बलरले समान दुई विकेट हात पारे। तीव्र गतिका बलर अभिनाश बोहराले चार ओभरमा तीन विकेट लिएका हुन्। उनले चार ओभरमा एक मेडनसहित ४३ रन खर्चिए। पहिलो ओभरमा उनले २२ रन खर्चिएका थिए। यसबाहेक करण केसी, गुल्सन झासहित लेग स्पिनर सन्दीप लामिछानेले समान दुई विकेट झारे। चार ओभरमा २१ रन खर्चिएका सोमपाल कामी विकेटविहीन भए। टी-२० विश्वकपमा फर्किएका सन्दीपले चार ओभरमा १८ रन खर्चेका थिए।

युएईले बहराइनलाई हरायो

छनोट प्रतियोगिताअन्तर्गत मूलपानी मैदानमा भएको खेलमा युएईले बहराइनलाई पाँच विकेटले हराएको छ। बहराइनले दिएको एक सय ३६ रनको लक्ष्य युएईले १८.२ ओभरमा पाँच विकेट गुमाउँदै भेट्टाएको हो। जितसँगै युएईले प्रतियोगितामा दुई अंक जोडेको छ। युएईका अली नासिरले सर्वाधिक ४८ रन बनाए। उनले २६ बलमा चार चौका र तीन छक्का प्रहार गरे। आशिफ खानले २३ रन, कप्तान मोहम्मद वसिमले ११ रन र बसिल अहमदले ११ रन जोडेका थिए। टस हारेर पहिला ब्याटिङ गरेको बहराइनले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ३५ रनको योगफल बनाएको थियो। बहराइनका लागि हैदर बुट्टले सर्वाधिक ५९ रन बनाए। उनले ४३ बलमा पाँच चौका र दुई छक्का प्रहार गरे। सोहिल अहम्मदले २८ र जुनेद अजिजले २५ रन बनाए। युएईका जुनेद सिद्दिगी र आयान अफजल खानले समान दुई विकेट लिएका थिए।

हङकङको रोमाञ्चक जित

मूलपानी मैदानमा समूह 'बी'अन्तर्गत भएको खेलमा हङकङले कुवेतमाथि १६ रनको रोमाञ्चक जित निकालेको छ। पहिलो ब्याटिङ गरेको हङकङले २० ओभरमा ६ विकेट गुमाएर एक सय ६६ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा कुवेतले २० ओभरमा आठ विकेटको नोक्सानीमा एक सय ५० रन जोडेको थियो। हङकङका लागि मार्टिन कोएटेजले ४८ बलमा ८१ रनको योगदान दिएका थिए। बाबर हयातले २७ बलमा ३१ रन बनाए। कुवेतको ब्याटिङमा मोहमद अस्लामले ३९ बलमा ५२ रन बनाए। विलालले २६ बलमा ३६ रन जोडे। हङकङका बलर अजिजा खानले ३० रन खर्चेर चार विकेट लिए।

ओमानसँग मलेसिया पराजित

यसैगरी, समूह 'ए'को खेलमा उपाधि दाबेदार ओमानले मलेसियामाथि ३२ रनको जित निकालेको छ। त्रिवि मैदानमा पहिलो ब्याटिङ गरेको ओमानले २० ओभरमा ६ विकेटको नोक्सानीमा एक सय ५३ रन बनाएको थियो। प्रत्युत्तरमा मलेसियाले २० ओभरमा आठ विकेटको क्षतिमा एक सय २१ रन बनायो। ओमानका लागि सिजहान मक्सुदले ३६ बलमा ५६ रनको नटआउट इनिङ्स खेले। मलेसियाका अनुभवी खेलाडी भिरन्दिप सिंहले सर्वाधिक ५७ रन बटुलेका थिए।

खेल संक्षेप

लुम्बिनीमा क्यामरुनका स्ट्राइकर स्टेफन

काठमाडौं/ बुटवल लुम्बिनी फुटबल क्लबले दोस्रो नेपाल सुपर लिगका लागि क्यामरुनका स्ट्राइकर स्टेफन समिर बिनोङलाई क्लबमा अनुबन्ध गरेको छ। पहिलो सिजनमा स्टेफनले काठमाडौं रेजर्सबाट खेलेका लिए। काठमाडौंले पहिलो सिजनमै उपाधि जित्दा स्टेफनको योगदान उत्कृष्ट रहेको थियो। उनले सहिद स्मारक 'ए' डिभिजन लिगमा खुमलटारबाट खेल्दै १० गोल गरेका थिए। 'बुटवल लुम्बिनी क्लबबाट नेपाल सुपर लिग खेल्न पाउँदा उत्साही छु,' स्टेफनले भनेका छन्, 'क्लबलाई च्याम्पियन बनाउन सक्दो सहयोग गर्नेछु।' स्टेफन बिनोङले ०७८ सालको सहिद स्मारक 'ए' डिभिजन लिग भने एनआरटीबाट खेल्दा तीन गोल गरेका थिए। पहिलो सिजनको नेपाल सुपर लिगमा काठमाडौंबाट खेल्दा उनले तीन गोल गरेका थिए। नेपाल सुपर लिग ८ मंसिरबाट सुरु हुनेछ। बुटवल लुम्बिनीले ९ मंसिरमा ललितपुर सिटी एफसीसँग खेल्नेछ। यसअघि बुटवल लुम्बिनी क्लबले नेपाल सुपर लिगका लागि आइभरी कोस्टको उमेरसमूहको राष्ट्रिय टोलीबाट खेलिसकेका गोलरक्षक क्वासी क्रिस्टयनलाई पनि क्लबमा अनुबन्ध गरेको थियो।

कोहलपुर गोल्डकप बुधबारबाट

काठमाडौं/ लुम्बिनी प्रदेशको बाँकेमा मुख्यमन्त्री कोहलपुर गोल्डकप खेलकुद प्रतियोगिता बुधबारदेखि सुरु हुने भएको छ। २२ कात्तिकसम्म चल्ने प्रतियोगितामा नेपालका सात ए डिभिजन क्लबसँगै क्यामरुनको एभिनियरले भाग लिने कोहलपुर रेसिङ साहारा क्लबका अध्यक्ष चक्र क्षेत्रीले जानकारी दिएका छन्। 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड, गोर्खा ब्वाइज स्पोर्टस् बुटवल, सुदूरपश्चिम ११, स्पोर्टस् क्लब धनगढी, त्रिभुवन आर्मी, कोहलपुर रेसिङ साहारा, चितवन क्लब, एभिनियर क्यामरुन र दुधौली स्पोर्टस् क्लब सिन्धुली गरी आठ टिम सहभागी हुनेछन्। प्रतियोगितामा पहिलो हुनेले आठ लाख र उपविजेताले चार लाख रुपैयाँ पाउनेछन्।

रुबियल्समाथि तीन वर्ष प्रतिबन्ध

म्याड्रिड/ स्पेनिस फुटबल संघका पूर्वअध्यक्ष लुइस रुबियल्समाथि फुटबलसम्बन्धी गतिविधिमा सहभागी हुन तीन वर्षको प्रतिबन्ध लागेको छ। अस्ट्रेलियामा भएको महिला फिफा विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा इंग्ल्यान्डलाई १-० ले हराएर स्पेनले पहिलोपटक उपाधि जितेको थियो। उपाधि जितेको खुसी मनाउने क्रममा स्ट्राइकर जेनिफर हेर्मोसलाई चुम्बन गरेपछि रुबियल्स विवादमा परेका थिए। तर, उनले सुरुमा राजीनामा दिन अस्वीकार गरेका थिए।

अहिले फिफाले नै तीन वर्षसम्म फुटबलसम्बन्धी सम्पूर्ण गतिविधिमा प्रतिबन्ध लगाएको हो। सोमबार फिफाले अनुशासनसम्बन्धी नियम उल्लंघन गरेको आरोपमा उनीमाथि तीनवर्षे प्रतिबन्धको निर्णय लिएको हो।

■ आइसिसी एकदिवसीय विश्वकप- २०२३

अफगानिस्तानसँग पूर्वविजेता श्रीलंका स्तब्ध

पुने/ एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा अफगानिस्तानले पूर्वविजेता श्रीलंकामाथि सात विकेटको सानदार जित निकालेको छ। चालू विश्वकपमा अफगानिस्तानले पूर्वविजेताद्वय इंग्ल्यान्डलाई ६९ रन र पाकिस्तानमाथि आठ विकेटको जित निकालेको थियो। विश्वकपको ३४औँ खेलमा जित निकालेको अफगानिस्तान अंक तालिकाको पाँचौँ स्थानमा उक्लेको छ। अफगानिस्तानले ६ खेलमा तीन जितका साथ ६ अंक जोडेको छ। श्रीलंका चार अंकका साथ छैटौँ स्थानमा झरेको छ।

पुने रंगशालामा सोमबार भएको खेलमा श्रीलंकाले दिएको दुई सय ४२ रनको लक्ष्य अफगानिस्तानले ४५.२ ओभरमा तीन विकेटको क्षतिमा पूरा गरेको थियो। अजमुतुल्लाह आजाई र हसमुतुल्लाह साहिदीले चौथो विकेटका लागि एक सय चार बलमा एक सय ११ रनको नटआउट साझेदारी गरेपछि अफगानिस्तानले श्रीलंकालाई निराश पारेको हो। अजमुतुल्लाहले ६३ बलमा ६ चौका र तीन छक्का प्रहार गरी ७३ रन बनाए। साहिदीले ७४ बलमा ५८ रन जोड्न दुई चौका र एक छक्का प्रहार गरेका थिए।

पहिलो ब्याटिङ गरेको श्रीलंकाले अफगानिस्तानविरुद्ध गतिलो ब्याटिङ गर्न सकेन। सातौँ क्रमका ब्याट्समान्यले दोहोरो रन बनाए पनि अर्धशतकीय इनिङ्स खेल्न सकेनन्। ओपनर पथुम निसांका र दिमुथ करुनारत्नेले पहिलो विकेटका लागि ५.२ ओभरमा २२ रनको साझेदारी गरेका थिए। दिमुथले २१ बलमा १५ रन जोडे। कप्तान कुशल मेन्डिस र निसांकाले दोस्रो विकेटका लागि ६२ रनको साझेदारी गरेका थिए। निसांकाले ६० बल सामना गरी पाँच चौकाको सहयोगमा ४६ रन जोडेका थिए।



कुशल र सदिरा

समाराविक्रमाले तेस्रो विकेटका लागि ५० रनको अर्धशतकीय साझेदारी इनिङ्स खेल्दै श्रीलंकालाई २७.४ ओभरमा १३४/३ को स्थितिमा राखे। कुशलले ५० बलमा ३९ रन र सदिराले ४० बलमा ३६ रन जोडे। मध्यक्रममा एन्जेलो म्याथ्युसजले २६ बलमा समान एक चौका र छक्का प्रहार गरी २३ रन बनाएका थिए। महिश थिसनाले ३१ बलमा तीन चौका र एक छक्काको सहयोगमा २९ रन बनाए।

अफगानिस्तानको बलिङमा फजल्हक फारुकले १० ओभरमा ३४ रन खर्चेर सर्वाधिक चार विकेट लिए। मुजिब उर रहमानले ३८ रनमा दुई विकेट हात पारे। रसिद खान र ओमाजैले समान एक विकेट लिए।

पाकिस्तानका प्रमुख छनोटकर्ताले दिए राजीनामा

पाकिस्तान क्रिकेट टोलीका प्रमुख छनोटकर्ता इन्जमाम उलहकले सोमबार पदबाट राजीनामा दिएका छन्। भारतमा चलिरहेको एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा पाकिस्तानले खराब नतिजा निकालेपछि इन्जमामले राजीनामा दिएका हुन्। खेलाडीहरूको व्यवस्थापनसँग सम्बन्धित कम्पनीमा साझेदार रहेको उनीमाथि आरोप लागेको थियो। पाकिस्तानी टेलिभिजन समा टिभीको 'जोर का जोर' कार्यक्रममा अन्तर्वार्ता दिने क्रममा इन्जमामले आरोपपछि आफू पाकिस्तान क्रिकेट बोर्डमा गएको र आरोपमाथि छानबिन गर्न आग्रह गरेको बताएका छन्। बोर्डले इन्जमाममाथिको आरोपको छानबिन गर्न पाँच सदस्यीय टोलीको समिति गठन गरेको छ।

अंक तालिका

देश	खेल	जित	हार	अंक
भारत	६	६	०	१२
दक्षिण अफ्रिका	६	५	१	१०
न्युजिल्यान्ड	६	४	२	८
अस्ट्रेलिया	६	४	२	८
अफगानिस्तान	६	३	३	६
श्रीलंका	६	२	४	४
पाकिस्तान	६	२	४	४
नेदरल्यान्ड्स	६	२	४	४
बंगलादेश	६	१	५	२
इंग्ल्यान्ड	६	१	५	२

Invitation for Bids
Gandaki Provincial Government
Ministry of Social Development and Health
Health Directorate
Damauli Hospitali, Tanahun

Invitation for Electronic Bids

Date of publication: 2080/07/14

1. Gandaki Provincial Government, Ministry of Social Development And Health, Health Directorate, Damauli Hospital, Tanahun, has received a fund from Damauli Hospital management committee towards the cost of *Procurement of* ***Lab Reagent of Erba Xl-200 and Clia900i*** and intends to apply part of the fund to cover eligible payments under the Contract for *IFB No:* **as Mention below:**
2. The Gandaki Provincial Government, , Ministry of Social and Health, Health Directorate, Damauli Hospital, Tanahun, invites electronic bids from eligible bidders for the procurement of ***Lab Reagents to be delivered at Damauli Hospital Tanahun under national competitive bidding procedure specified in the Public Procurement Act and regulation.***
3. Intrested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Damauli Hospital,*** Gandaki Province, Telephone: 065565603, E-mail: damaulihospital2068@gmail.com, wesite: damaulihospital.gandaki.gov.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidding documents are available on online and can be downloaded from e-GP system: https://bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

Information to deposit the cost of bidding document in Bank:

- Name of Office : **Damauli Hospital**
- Rajaswa (revenue) title no. : **14229**
- Rajaswa (Revenue) account no : **27302000001001000001**
- Bank Name : **Nepal Bank**
- Security deposit (Dharauti) Acc No : **kha 2.3- pa le ni ka Dharauti Khata No 06002000002003000001**
- Office code no : **3500938014**

5. Interested Bidder shall submit the Electronic Bids through https://bolpatra.gov.np/egp to the afore mentioned office of Damauli Hospital, through https://bolpatra.gov.np/egp on or before 1:00 PM, 2080/8/04
6. The bids will be opened in the presence of Bidders' representatives at 3:00 PM, 2080/08/4 at ***Damauli Hospital***. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum amount of bids mentioned below, which shall be valid for 15 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject any or all the bids without assigning reason, whatsoever. Any intimidation, collusion and curtailing during bidding process shall be punishable by law.
9. The name and identification of the contract are as follows:

S. N.	Contract Identification	Description	units	Bid Document Fee	Bid Security Amount (NRs)
1	DH/NCB/ 10/080/081	Procurement Of Laborotary Reagent Erba-XL-200	As per BOQ	3000	29,847.53/- (Twenty nine thousand eight hundred forty seven rupees five three paisa only)
2	DH/NCB/ 11/080/081	Procurement of Laborotary Reagent for Clia-900i	As per BOQ	3000	29,333/-(Twenty nine thousand three hundred thirty three only)

Damauli Hospital, Tanahun

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology
Babarmahal, Kathmandu

Re-Invitation for EOI and Sealed Quotation

Date: 31-10-2023 12:00

The Department of Hydrology and Meteorology now re-invites the (1) electronic Expression of Interest (EOI for Consulting services on "Maintenance of Telemetry Equipment Used For Flood Forecasting & Hosting Data on Website (DHM/HD/C/EOI/08-2080/81)" and (2) Sealed quotations from registered contractors for the "Improvement of DHM Building including Civil, Interior and Parking (DHM/W/SQ/02-2080/81) (Estimated amount for the works (in NRs.) is 1,723,661.28 (Exclusive of VAT)). Interested eligible consultants/ contractor may obtain further information via e-GP system www.bolpatra.gov.np/egp.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com